# मकवानपुरको हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.)
दोस्रो वर्षको दसौँ पत्र (५१०-६) को
प्रयोजनका लागि प्रस्तुत

**अध्ययन पत्र**

निर्देशक
**प्रा. डा. नारायणप्रसाद खनाल**


अध्ययनार्थी
**हेम बहादुर विश्वकर्मा**
रजिस्ट्रेसन नं. ९-२-२४३-१०-९८
रोल नं.:- ९५६०००१

नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन


२०६८

# निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत **मकवानपुरको हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरुको सङ्कलन र अध्ययन** शीर्षकको अध्ययनपत्र हेमबहादुर विश्वकर्माले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत अध्ययन कार्यसँग म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन सिफारिस गर्दछु ।

मिति: २०६८/०९/०१

.........................................

डा. नारायणप्रसाद खनाल

प्राध्यापक

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**नेपाली विभाग**

# त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा सामाजिक शास्त्र सङ्काय

## वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

### भरतपुर, चितवन

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका अध्ययनार्थी हेमबहादुर विश्वकर्माले नेपाली स्नातकोत्तर तह (एम.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **मकवानपुरको हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरुको सङ्कलन र अध्ययन** शीर्षकको अध्ययनपत्र स्वीकृत गरिएको छ ।

# मूल्याङ्कन समिति

प्रा. डा. नारायणप्रसाद खनाल

प्राध्यापक तथा विभागीय प्रमुख ______________ हस्ताक्षर

प्रा. डा. नारायणप्रसाद खनाल

प्राध्यापक तथा विभागीय प्रमुख ______________ हस्ताक्षर

....................................

बाह्यपरीक्षक ______________ हस्ताक्षर

मिति : २०६८/९/९

# कृतज्ञता ज्ञापन

लोककथा लोकसाहित्यको उर्वर विधा हो । यसले सदियौंदेखि आफ्नो पहिचान कायम गरेकै छ । लोककथाले सम्पूर्ण मानवजातिको हितको निम्ति महत्त्व राखे पनि कतिपय व्यक्तिहरूमा लोककथा गुप्त रूपमा रहेको छ । मकवानपुर जिल्लाको हर्नामाडी गा.वि.स. मा पनि अझसम्म कसैबाट लोककथाको अध्ययन हुन नसकिरहेकोले यहाँ प्रचलित लोककथाहरू र कथावाचकहरूलाई चिनाउँदा लोककथाको उत्खननमा सानै भए पनि सहयोग मिल्ने ठानेर यो अध्ययनपत्र तयार गरेको हुँ ।

मकवानपुर जिल्लाको हर्नामाडी गा.वि.स.मा प्रचलित 'लोककथाहरूको सङ्कलन र अध्ययन' शीर्षकको प्रस्तुत अध्ययनपत्र मैले हर्नामाडी गा.वि.स.का नौ वटै वडाहरूमा भ्रमण गरेर लोककथाहरू सङ्कलन गरी तयार पारेको हुँ । प्रस्तुत अध्ययनपत्र तयार गर्ने कार्यमा विभिन्न महानुभावहरूले मनग्य सहयोग पुऱ्याउनु भएको छ । यो अध्ययनपत्र तयार पार्न आवश्यक निर्देशन र जीवनोपयोगी सल्लाह एवं भाषागत शुद्धाशुद्धिमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने वीरेन्द्र वहुमुखी क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालप्रति मुक्तकण्ठले आभार प्रकट गर्दछु । यस्तै गरी प्रस्तुत अध्ययनपत्र तयार गर्न चितवनसम्म गएर सम्पर्क गराइदिनु हुने बालविद्या सदन, मकवानपुर हर्नामाडीका प्रिन्सिपल पुष्प पराग सरलाई पनि धन्यवाद नदिइरहन सक्दिन । चितवनका कृष्ण कँडेल सरलाई, जसले नेपाली विभागसम्म पुगेर विभागीय प्रमुखसँग भेट गराइदिनु भयो र उचित सल्लाह सुझाव दिनु भयो वहाँप्रति पनि धन्यवाद टक्र्याउन चाहन्छु । यस्तै गरी प्रस्तुत अध्ययनपत्र तयारीका लागि आवश्यक पर्ने सन्दर्भ सामग्रीहरू उपलब्ध गराइदिने श्री गोरक्षनाथ माध्यमिक विद्यालय, हर्नामाडी र श्री ज्योति उ.मा.वि. पुस्तकालय, हर्नामाडीप्रति हार्दिक आभार प्रकट गर्दछु । अध्ययनपत्र तयार पार्न समय, स्रोत र साधन जुटाइदिनु हुने माता, पिता, दाजुभाइ, दिदीबहिनीहरूलाई धन्यवाद दिन चाहन्छु साथै अध्ययनपत्र लेखनमा कत्ति पनि झर्को नमानी पर्याप्त समयको तारतम्य मिलाइदिने अर्धाङ्गिनी सीता सिलवाल पनि धन्यवादकी पात्र बनेकी छन् । सङ्कलित सामग्रीहरूलाई अत्यन्त व्यवस्थित ढङ्गले मुद्रण गर्ने मातृभूमि प्रिन्टिङ्ग सर्भिसप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्तमा प्रस्तुत अध्ययनपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनसमक्ष पेस गर्दछु ।

मिति : २०६८/०९/०१

........................

हेम बहादुर विश्वकर्मा

स्नातकोत्तर तह,

द्वितीय वर्ष

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवन

# विषय सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| अध्ययनपत्र | | |
| स्वीकृति पत्र | | |
| निर्देशकको मन्तव्य | | |
| कृतज्ञताज्ञापन | | |
| संक्षिप्त शब्द सूचि | | |
| विषय सूची | | |

## पहिलो परिच्छेद

## अध्ययनपत्रको परिचय

| | | |
|---|---|---|
| १.१ | विषयको परिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.४ | अध्ययनको उद्देश्य | २ |
| १.५ | अध्ययनकार्यको औचित्य | ३ |
| १.६ | अध्ययनको सीमा | ३ |
| १.७ | सामग्री सङ्कलन विधि | ३ |
| १.८ | अध्ययन पद्धति | ४ |
| १.९ | अध्ययनपत्रको रूपरेखा | ४ |

## दोस्रो परिच्छेद

## नेपाली लोक साहित्यमा लोककथाको सैद्धान्तिक अध्ययन

| | | |
|---|---|---|
| २.१ | परिचय | ६ |
| २.२ | विषयप्रवेश | ७ |
| २.३ | लोककथाको स्वरूप | ८ |
| | २.३.१ लोककथामा प्रयुक्त विषयवस्तुहरू | ८ |
| | २.३.२ वस्तु/विषयवस्तु | ९ |

२.३.३ अन्तरवस्तुको सम्बन्ध ९
२.३.४ लोककथा र लोकगाथा ९
२.३.५ लोककथा र लोकनाटक १०
२.३.६ लोककथा र लोकगीत १०
२.४ भाषाशैलीय विन्यास ११
२.४.१ भाषा ११
२.४.२ बिम्बविधान ११
२.४.३ प्रतीकीकरण ११
२.४.४ विचलन ११
२.४.५ निष्कर्ष ११

## तेस्रो परिच्छेद

## मकवानपुर जिल्ला तथा हर्नामाडी गा.वि.स. को परिचय

३.१ पृष्ठभूमि १३
३.२ नामकरण १४
३.३ हर्नामाडी गा.वि.स.को भौगोलिक अवस्था र सिमाना १४
३.४ हर्नामाडी गा.वि.स.को राजनैतिक विभाजन १५
३.५ हर्नामाडी गा.वि.स.को धर्म, जाति, र भाषा १५
३.६ हर्नामाडी गा.वि.स.को हावापानी र वनस्पति १५
३.७ हर्नामाडी गा.वि.स.को सामाजिक जनजीवन १५
३.८ हर्नामाडी गा.वि.स.को शिक्षा र स्वास्थ्यको अवस्था १६
३.९ निष्कर्ष १६

## चौथो परिच्छेद

## हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूको विश्लेषण

४.१ परिचय १७
४.२ कथावस्तुको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण १७
४.३ अभिप्रायको आधारमा हर्नामाडीमा प्रचलित लोककथाको विश्लेषण २८
४.४ पात्र/चरित्रको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण ३२

४.५ वातावरण र परिवेशका आधारमा लोककथाको विश्लेषण ४१
४.६ उद्देश्यका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण ४३
४.७ शैलीका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण ४७
४.८ निष्कर्ष ४९

पाँचौं परिच्छेद

उपसंहार

५.१ उपसंहार ५१
५.२ पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदको सारांश ५३
५.३ समग्र निष्कर्ष ५३
परिशिष्ट खण्ड
सन्दर्भग्रन्थ सूची

## तालिका सूची

| तालिका | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका संख्या १ | लोककथा र लोकगाथाको तुलनात्मक तालिका | ९ |
| तालिका संख्या २ | लोककथा र लोकनाटकको तुलनात्मक तालिका | १० |
| तालिका संख्या ३ | लोककथा र लोकगीतको तुलनात्मक तालिका | १० |
| तालिका संख्या ४ | अभिप्राय विश्लेषण तालिका | २९ |

# अध्ययन पत्रमा प्रयोग भएका

# संक्षिप्त शब्दसूची

| | |
|---|---|
| उ.मा.वि. | - उच्च माध्यमिक विद्यालय |
| कि.मि. | - किलोमिटर |
| गा.वि.स. | - गाउँ विकास समिति |
| नं. | - नम्बर |
| प्रा.वि. | - प्राथमिक विद्यालय |
| मा.वि. | - माध्यमिक विद्यालय |
| सं. | - सङ्ख्या |
| क्षे.नं. | - क्षेत्र नम्बर |

# पहिलो परिच्छेद

## अध्ययनपत्रको परिचय

### १.१ विषयको परिचय

मानव सभ्यताको विकाससँगै लोकसाहित्यको विकास भएको हो । लोकसाहित्यलाई सर्वप्राचीन जेठो विधाको रूपमा लिइन्छ । लोक साहित्यले मानवजीवनका विभन्न पक्षहरू, समाजका यथार्थहरू, काल्पनिक, अकाल्पनिक आदि विषयवस्तुहरूका प्रस्ट तस्वीर देखिने दर्पण हो लोकसाहित्य । मानिसहरूले सुख दु:ख, अनुभूति, वरव्यवहार आदिलाई अभिव्यक्ति गर्ने माध्ययमको रूपमा लोकसाहित्यको जन्म भएर विभिन्न हाँगाहरूमा विभाजित भएको हो । लोकगीत, लोककथा, लाकगाथा, लोकनाटक, उखानटुक्का, गाउँखाने कथा र लोककवितामा लोकसाहित्य विभाजित भएको छ । यी विधाहरूमध्ये लोककथा महत्त्वपूर्ण विधा हो । जीवनसङ्घर्षका अनुभवहरू, मेलापर्व गर्दाका रमाइला क्षणहरू, सांस्कृतिक, धार्मिक एवं चाहाडबहाडका अभिव्यक्तिहरू जस्ता थुप्रै विषयहरूमा श्रोता र वक्ताको माध्यमबाट लोककथा झाँगिएको हो । देवीदेवता, भूतप्रेत एवं अलौकिक वस्तुहरूलाई कलात्मक ढङ्गले सुनाउने र घतलाग्दो पाराले रसास्वादन गर्दै आनन्दमा चुर्लुम्म डुब्ले प्रक्रिया होस् अथवा समाजका यथार्थ र अयथार्थ विषयहरूको जानकारी गराउने दृष्टिकोणबाट होस् अथवा धार्मिक, सांस्कृतिक, नैतिक, आर्थिक र व्यावहारिक शिक्षा प्रदान गर्ने बिन्दुबाट होस् लोककथा मानव समाजको लागि अति नै आवश्यक देखिन्छ ।

साथै यसको उचित सङ्कलन र विश्लेषण गरी अहिलेको आधुनिक संसारमा लोककथाको अस्तित्त्व जोगाउनु जरूरी छ । लोककथालाई बेवास्ता गरी शिष्टसाहित्यको जग लोक साहित्य नै हो भन्ने यथार्थलाई भुल्नु लोकसाहित्यको लागि अन्याय गर्नु हो । लोककथा ज्ञानको भण्डार हो, इतिहासको दस्तावेज हो, मनोरञ्जनको मौखिक सुन्दर साधन हो । त्यसैले लोककथालाई ब्युँताई यसको महत्त्वलाई झनै प्रकाश पार्न अनिवार्य छ । यस सन्दर्भमा मकवानपुरको हर्नामाडी गा.वि.स. अनुसन्धानयोग्य भएकोले मकवानपुर हर्नामाडी गा.वि.स. लाई नै यस अध्ययनपत्रको विषय चयन गरिएको छ ।

### १.२ समस्याकथन

लोकसाहित्यको महत्त्वपूर्ण उर्वर विधाको रूपमा लोककथा परिचित छ । समाजका विविध विषयहरूलाई लोककथाले चिनाउने काम गर्छ । यसको हितकारी महत्त्वमा सन्देह

छैन । मकवानपुरको हर्नामाडी गा.वि.स. पुरानो इतिहास बोकेको क्षेत्र हो । यहाँका मानिसहरूमा गोकगीत, लोककथा, लोकनाटक, गाउँखाने कथाहरू कुण्ठित अवस्थामा छन् । यस अवस्थामा भएका लोककथाहरूको सङ्कलन गर्ने कार्य कहीं कतैबाट नहुनु निश्चय नै मकवानपुरकै दुर्भाग्य पनि हो । त्यसैले लोककथाको अध्ययन परम्परालाई थालनी गर्ने हेतुले यस अध्ययन पत्रमा निम्नानुसारका समस्याहरू राखिएका छन् :-

क) लोककथाको सैद्धान्तिक परिचय के कस्तो छ ?

ख) मकवानपुर हर्नामाडी क्षेत्रका समुदायमा प्रचलित लोककथाहरूको सङ्कलन कसरी गर्न सकिन्छ ?

ग) यस क्षेत्रका लोककथाहरूको वर्गीकरण कसरी गर्न सकिन्छ ?

घ) यस क्षेत्रका लोकथाहरूको मूल्याङ्कन के रहेको छ ?

यिनै समस्याहरूको समाधानार्थ यो अध्ययन केन्द्रित रहेको छ ।

## १.३ पूर्वकार्यको विवरण र समीक्षा

मानवजातिले लोकभाषाको निर्माण गर्दै जाने क्रममा नै लोकसाहित्यको निर्माण भयो भन्ने कुरामा कसैको दुईमत छैन । लोकसाहित्यको थालनी भइरहँदा यसका विविध विधाहरू पनि विकसित हुँदै गएका हुन् । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा अत्यन्त उर्वर रूपमा परिचित छ । मकवानपुरको हर्नामाडी गा.वि.स.मा लोककथाहरूको अवस्था उर्वरै रहे तापनि यसको अध्ययन कार्य हुन सकेको छैन । कहीं कतैबाट लोककथा सम्बन्धी कृतिहरू, पत्रपत्रिका एवं शोधपत्रहरू समेत प्रकाशन भएको भेटिंदैन । पुरानो इतिहास बोकेको मकवानपुर जिल्लाको हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरू सङ्कलन गरी तिनीहरूलाई चिनाउन सके नेपाली लोककथाको क्षेत्रमा थोरै भए पनि योगदान पुग्ने सोचेर मकवानपुरको **हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन** शीर्षक राखी यो अध्ययनपत्र तयार गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनपत्रका उद्देश्य निम्नानुसार रहेका छन्:

क) लोककथाको सैद्धान्तिक परिचय दिनु ।

ख)  मकवानपुरको हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूको पहिचान गरी सङ्कलन गर्नु ।

ग)  मकवानपुरको हर्नामाडी क्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण गर्नु ।

घ)  मकवानपुरको हर्नामाडी क्षेत्रमा प्रचलित लोककथाहरूको मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यहरूको परिपूर्तिको निम्ति यो अध्ययन केन्द्रित रहेको छ ।

## १.५ अध्ययनकार्यको औचित्य

लोककथा जीवन भोगाइका सुख, दुःख, हाँसो, खुसी, वरव्यवहार, सांस्कृतिक, धार्मिक, आर्थिक, पारम्परिक आदि विषयको अभिव्यक्ति हो । लोककथाले मानवजीवनका विविध पक्षहरूमाथि प्रकाश पार्दै स्वच्छ मनोरञ्जन समेत प्रदान गर्दछ । मकवानपुर जिल्ला ऐतिहासिक, धार्मिक, राजनैतिक, सांस्कृतिक एवं साहित्यिक हैसियतबाट अग्रस्थानमा छ । यस जिल्लाको हर्नामाडी गा.वि.स.मा प्रचिलित लोककथाहरूको यस अध्ययनले यहाँका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, आर्थिक, राजनैतिक एवं साहित्यिक पक्षहरूको चिनारी गराउन मद्दत पुऱ्याउँछ । यस क्रममा ओझेलमा परेका लोककथा र वाचकहरूलाई चिनाउँछ । लोकसाहित्यका अध्ययनकर्ताहरूलाई एउटा ऊर्जा मिल्छ । लोककथामा रुचि राख्नेहरूका लागि खुराक  मिल्छ । हर्नामाडी गा.वि.स. का लोककथाहरूको चिनारी भई आगामी पिढीहरूलाई लोककथाको सङ्गालो तयार गर्न सहयोग मिल्ने आशा गर्न सकिन्छ ।

## १.६ अध्ययनको सीमा

अध्ययन व्यापक र वृहद् हुँदा निष्कर्षमा पुग्न निश्चय नै कठिन हुन्छ । यस अध्ययन पत्रको शीर्षक अनुसार मकवानपुर जिल्लाको हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरू मात्र सङ्कलन गरिएको छ । हर्नामाडी गा.वि.स.का नौ वटा वडाहरूमा बसोबास गर्ने बुढापाकाहरूका सोह्रवटा कथाहरू मात्र सङ्कलन गरी अध्ययन गरिएको छ । अन्य गा.वि.स.को ठाउँ-ठाउँमा उच्चारण हुने भए पनि लोककथा अध्ययन गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन विधि

यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउन निम्न लिखित दुईवटा विधि अपनाइएका छन् -

क)  **क्षेत्रीय विधि** : गा.वि.स. भित्रको क्षेत्रमा गइ लोककथाको संकलन र अध्ययन ।

ख)  **प्रश्नोत्तर तथा छलफल विधि ।**

सर्वप्रथम क्षेत्रीय विधि अपनाई मकवानपुरको हर्नामाडी गा.वि.स.का नौवटा वडामा विभिन्न क्षेत्रमा गई लोककथा सङ्कलन गरिएको छ । लोककथा वाचकहरूसँग छलफल गरी प्राप्त लोककथाहरू टिप्ने काम गरिएको छ । तथ्यहरू प्राप्त गरी त्यसको प्रमाणीकरण गर्न वाचकसँग प्रश्नोत्तर गरिएको छ । साथै प्राप्त तथ्यलाई लिपिबद्ध गर्ने काम गरिएको छ ।

## १.८ अध्ययन पद्धति

यस अध्ययनका लागि संकलित सामग्रीहरूको अध्ययन सामान्यतया निगमनात्मक पद्धतिका आधारमा गरिएको छ । साथै व्याख्यात्मक र वर्णनात्मक एवं समालोचनात्मक पद्धति पनि अपनाइएको छ ।

## १.९ अध्ययनपत्रको रूपरेखा

अध्ययनपत्रलाई व्यवस्थित गर्न विभिन्न परिच्छेदहरूमा विभाजन गरी प्रत्येक परिच्छेदमा विभिन्न शीर्षक उपशीर्षक दशमलव प्रणाली अनुसार यसरी विभाजन गरिएको छ ।

**पहिलो परिच्छेद : अध्ययन परिचय**

यस परिच्छेद अन्तर्गत अध्ययनको शीर्षक, प्रयोजन, विषय परिचय, समस्याकथन, पूर्वकार्यको समीक्षा, अध्ययनको उद्देश्य, अध्ययनविधि, अध्ययनको सीमा र अध्ययन पत्रको रूपरेखा आदि रहेका छन् ।

**दोस्रो परिच्छेदः नेपाली लोकसाहित्यमा लोककथाको सैद्धान्तिक अध्ययन**

यस परिच्छेद अन्तर्गत परिचय, विषयप्रवेश, लोककथाको स्वरूप लोककथामा प्रयुक्त विषयवस्तुहरू भाषाशैलीगत विन्यास, विचलन, निष्कर्ष आदि रहेका छन् ।

**तेस्रो परिच्छेदः मकवानपुर जिल्ला तथा हर्नामाडी गा.वि.स.को परिचय**

यस परिच्छेद अन्तर्गत भौगोलिक अवस्था र सीमा, राजनैतिक, धार्मिक जाति, भाषा, हावापानी, वनस्पति, शिक्षा, स्वास्थ्य आदिको परिचय गराइएको छ ।

**चौथो परिच्छेदः हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूको सङ्कलन र वर्गीकरण**

यस परिच्छेदमा अभिप्राय, पात्र, वातावरण र परिवेश, उद्देश्य र शैलीका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण गरिएको छ ।

**पाँचौ परिच्छेदः उपसंहार**

यस परिच्छेदमा विधागत प्रकाशनका दृष्टिले उपसंहार, सारांश र निष्कर्ष आदि रहेका छन् । यसप्रकार अध्ययनको पूर्वभाग, मुख्यभागका साथै अन्तिम भाग अन्तर्गत पर्ने सन्दर्भसामग्री सूची र परिशिष्ट समेत समावेश गरी सर्वाङ्गपूर्ण अध्ययनपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# नेपाली लोक साहित्यमा लोककथाको सैद्धान्तिक अध्ययन

## २.१ परिचय

अध्ययन कार्य भन्ने बित्तिकै एक कठिन कार्य भित्र पर्दछ । कठिन कार्य भए तापनि अध्ययनको पूर्वस्थापित मान्यताहरूको विकास गर्दै नवीन चिन्तन र सिद्धान्तहरूको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेमा कसैको दुईमत छैन । नेपाली समाज जति पुरानो छ लोकसाहित्य पनि त्यति नै पुरानो छ भन्न सक्नुपर्छ । लोकसाहित्य जीवनको वास्तविक कसी हो अनि समाजको दर्पण हो । सुख, दु:ख, हाँसो अनि विस्मात्को अभिव्यक्ति नै लोक साहित्य हो । यसलाई लोकले प्रस्तुत गर्ने गर्छ ।

लोक साहित्यका विभिन्न विधाहरूमध्ये लोककथा सर्वप्राचीन विधाको रूपमा स्वीकार गर्नु पर्दछ । परम्परादेखि हुर्कदैं आएको लोककथाले शिष्ट साहित्य निर्माणमा विशिष्ट महत्त्व राख्ने कुरामा सन्देह छैन । लोककथाले जीवन भोगाइका विविध पाटाहरू अनि मानवसमाजको यथार्थताहरू, धार्मिक सांस्कृतिक पक्षहरू, मानव पीडाका भङ्गालाहरू, साहसिक कदमहरू जस्ता थुप्रै थुप्रै विषयवस्तुको प्रक्षेपण गर्न सक्छ तर यति महत्त्वपूर्ण, लोकसाहित्यको एउटा पाटो समाजमा अझै मौन छ । के लोककथाका वाचकहरू समाजमा निखिँदै गएका र लोककथाहरू समाजबाट विलीन हुँदै जान थालेका त होइनन् भनी प्रश्न गर्न सकिन्छ । आधुनिकताको आडम्बरयुक्त खोलभित्र लोककथाका स्वरहरू कुण्ठा पालेर निन्याउरो भएका त होइनन् भनी प्रश्नहरू उब्जनु स्वाभाविक पनि हो । तर यसलाई यतिकै हेरि छाड्नु हुँदैन र लोककथाको अध्ययन गर्नु जरुरी छ । मकवानपुर जिल्ला लोकसाहित्य, सङ्गीत, नृत्य आदिमा अगाडि नै देखिन्छ तर लोककथाको सन्दर्भमा त्यस्तो प्रसंशायोग्य काम भएको देखिँदैन । मकवानपुरको हर्नामाडी गा.वि.स. पनि मध्यकालीन राजा मुकुन्द सेनको राज्य रहेको गढी गा.वि.स. को छिमेकी गाउँ हो । त्यसैले यसको आफ्नै पुरानो इतिहास, संस्कृति र पहिचान छ । लोककथाका वाचकहरूले हस्तान्तरण गर्दै गएका लोककथाहरू सङ्कलित नभएको अवस्थामा  छन् । मकवानपुरको हर्नामाडी गा.वि.स.मा रहेका लोककथाहरू आजसम्म पनि सङ्कलन, अध्ययन र विश्लेषण गर्ने काम भएको पाइँदैन । त्यसैले यस गा.वि.स. मा रहेका मानिसहरूले मौखिक रूपमा भन्ने-सुन्ने गरेका लोककथाहरूको सङ्कलन र अध्ययन हुनु

आवश्यक देखिन्छ । अत एव प्रस्तुत अध्ययनका लागि हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाको सङ्कलन र अध्ययन शीर्षक चयन गरिएको छ ।

## २.२ विषयप्रवेश

लोकसाहित्यको विभिन्न विधाहरूमध्ये लोककथा अत्यन्त उन्नत विधाको रूपमा परिचित छ । परम्परादेखि हुर्कदैं आएको लोककथा सर्वप्राचीन जेठो विधा हो । दुनियाँको कुनैपनि भू-भाग यस्तो छैन जहाँ लोककथा नहोस् । संसारका सबै जातजाति, भाषाभाषी, सम्प्रदाय, धर्मका मानिसहरूले भन्न र सुन्न रुचाउने लोककथाको आफ्नै किसिमको अस्तित्व छ ।

"नेपाली भाषाको 'लोककथा' शब्द अङ्ग्रेजीको फोकटेल्स (Folk tales) को समानार्थी हो ।" कथालाई हिन्दीमा 'कहानी' भनिन्छ । (बन्धु, २०५८:२८४) जुन भाषाले जे नाम दिएपनि लोककथा सुन्ने र सुनाउने परम्पराबाट लोकप्रिय बन्दै आएको छ । "कथा भन्ने र सुन्ने प्रचलन आदि मानिसको आदिम प्रवृत्तिको रूपमा देखा पर्दछ । यसरी लोककथा आदिम प्रवृत्तिसंग गाँसिएर संरक्षित र संवर्द्धित भई व्यापक हुँदै आएको प्राचीन विधाका रूपमा देखिन्छ ।" (शर्मा र लुइँटेल, २०६३:२७१) । लोककथा आफ्नै देशभित्र पनि उत्पादित हुनसक्छ वा अन्य देशबाट हस्तान्तरित हुँदै आउन पनि सक्छ । लोककथा मूलत: बेलुकाको खानापछि सुत्ने बेलामा केटाकेटीहरूलाई फुलाउन एवं समय काटी बसिबियाँलो गर्न भन्ने गरिन्छ । हुन त लोककथा भन्ने समय यही नै हुनुपर्छ भन्ने छैन ।

वास्तवमा लोक भन्नाले जनमानस र कथा भन्नाले कथ्नु भन्ने बुझिन्छ । लोकजीवनले परम्परादेखि कुनै पनि विषयवस्तुलाई लिएर अनौपचारिक तवरबाट कथेर सुनाउने प्रक्रिया नै लोककथा हो । स्वच्छ मनोरञ्जनका साथमा कतिपय विषयमा यसले मानव जातिलाई शिक्षा दिने भएको हुँदा लोककथाको महत्त्व र उपयोगिता छ भन्न सकिन्छ । केटाकेटी, बुढापाका, युवायुवती सबैले चासो दिने लोककथा मानवीय र मानवेतर दुबै हुने गर्छ । भूतप्रेत, दानव, राजा, राजकुमार, राजकुमारी, परी जस्ता पात्रहरूको उपस्थिति गराएर हरेकलाई प्रशन्न गराउन लोककथा प्रभावकारी हुन्छ । कल्पनाको सागरमा डुलेर विषयवस्तुलाई सिलसिला मिलाएर पस्कनु लोककथाको विशेषता पनि हो । सुख, दु:ख, हर्ष, विस्मात, साहसिक कार्य, वरव्यवहार, सामाजिक, सांस्कृतिक एवं धार्मिक पक्ष जस्ता विषयहरूलाई मनोरञ्जन र सन्देशको रूपमा लोककथाले प्रस्तुत गर्दछ । "एकादेशमा" बाट सुरु गरेर "सुन्नेलाई सुनको

माला भन्नेलाई फूलको माला यो कथा सरासर वैकुण्ठ जाला भन्ने बेलामा मुखैमा आउला" भनेर टुङ्गाइन्छ । वास्तवमा लोककथा मानव जीवनको सुख, दुःख, हाँसो, खुसी, साहसिक कार्य, रोमाञ्चकपूर्ण घटना, प्रेम आदिको अभिव्यक्ति हो ।

## २.३ लोककथाको स्वरूप

माथि उल्लेखित परिभाषाहरूलाई अध्ययन गर्दा पनि लोककथाको स्वरूप कस्तो होला भनेर अन्दाज गर्न सकिन्छ । लोककथाको स्वरूपलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ :

अ) मौखिक परम्पराबाट लोककथा हुर्कन्छ र बुढापाकाहरू यसको वाचक हुन्, भन्ने सुन्ने चाहिँ जोसुकै हुन सक्छन् ।

आ) पुरानो पुस्ताबाट हस्तान्तरित हुँदै अहिलेसम्म पनि गतिशील छ ।

इ) लोककथा अवैयक्तिक सामाजिक रचनाकार विहीन सम्पत्ति हो ।

ई) लोककथा कसैले लिपिबद्ध गरे पनि अलिखित हुनु यसको स्वरूप हो ।

उ) छोटो समयमा सकिने हुँदा लोककथा संक्षिप्त हुन्छ ।

ऊ) लोककथा सारगर्भित र सार्वजनिक हुन्छ । यसमा जीवनको रहस्य प्रवेश गराइएको हुन्छ । सबै मानवसमुदायमा प्रचलित हुन्छ ।

ए) घटना, प्रसङ्ग, पात्र आदिका माध्यमबाट आख्यानात्मक रूपबाट लोककथा प्रस्तुत हुन्छ।

ऐ) गद्यात्मक संरचना भएकोले लोककथा आदि, मध्य र अन्त्यमा शृङ्खलित हुन्छ ।

ओ) यो विविध कारणले गर्दा परिवर्तनशील हुन्छ । यसमा काल क्रमानुसार कथा वाचकहरूले थपघट र तोडमोड समेत गर्न सक्छन् ।

### २.३.१ लोककथामा प्रयुक्त विषयवस्तुहरू

लोककथा समाजको दर्पण हो । जीवन भोगाइका विभिन्न पक्षहरू यसमा समेटिन्छन् । धार्मिक, सांस्कृतिक, ऐतिहासिक, आर्थिक, सामाजिक आदि विषयवस्तुहरू लोककथाले बोल्दछ । विभिन्न पात्रहरूको माध्यमबाट भावानात्मक ढङ्गले विषयवस्तुलाई दर्साइन्छ । यसमा कृत्रिमता र अश्लीलता पटक्कै हुँदैन । लोककथामा मानवीय, दैविक, राक्षसीय, परीहरू एवं मानवेतर पात्रहरू प्रयोग गरेर हार्दिक प्रेमलाई प्रमुख विषयवस्तु बनाइएको हुन्छ ।

## २.३.२ वस्तु/विषयवस्तु

लोककथाले जीवनजगत्का विराट् विषयवस्तुलाई प्रस्तुत गर्दछ । लोकसंस्कृतिका विषयभित्र प्रकृतिको सुन्दर चित्रण अनि प्रेमका रोमाञ्चक प्रसङ्गलाई लोककथामा समावेश गरिएको हुन्छ । यसमा प्रयुक्त लौकिक, अलौकिक, मानवीय एवं मानवेतर पात्रहरूले विषयवस्तुलाई कौतुहलपूर्ण बनाई संयोगान्तमा टुङ्ग्याएर श्रोतालाई मनोरञ्जन प्रदान गरिन्छ । सत्यको जित असत्यको हार देखाई मानवजातिलाई नैतिकवान् बनाउन प्रेरित गर्नु लोककथाको विषयवस्तु पनि हो ।

## २.३.३ अन्तर्वस्तुको सम्बन्ध

लोककथा लोक साहित्यको एउटा उन्नत हाँगा हो, त्यसैले लोककथाको सम्बन्ध लोकसाहित्यको अन्य विधाहरूसँग छ । कतिपय विधाहरूमा समानता छ भने कतिपयमा असमानता छ । लोककथाको अन्य विधासँगको सम्बन्धलाई यहाँ प्रस्तुत गर्न सकिन्छ ।

## २.३.४ लोककथा र लोकगाथा

श्रुतिपरम्पराबाट सम्प्रेषित अज्ञात रचनाकारको संक्षिप्त सारगर्भित आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ भने कुनै घटनावलीको मौखिक अथवा श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सार्दै जाने अज्ञात रचनाकारको गीति संरचनालाई लोकगाथा भनिन्छ । यी दुवैलाई तल यसरी तुलना गर्न सकिन्छ :-

लोककथा र लोकगाथाको तुलनात्मक तालिका

ता.सं.-१

| **लोककथा** | **लोकगाथा** |
|---|---|
| १) आख्यानको प्रबलता हुन्छ । | १) आख्यानको साथै साङ्गीतिक पक्षको पनि प्रबलता रहन्छ । |
| २) लोककथा भन्ने र सुन्ने गरिन्छ । | २) लोकगाथा भन्ने, सुन्ने साथै हेर्ने समेत गरिन्छ । |
| ३) यो गद्यात्मक हुन्छ । | ३) यो काव्यात्मक हुन्छ । |
| ४) नृत्यसँग सम्बन्ध राख्दैन । | ४) नृत्यसँग सम्बन्धित हुन्छ । |

### २.३.५ लोककथा र लोकनाटक

लोककथा र लोकनाटक दुवै लोक साहित्यको उर्वर विधा हो । लोककथा र लोकनाटकमा कतिपय समानता छन् भने कतिपय असमानता पनि छन् । यिनलाई निम्न अनुसार तालिकामा उल्लेख गरिन्छ :-

**लोककथा र लोकनाटकको तुलनात्मक तालिका**

**ता.सं.-२**

| **लोककथा** | **लोकनाटक** |
|---|---|
| १) श्रव्य विधामा आधारित । | १) श्रव्य र दृश्य दुवैमा आधारित । |
| २) गद्यात्मक संरचना | २) गद्य र पद्य दुवै संरचना । |
| ३) जुनसुकै स्थानमा भन्न र सुन्न मिल्छ । | ३) मञ्चको आवश्यकता पर्दछ । |
| ४) यो वर्णनात्मक हुन्छ । | ४) यसमा वर्णनात्मक स्थूलता हुन्छ । |

### २.३.६ लोककथा र लोकगीत

लोककथा र लोकगीत दुवै मनोरञ्जनात्मक, सन्देशात्मक विधा हुन्, । दुवैमा समानता र असमानता छन् । यी दुवैलाई निम्न अनुसार तालिकामा संक्षिप्त तुलना गरिन्छ :-

**लोककथा र लोकगीतको तुलनात्मक तालिका**

ता.सं.-३

| **लोककथा** | **लोकगीत** |
|---|---|
| १) कथानक युक्त हुन्छ । | १) कथामुक्त हुन्छ । |
| २) वक्ता र श्रोता | २) लोकगीत एक्लै गाउन सकिन्छ । |
| ३) लोककथामा परिवेशको महत्त्व रहन्छ । | ३) लोकगीतमा भने परिवेशको गौण महत्त्व हुन्छ । |
| ४) यसमा चरित्रको विशेष स्थान हुन्छ । | ४) यसमा चरित्रको खास स्थान हुँदैन । |

माथि उल्लेखित तालिकाहरूको अध्ययन गर्दा कथा अन्य विधाको तुलनामा अत्यन्त उर्वर देखिन्छ । मानव समाजको सम्पूर्ण पक्षहरूलाई यसले समेट्छ । यसको व्यापकता र विस्तारले पनि लोककथाको महत्त्व प्रस्टिन्छ ।

## २.४ भाषाशैलीय विन्यास

लोकसाहित्यकै प्रमुख विधाको रूपमा रहेको लोककथा सदियौंदेखि सन्देशात्मक हिसाबले जनमानसमा झाँगिएको छ । लोकमानसले सुनाउने हुँदा यसका आफ्नै प्रवृत्तिका भाषाशैली छन् । यहाँ तिनको चर्चा गरिन्छ ।

### २.४.१ भाषा

लोककथा लोकपरम्पराबाट हुर्किएको विधा हो । अशिक्षित अपठित एवं सर्वसाधारणले कथा कथ्ने भएकोले यसको भाषागत संरचना अत्यन्त सरल र सम्प्रेषणीय हुन्छ । लोकमानसले सजिलैसँग विषयवस्तुलाई बुझ्न सक्ने भाषाशैलीको प्रयोग हुनु लोककथाको विशेषता हो ।

### २.४.२ बिम्बविधान

लौकिक र अलौकिक ठाउँहरूको वर्णन गरी लोककथामा बिम्बविधान गरिएको हुन्छ । लौकिक अन्तर्गत पृथ्वी र त्यस वरपरका समाज अनि अलौकिक परिवेश अन्तर्गत स्वर्ग, नरक, परलोक, आदिको वर्णन गरिएको हुन्छ । भूत, प्रेत, राक्षस, देवीदेवता आदिलाई बिम्बको रूपमा प्रस्तुत गरिएको हुन्छ ।

### २.४.३ प्रतीकीकरण

अमूर्त वस्तुलाई प्रस्तुत गरी मूर्त वस्तुको प्रस्तुति दिइन्छ । विभिन्न उपमाहरूको प्रयोग गरी मूर्त वस्तुको प्रतीकीकरण गरिन्छ । सुन्दर बगैंचा, झरनाहरू, डरलाग्दा गुफा, दाह्रा, नङ्ग्रा आदिका प्रयोगहरू लोककथामा प्रतीकीकरणका रूपमा आएका हुन्छन् ।

### २.४.४ विचलन

लोककथामा कथावस्तुहरूमा विचलनहरू देखा पर्दछन् । पात्रहरू यसो गरौं कि उसो गरौं भनेर विचलित हुने गरेको पाइन्छ । अस्थिर रूपले पात्रहरू कार्यव्यापार गर्दछन् । आफ्नो मुख्य कार्य छोडेर पात्रले अर्कै काम गर्नु विचलनको उदाहरण हो ।

### २.४.५ निष्कर्ष

लोक शब्दमा कथा शब्द जोडिएर लोककथा बनेको हो । लोक भनेको जनमानस भएको हुँदा लोकले सुन्ने र सुनाउने कथा नै लोककथा हो । लोककथा नेपाली समाजभित्रको एउटा ऐना हो, जहाँ हाँसो, खुसी, चीत्कार, त्रास, षड्यन्त्र, साहसिक कार्य, चतुऱ्याइँ, मुर्ख्याइँ आदिको तस्विर छर्लङ्ग देखिन्छ । मानवजातिले अनुभव गरेका, देखेका, भोगेका, सुनेका विषयवस्तुहरूको शृङ्खलाबद्ध गद्यात्मक प्रस्तुति लोककथा हो । प्राचीन युगदेखि नै श्रुतिपरम्पराबाट हस्तान्तरित हुँदै आएको लोककथाले नेपाली समाजको धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, पारम्परिक, भौगोलिक, लैङ्गिक, जातीय आदि पक्षको चित्रण गर्छ । विविध खाले पात्रहरूको उपस्थित गराएर स्रोताहरूलाई कथावस्तुभित्र डुबाई मग्न बनाएर मनोरञ्जन प्रदान गरी कौतुहल जागृत गराउनु लोककथाको विशेषता पनि हो ।

यस अध्ययनमा लोककथाको संक्षिप्त परिचय दिँदै परिभाषा र स्वरूपलाई समेत प्रस्तुत गरिएको छ । लोककथा कसरी उत्पत्ति भयो भन्ने सन्दर्भमा विभिन्न विद्वानहरूको कृतिहरूका सहायताबाट प्रस्ट्याउने काम गरिएको छ । कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषाशैली लोककथाका तत्त्वहरू हुन् भनेर चिनाउने काम भएको छ । लोककथाका विशेषताहरूलाई बुँदागत गर्दै वर्गीकरणका आधारमा यसका प्रकार समेत छुट्याई, प्रवृत्तिहरूलाई औंल्याई लोककथाको सैद्धान्तिक स्वरूपको सूक्ष्म रूपमा अध्ययन गरिएको छ ।

# तेस्रो परिच्छेद

# मकवानपुर जिल्ला तथा हर्नामाडी गा.वि.स. को परिचय

## ३.१ पृष्ठभूमि

मकवानपुर जिल्ला नेपालकै सन्दर्भमा ऐतिहासिक जिल्लाको रूपमा परिचित छ । पृथ्वीनारायण शाहले राज्य एकीकरण गरे पूर्वनै मकवानपुरमा गढी नामको एउटा सानो राज्य थियो । जहाँ सेन वंशीहरू राज्य गर्थे । मकुन्द सेन राजा यहाँबाट लखेटिएपछि भाग्दै भाग्दै देवघाटमा पुगेको र नारायणी नदीमा हाम्फालेर देह त्याग गरेको र कछुवाको रूपमा आफूलाई बदलेर शिला भई देवघाटमा बसेको हो भन्ने किम्बदन्ती पाइन्छ । पृथ्वीनारायण शाहको ससुराली गाउँको रूपमा पनि मकवानपुरलाई चिनिन्छ । त्यसैले मकवानपुर जिल्ला ऐतिहासिक रूपमा देशमै कहलिएको छ ।

ऐतिहासिक हिसाबले मात्र नभई धार्मिक हिसाबले पनि मकवानपुर चिनिएकै छ । मकवानपुरको सदरमुकाम हेटौंडा हो । पौराणिक युगमा भीमसेन लगायतका देवताहरू हेटौंडाको बाटो हुँदै पूर्वतर्फ लाग्ने क्रममा हेडम्बा नामको राक्षसले अवरोध गरेको हुनाले भीमसेनले हेडम्बालाई मारे । उक्त क्षेत्रलाई हेडम्बा भन्ने गरेको र पछि हेटौंडा नामले स्थापित भएको धार्मिक मान्यता पाइन्छ । मकवानपुर जिल्लाको हेटौंडाबाट पूर्वतर्फ भीमसेन जाने क्रममा बकाहासुर राक्षससँग कुस्ती पर्दा भीमसेनले बकाहासुरलाई मारेको र उसको रगतबाट बकैया नदी बनेको हो भन्ने भनाइहरू धार्मिक गुरुहरूबाट थाहा पाइन्छ । विभिन्न देवदेवालयहरू, गुम्बाहरू, मस्जिद, चर्च आदि अवस्थित मकवानपुर जिल्लाको धार्मिक इतिहास पनि छ ।

मिश्रित जातजातिहरू वसोबास गर्ने मकवानपुर जिल्ला वनसम्पदामा पनि निकै धनी छ । उत्तरमा महाभारत पर्वत र दक्षिणमा देखिने चुरे पहाडले मकवानपुरको सौन्दर्यलाई अझ बढाएको छ । औद्योगिक क्षेत्रले पनि मकवानपुरलाई अन्तर्राष्ट्रिय स्तरसम्म चिनाएको छ । विश्वमा चर्चित हेटौंडा सिमेन्ट उद्योग, स्मारक क्षेत्र, अत्यन्त पुरानो मकवानपुर क्याम्पस, बसामाडी गा.वि.स.को काउली, पूर्वपश्चिम राजमार्गको केन्द्रबिन्दु मकवानपुरका विशेषताहरू हुन् । शैक्षिक हिसाबले पनि मकवानपुर अग्र स्थानमा देखिन्छ । हावापानी अत्यन्त स्वच्छ र सफा छ र सम्म परेका खेतीयोग्य जमिनदेखि पहाडका टाकुराहरू मकवानपुरमा अटाएका

छन् । राजनैतिक शैक्षिक, साहित्यिक, ऐतिहासिक, धार्मिक महत्त्व बोकेको मकवानपुर निश्चय नै रहर लाग्दो जिल्ला हो ।

मकवानपुर जिल्लाका विभिन्न गा.वि.स. हरूमा हर्नामाडी गा.वि.स. पनि एक हो । विभिन्न जातिहरूको बसोबास रहेको हर्नामाडी गा.वि.स. शैक्षिक स्तरमा उन्नत देखिन्छ । सदरमुकामबाट १४ कि.मि. टाढा रहेको हर्नामाडी सामाजिक, राजनैतिक, कृषि, शैक्षिक हैसियतबाट जिल्लामै उच्चरित नाम हो । वरिपरि हरियो जङ्गलले घेरिएको हर्नामाडी उपत्यका झैं सुन्दर देखिन्छ ।

## ३.२ नामकरण

मकवानपुर जिल्लाको नामाकरण गर्ने सम्बन्धमा मतमतान्तरहरू प्रसस्त छन् । नेपालमा बाइसे चौबिसे राज्यहरू थिए । तीमध्ये हालको मकवानपुर जिल्लाको गढी गा.वि.स. जो उच्च भूगोलमा अवस्थित छ । जहाँ एक राज्य थियो । सेन वंशीहरूले राज्य सञ्चालन गर्थे । सेन वंशीहरूमा प्रख्यात राजा मुकुन्द सेन थिए । विभिन्न कारणले उनको पतन भयो । मुकुन्द सेनलाई मकवानी राजा भनिन्थ्यो । मकवानी राज्य हुँदा हुँदै मकवानपुर जिल्लाको नामले न्वारन भएको हो भन्नेमा बहुमत भेटिन्छ ।

हर्नामाडी गा.वि.स. पछि आएर विभाजन भएको हो । साविक हटिया गा.वि.स. पछि टुक्र्याएर हर्नामाडी बनाइयो । यस क्षेत्रमा प्रसस्त उब्जनी हुने हर्ना नामको फाँट थियो । यस क्षेत्रका अधिकांश किसानहरू खोलावारी घर बनाएर बस्थे । पारिपट्टि हर्नाफाँटमा खेती गर्थे । हर्नाफाँट पछि राजनैतिक विभाजन अनुसार यसैको नामबाट हर्नामाडी गा.वि.स.मा परिणत भएको किम्बदन्ती पाइन्छ ।

## ३.३ हर्नामाडी गा.वि.स.को भौगोलिक अवस्था र सिमाना

पूर्वमा काभ्रे, ललितपुर पश्चिममा चितवन, उत्तरमा काठमाडौं, धादिङ र दक्षिणमा बारा र रौतहट जिल्लासँग जोडिएको मकवानपुरको हर्नामाडी गा.वि.स. भौगोलिक हिसाबले ठूलो छैन । हर्नामाडी गा.वि.स. वरिपरि पहाड र जङ्गलले घेरिएको पश्चिममा हटिया उत्तरमा गढीपूर्वमा छतिवन, पश्चिममा हटिया उत्तरमा गढी र दक्षिणमा सुकौरा गा.वि.स.हरूको बीचमा पर्ने हर्नामाडीको बीचबाट बरौली खोला बगेर राप्तीनदी भेट्न पुगेको छ । सदरमुकाम हेटौंडाबाट १८ कि.मि. पूर्वतर्फ पर्ने हर्नामाडी एउटा सुन्दर गाउँ हो जहाँ

बाढी पहिरो, जङ्गली जनावर आदिको डर छैन । धरान चतराको बाटो हर्नामाडी गा.वि.स. कै छातीबाट पार गरेर जाने योजना पनि भएकोले यसको व्यापारिक महत्त्व पनि त्यति कै रहेको छ । धान फल्ने फाँटहरू प्रसस्त छन् । मकैं, अदुवा, कोदो भटमास आदि फल्ने काट्ने वारीहरू पनि प्रसस्त छन् । लगभग २०२५ हेक्टर जङ्गल र लगभग १४०० हेक्टरमा फैलिएको छ । पूर्वपश्चिम र उत्तर दक्षिण अण्डाकार रूपमा अवस्थित हर्नामाडी गा.वि.स. नगरपालिकामा गाभिने तयारी पनि छ ।

## ३.४ हर्नामाडी गा.वि.स.को राजनैतिक विभाजन

मकवानपुर जिल्लालाई चार निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । एउटा नगर पालिका र त्रिचालिस वटा गा.वि.स. मा मकवानपुर संरक्षित छ । यी त्रिचालिस वटा गा.वि.स. मध्ये हर्नामाडी सुगम भित्रै पर्छ । लगभग सातहजार जनसंख्या भएको यस गा.वि.स.मा १९०० घरधुरी रहेको छन् । यीमध्ये पुरुष सङ्ख्या ३५६० र महिला सङ्ख्या ४४४० रहेको छ । निर्वाचन क्षे. नं. १ अन्तर्गत ३ नं. इलाकामा पर्ने हर्नामाडी गा.वि.स. लाई ९ वटा वडामा विभाजन गरिएको छ ।

## ३.५ हर्नामाडी गा.वि.स.को धर्म, जाति, र भाषा

मूलत: हर्नामाडी गा.वि.स.मा हिन्दू धर्म मान्नेहरूको अधिक बसोबास छ । ९० प्रतिशत हिन्दु, ८ प्रतिशत बौद्ध र २ प्रतिशत क्रिस्चियन धर्मावलम्बीहरू यस क्षेत्रमा पाईन्छ । जातिहरूमा ब्राह्मण, छेत्री, जैसी, तामाङ, कामी, दमाई, सार्की रहेका छन् । सबैजसोले नेपाली भाषा बोले तापनि तामाङ भाषा बोल्नेहरू पनि यस क्षेत्रमा बसोबास गर्छन् ।

## ३.६ हर्नामाडी गा.वि.स.को हावापानी र वनस्पति

हर्नामाडी गा.वि.स. पहाडको फेदीमा अवस्थित छ । गर्मीमा ज्यादा गर्मी नहुनु र जाडोमा ज्यादा जाडो नहुनु यहाँको विशेषता हो । स्वच्छ पिउने पानी, स्वच्छ हावा हर्नामाडी गा.वि.स.को चिनारी पनि हो । वरिपरि वनजङ्गल रहेका छन् । साल, चिलाउने, साज, कटुस, चाँप, धाइरो, भलायो, कुस्मी, खसीकाठ, कलेनी लगायत अन्य जातका रुखबुट्यानहरू यस क्षेत्रका जङ्गलहरूमा पाइन्छ ।

## ३.७ हर्नामाडी गा.वि.स.को सामाजिक जनजीवन

मिश्रित प्रकारको बसोबास गर्ने हर्नामाडी बासीको प्रमुख व्यवसाय खेतीपाती नै हो । जातीय कामकाज पनि यहाँ हुन्छ । सीमित ब्राह्मणहरू पुरोत्याईं गर्ने गर्छन् भने छेत्री,

जनजाति, र अन्यहरू व्यापार गर्छन् । किराना पसलदेखि अदुवा व्यापार मौलाएको छ । दलितहरू आरन थाप्ने, लुगा, जुत्ता सिउने बाजा बजाउने काम गर्छन् । काठ पर्याप्त पाइने भएकोले फर्निचर उद्योगहरू पनि सञ्चालन गरेर आर्यआर्जनका स्रोतहरू बनाइएका छन् । पोसाकहरूमा ठिटा ठिटीहरू सटप्यान्ट, कुर्तासल्वार र बुढाबूढीहरू कमिज सुरुवाल, सारीचोलो पहिरन्छन् । जाति अनुसार विवाह, व्रतबन्ध, चाहाडबहाड मनाउँछन् । धार्मिक आस्था भएको क्षेत्र हुनाले सबै जातिहरू पूजाआजा गर्छन् । यहाँका मानिसहरू मेलापर्म र जात्रामात्रामा रमाउँछन् । रत्यौली, तीज, दशैं तिहार जस्ता पर्वहरूमा लोकगीतहरू, दाहोरी गीतहरू गाउँछन् यहाँका मानिसहरू ।

## ३.८ हर्नामाडी गा.वि.स.को शिक्षा र स्वास्थ्यको अवस्था

हर्नामाडी गा.वि.स. अन्य गा.वि.स.को तुलनामा शैक्षिक हैसियतबाट अग्रस्थानमा रहेको छ । दुईवटा उच्च मा.वि. पाँचवटा प्रा.वि. दुईवटा मा.वि. सञ्चालन भइरहेका छन् । स्नातक र स्नातकोत्तर अध्ययन गर्न सदरमुकाम जानुपर्ने अवस्था छ । स्नातक कक्षा सञ्चालन गर्ने प्रयास भने भइरहेको छ ।

स्वास्थ्यको दृष्टिकोणले हर्नामाडीमा ठूला अस्पतालहरू त छैनन् । एउटा मात्र स्वास्थ्य चौकी, मेडिकलहरू, खोपकेन्द्रहरू सञ्चालनमा छन् । ग्रामीण सुडेनीहरूले सुत्केरी गराउन सहयोग गर्छन् । साधारण बिमारी पर्दा स्वास्थ्य चौकीमा विरलै जाने गर्छन् ।

## ३.९ निष्कर्ष

मकवानपुर जिल्लामा पर्ने हर्नामाडी गा.वि.स. विविध दृष्टिकोणबाट सुन्दर छ । स्वास्थ्य, शिक्षा, रोजगार, व्यवसाय, कृषि आदिमा हर्नामाडी उन्नत देखिन्छ । ऐतिहासिक रूपबाट हेर्दा हर्नामाडी मुकुन्द सेनले राज्य गरेको क्षेत्र पनि हो । धार्मिक सांस्कृतिक र प्राकृतिक रूपले पनि यो गा.वि.स. सम्पन्न रहेको छ । यातायातको सन्दर्भमा एकसाल अगाडि मात्र पनि स्ट्यान्ड सिल्करोड सडकको निर्माण भएको छ । प्रत्येक १५ मिनेटमा सदरमुकाम जाने बस, भ्यान पाइन्छ । काठमाडौंको लागि दिवा र रात्री सेवाका दुइवटा बसहरू र केही टाटासुमोहरूको पनि सुविधा छ । प्रमुख व्यवसाय कृषि भए तापनि ब्यापार, शिक्षण पेसा, अन्य नोकरीमा समेत यहाँका मानिसहरू संलग्न छन् ।

लोकसङ्गीत, नृत्य एवं लोकगीतहरू यहाँका पहिचान पनि हुन् । लोककथाको अवस्था चाहिं गुम्सिएको रूपमा भे  टिन्छ । लोककथालाई सङ्कलन गरेर विश्लेषण गर्नु वाञ्छनीय देखिन्छ ।

# चौथो परिच्छेद

## हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूको विश्लेषण

### ४.१ परिचय

लोककथा परम्पराबाट हुर्कँदै आएको पुर्खाको नासो हो । लोककथा निर्माणका सवालमा के कस्ता अवयवहरूको आवश्यकता पर्छ भन्नेमा प्रसस्त मतमतान्तर रहेको पाइन्छ । एकसरो सर्सती सुन्दा लोककथा मनोरञ्जनको साधन मात्र हो भने झैं लागे पनि यसलाई गहिरिएर अध्ययन गर्दा मानवजीवनको विविध पक्षलाई चित्रण गर्छ । यस्तो किसिमको महत्त्व बोकेको लोककथा निर्माणमा विभिन्न तत्त्वहरू समावेश भएका हुन्छन् । लोकसाहित्यका विद्वान्हरू बीच लोककथाको तत्त्वका सन्दर्भमा मतमतान्तर रहेको छ । कसैले लोककथाका तत्त्वहरूमा कथावस्तु, पात्र, कथोपकथन वातावरण, शैली र उद्देश्यलाई लिएका छन् भने कसैले लोकमानस, कथावस्तु पात्र, अभिप्राय, घटनाहरू, संघटनाहरू, कथामानस, अलङ्कारको प्रयोग र वातावरणलाई लोककथाको तत्त्वहरू हुन् भनेका छन् ।

यसरी लोककथाको तत्त्वका बारेमा फरक फरक दृष्टिकोणहरू पाइए तापनि हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूलाई कथावस्तु अभिप्राय, पात्र, परिवेश, भाषाशैली र उद्देश्यका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.२ कथावस्तुको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

लोककथा भित्र विभिन्न कथावस्तुहरू समावेश गरिएको हुन्छ । सामाजिक संरचना, संस्कार, भौगोलिक बनोट अनुसार लोककथाका विषयवस्तुहरू फरकफरक हुन्छन् । हार्नामाडी गा.वि.स. ऐतिहासिक, धार्मिक, पुरातात्त्विक क्षेत्र हो । यसकारण यहाँ प्रचलित कथाहरूको मनोरञ्जनात्मक, नैतिक, धार्मिक, हास्यात्मक, व्यङ्ग्यात्मक, सन्देशात्मक कथावस्तुहरू छन् । यहाँ सङ्कलित कथा कथागत स्वरूप, मूल कथावस्तु, प्रासङ्गिक कथावस्तु, गरी तीन भागमा विभाजन गरेर अध्ययन गरिएको छ ।

४.२.१ कथा सं. १

शीर्षक : लोभको परिणाम, परिशिष्ट 'क'

क) स्वरूप

यस कथामा प्रमुख दुई पात्रहरू छन् । सहायक पात्रहरूमा दुई श्रीमतीहरू राजकुमार, मृगको पाठो आदि रहेका छन् । एउटा साथीलाई छक्याएर समाप्तै पारेको देखिन्छ । अर्को साथीमा भने लोभले घर गरेको छ । लोभले गर्दा ज्यानसमेत जान सक्छ भन्ने कुरालाई यस कथाले पुष्टि गरेको हुनाले यसलाई सामाजिक कथा हो भन्न सकिन्छ ।

ख) मूलकथावस्तु

दुई साथीहरू हुन्छन् । एक लोभी र अर्को छट्टु । छट्टु साथीले लोभी साथीको पैसा हत्याउँछ । हुनै नसक्ने कुरामा पनि विश्वास दिलाएर छट्टु साथीले मृगको पाठोले भात पकाउँछ, मुङ्ग्राले मान्छे बचाउँछ र भीरबाट बोरामा हालेर फ्याँक्दा स्वर्ग पुगी धनसम्पत्ति प्राप्त गर्न सकिन्छ भन्ने जस्ता छल गरी लोभी साथीको ज्यानै लिन्छ ।

ग) प्रासङ्गिक कथावस्तु

यस कथामा प्रयुक्त कथावस्तु नेपाली समाजसँग त्यति प्रासङ्गिक नभए तापनि हल्का प्रासङ्गिक भने छ । लोभमा विलाप जन्मन सक्छ भन्ने झिनो प्रासङ्गिकतालाई यस कथाले बोकेको छ ।

४.२.२ कथा सं. २

शीर्षक : स्यालको जाल, परिशिष्ट 'क'

क) स्वरूप

मानवीय र मानवेतर पात्रहरू प्रस्तुत गरेर कथावस्तुलाई अलिक लामो बनाइएको देखिन्छ । स्याललाई अत्यन्त स्वागत गरी स्यालमा भाषाको प्रयोग गरेको देखाइएकोले कथा सामाजिक नभई पौराणिक हो भन्न सकिन्छ ।

ख) मूलकथावस्तु

स्याल र केटाको मित्रता बढेकोले केटालाई स्यालले विवाह गर्ने वाचा गर्छ । गरगहना चोरेर, लत्ताकपडा कुम्ल्याएर र बेहुली झुक्याएर स्यालले केटाको बिहे गरी संसार छोड्छ ।

ग) प्रासङ्गिक कथावस्तु

चलाकीले गर्दा ठूलै काम पनि हात पर्न सक्छ भन्ने प्रसङ्गलाई कथाले कोट्याएको छ । चर्तुर्‍याइँले ठूलाबडालाई पनि छक्याएर काम हात पार्न सकिन्छ भन्ने सन्देशलाई स्पष्ट पारिएको छ ।

४.२.३ कथा सं. ३

शीर्षक : सानीआमाको कर्तुत, परिशिष्ट 'क'

क) स्वरूप

सानीआमाको बदनियतले केही समय पीडा भोग्न परे पनि पछिको जीवन सुन्दर हुन्छ भन्ने कुरालाई कथाले प्रस्ट्याएको छ । सानीआमा, छोरी, राक्षस र मुसा जस्ता पात्र खडा गरेर आफूले खनेको खाल्डोमा आफैं परिन्छ भन्ने सामाजिक चिन्तनलाई कथाले प्रस्तुत गरेको छ ।

ख) मूलकथावस्तु

सानीआमाले सौतेनी छोरीलाई बोरामा हालेर जङ्गलमा छोड्नु, बोराको मुख खोल्न सफल भएर राक्षसको घरमा पुग्नु, धन सम्पत्ति लिएर घर आउनु, सानी आमाले खुसी प्रकट गर्नु, आफ्नै छोरीलाई पनि सौतेनी छोरीलाई जस्तै जङ्गलमा छाड्नु अन्त्यमा राक्षसको पन्जामा परी मरेको देखाउनु मूलकथावस्तु रहेको छ ।

ग) प्रासङ्गिक कथावस्तु

समाजमा सौतेनी आमाले गर्ने अमानवीय व्यवहारलाई कथाले प्रसङ्ग बनाएको छ । अरूलाई दु:ख दिन खोज्दा आफ्नै सर्वस्व हुने यथार्थलाई कथाले प्रस्ट्याएको छ ।

४.२.४कथा सं. ४

शीर्षक : मूर्खहरूको अपराध, परिशिष्ट 'क'

क) स्वरूप

मूर्ख गाउँलेहरू र उपदेशक शिक्षकलाई पात्रको रूपमा उभ्याएर मूर्खहरूले अर्तीलाई ग्रहण गर्न सक्दैनन् भन्ने तथ्यलाई कथामा देखाइएको छ । मूर्खलाई बुद्धिमान् बनाउन खोज्दा परिणाम उल्टो आउने कुराको कथाले निक्यौंल गरेको छ ।

ख) मूलकथावस्तु

कुनै गाउँमा मूर्खहरूको भीड हुनु एउटा शिक्षक चेतना दिन जानु, मूर्खहरूले बुद्धिमान् बन्ने कारण शिक्षकलाई सोध्नु तर गलत निर्णय गरेर शिक्षकलाई मारेर मासु खाए पछि बुद्धिको विकास हुने सोच्नु र शिक्षकको हत्या गरेको देखाउनु कथाको मूलकथावस्तु हो ।

ग) प्रासङ्गिक कथावस्तु

कथाले सामाजिक प्रसङ्गलाई बोकेको छ । समाजमा मूर्खहरू हुन्छन् । उनीहरूलाई चेतना दिन सकिन्छ तर बुद्धिमान्हरू मूर्खहरूको अगाडि अवगुणी हुन्छन् । गुनको वदलामा खुन समेत लिने प्रासङ्गिक कथावस्तुलाई कथाले अघि सारेको छ ।

४.२.५ कथा सं. ५

शीर्षक : बहिनीको बलि, परिशिष्ट 'क'

क) स्वरूप

चार दाजुभाइ र एउटी बहिनी ज्वाइँ र मुरली समेतलाई पात्र बनाइएको छ । कथानक अनुसार कथा पौराणिक स्वरूपको देखिन्छ । मानिसको बलि दिने प्रचलन अनि मरेको मानिस आत्म बनेर मुरलीमा प्रवेश गरी श्रीमान्को गुप्त रूपमा हेरचाह गरेको घटनाले प्रेमपरक विषय समेत कथामा वर्णित छ ।

ख) मूलकथावस्तु

चारदाजुभाइकी एक बहिनी हुनु, कुलो खन्दा पानी नचल्नु, मानिसको बलि दिएमा कुलोमा पानी चल्ने कुरा पत्ता लगाउनु र आफ्नै बहिनीलाई बलि दिनु, मरेकी बहिनीको आत्मा बनेर मुरलीमा प्रवेश गर्नु, मुरलीबाट निस्किएर घरधन्दामा लाग्दा श्रीमान्ले पक्रनु र आत्म मानिसको रूपमा परिणत भई खुसी जीवन बिताउनु मूलकथावस्तु रहेको छ ।

ग) प्रासङ्गिक कथावस्तु

आफ्नो स्वार्थपूर्तिको लागि अरूलाई दु:ख दिने प्रसङ्गलाई कथामा जोडिएको छ । पौराणिक विषयवस्तु भए तापनि श्रीमान् श्रीमतीको पवित्र प्रेम र माइतीको निर्दयी व्यवहारलाई कथाले पस्ट्याएको छ ।

४.२.६ कथा सं. ६

शीर्षक : स्वर्ग जाने अजिङ्गर, धनकमाउने केटो, परिशिष्ट 'क'

क) स्वरूप

मानवीय र मानवेतर पात्रको चयन गरी कथावस्तुलाई सामाजिक धार्मिक स्वरूपमा शृङ्खलित गरिएको छ । आफ्नो स्वार्थलाई भन्दा अरूको स्वार्थमा ध्यान दिँदा आफैलाई फाइदा हुने विषयलाई कथाले आकार बनाएको छ ।

ख) मूलकथावस्तु

मदरा नदी जहिल्यै पनि धमिलो हुनु, धमिलो हुनाको कारण सोध्न एउटा केटो निस्कनु, बाटोमा विभिन्न समस्या भएका मानिस भेट्नु, अजिङ्गरले स्वर्ग जान नपाएको कारण सोधेर आउन लगाउनु, मणिको कारण अजिङ्गर मर्नु, पानी धमिलो हुन छाड्नु र केटाले प्रसस्त धन कमाउनु यस कथाको मूलकथावस्तु हो ।

ग) प्रासङ्गिक कथावस्तु

यस कथाले सामाजिक धार्मिक प्रसङ्गलाई पृष्ठभूमि बनाएको छ । व्यक्तिगत स्वार्थ भन्दा अरूको स्वार्थमा निर्णय गर्दा लाभ मिल्ने प्रासङ्गिक कथावस्तु कथामा बुनिएको छ ।

४.२.७ कथा सं. ७

शीर्षक : छुच्ची स्वास्नी ज्यानमारा ढिकी, परिशिष्ट 'क'

क) स्वरूप

श्रीमान् र छुच्ची स्वास्नी प्रमुख पात्र भएको यस कथामा श्रीमती अत्यन्त छुच्ची स्वभावकी हुन्छे । पाहुनापासालाई बहाना बनाएर घरबाट धपाउँछे । श्रीमान् दयालु देखिन्छ तर उसमा चतुरपन हुँदैन । ढिकी मिल्काउँदा भिरबाट खसेर उसको ज्यान जान्छ । यस हिसाबले यो कथा सामाजिक स्वरूपमा संरचित छ ।

ख) मूलकथावस्तु

कुनै गाउँमा श्रीमान् श्रीमती बस्छन् । छुच्ची स्वभावकी श्रीमतीले घर आएको पाहुनालाई श्रीमान्ले पिट्छन् भन्ने बहानामा घरबाट धपाउँछे । श्रीमान् गाउँबाट आएपछि पाहुनाको पछिपछि पर्खनुहोस् भन्दै जान्छ । पाहुनाहरू साँच्चै पिट्न आयो भनेर भाग्छन् ।

ढिकी कुट्दा ढिकीको आवाज श्रीमान् खाउँ भन्ने सुनेकोले ढिकी भीरबाट फ्याँक्न भनी श्रीमान् ढिकी बोकेर जान्छ । त्यही ढिकीले सोरेर श्रीमान्को ज्यान जान्छ ।

ग) प्रासङ्गिक कथावस्तु

यस कथाले सामाजिक प्रसङ्गलाई प्रस्तुत गरेको छ । कतिपय मानिसहरू पाहुना भगाउने प्रवृत्तिका हुन्छन् । कतिपय मानिसहरू पाहुना पल्काउने हुन्छन् । श्रीमतीको अनावश्यक चतुऱ्याइँले श्रीमान्को प्रतिष्ठामा जाँच आउने कुरा देखाइएको छ । आफ्नो सोझोपनको कारणले मृत्यु समेत हुन सक्छ भन्ने सामाजिक विषयलाई कथाले प्रासङ्गिक कथावस्तु बनाएको छ ।

४.२.८ कथा सं. ८

शीर्षक : बुद्धिको प्रतिफल

क) स्वरूप

समाजमा विविध खाले पात्रहरू हुन्छन् । कुमार दमाईलाई प्रमुख पात्र बनाएर कथालाई अत्यन्त कलात्मक बनाउने प्रयास भएको छ । राजा, राक्षस, चरा जस्ता पात्रहरू खडा गरेर बलले भन्दा बुद्धिले गतिलो काम गर्न सक्ने यथार्थलाई कथाले प्रस्ट्याएको छ ।

ख) मूलकथावस्तु

एक राजा राक्षसहरूले दु:ख दिएकोमा अत्यन्त दु:खी बन्दै राक्षस मार्नेलाई छोरी दिने वाचा गर्छन् । कुमार दमाइले राक्षसलाई विभिन्न जाल गरेर मार्छ र टाउको काटी राजाकोमा चढाउँछ । खुसी हुँदै छोरीको बिहे कुमार दमाईसँग गरिदिन्छन् ।

ग) प्रासङ्गिक कथावस्तु

यस कथाले पौराणिक विषयवस्तुलाई प्रसङ्ग बनाए पनि सामाजिक विषयवस्तुको पनि चित्रण गरेको छ । बुद्धि ठूलो हुन्छ भन्ने प्रसङ्ग कथाले बनाएको छ ।

### ४.२.९ कथा सं. ९

शीर्षक : संयोग, परिशिष्ट 'क'

क) स्वरूप

मध्यम खालको कथावस्तु भएको यस कथाले संयोगले सफलता मिल्न सक्छ भन्ने कुरालाई दर्साएको छ । एक केटालाई प्रमुख पात्र बनाएर विभिन्न घटना घटाइएको छ । परिबन्दले मानिस चर्चामा आउँछ, संयोगले जिम्मेवारी पूरा हुँदै जान्छ भन्ने मान्यतालाई कथाले प्रस्ट्याएको छ ।

ख) मूलकथावस्तु

एक केटो श्रीमती लिन ससुराली जान्छ । साँझमा ससुरालीको करेसामा बसी चियो बस्न  थाल्छ । श्रीमती र सासूले सेल रोटी हाल्न थाल्छन् । जतिवटा सेलरोटी हाल्यो उतिपटक सिन्का भाँचेर राख्छ । भोलिपल्ट सेलरोटीको संख्या मिलाउँछ । ज्योतिषीको नामले चर्चामा आउँछ । एउटाको घोडा हराएको हुन्छ संयोगवश उखु बारीमा दिसा बस्न जाँदा घोडा पत्ता लगाउँछ । यस्तै गरी राजाको हिराको हार समेत संयोगवश पत्ता लगाएर मन्त्री बन्छ । खुसीसाथ जीवनयापन गर्छ ।

ग) प्रासङ्गिक कथावस्तु

यस कथाले संयोगको प्रसङ्गलाई लिएको छ । मानिस संयोगवश चर्चामा आउने र जोखिममा पर्ने गर्छ । अन्तत: संयोगकै कारणबाट सफलता मिल्ने प्रासङ्गिक कथावस्तु कथामा वर्णित छ ।

### ४.२.१० कथा सं. १०

शीर्षक : जस्तालाई त्यस्तै ढिँडालाई निस्तै, परिशिष्ट 'क'

क) स्वरूप

दुई दाजुभाइ, बुढाबुढी पात्र बनाएर सामाजिक विषयवस्तुलाई कथाले हास्यात्मक ढङ्गले प्रस्तुत गरेको छ । समाजमा अत्तो थापेर अरूलाई दु:ख दिने र ठगी गर्ने प्रवृत्ति भएका मानिसहरूले अन्तत: दु:ख पाउँछन् भन्ने यथार्थलाई कथाले खुलस्त गरेको छ ।

ख) मूलकथावस्तु

दुई दाजुभाइमध्ये एउटा दाजु सोझो हुन्छ । कामको खोजीमा जाँदा बुढाबुढीको ठगीमा पर्छ । घर फर्केर सबै कुरा भाइलाई बताउँछ । भाइचाहिँ बदला लिने मनसायले जान्छ । काँचो पिठो घोलेर खाने सर्तमा बास बस्छ । राती पेट गडबड भएपछि भाँडाकुडाँमा दिसा गर्छ । बुढाबुढीलाई छक्याएर हिँड्छ । बुढाबुढीले अन्तमा सास्ती पाउँछन् ।

ग) प्रासङ्गिक कथावस्तु

समाजमा गलत नियत बनाएर अरूलाई ठगी गर्ने प्रवृत्तिलाई कथाले दर्साएको छ । आफूले बनाएको गलत योजनाले आफैंलाई हानी हुने र पश्चात्ताप गर्नु सिवाय अन्य विकल्पै हुँदैन भन्ने प्रासङ्गिक कथावस्तुलाई कथाले समेटेको छ ।

४.२.११ कथा सं. ११

शीर्षक : बहिरा बहिरी, परिशिष्ट 'क'

क) स्वरूप

सबै पात्रहरू बहिरा छन् । एउटा कुरा गर्दा अर्कै सुन्ने प्रवृत्तिका पात्रहरूको उपस्थितिले कथालाई रोचक र हास्यव्यङ्ग्यात्मक बनाएको छ । कान नसुन्ने मानिसहरूबाट अर्थको अनर्थ लाग्ने वास्तविकतालाई कथाले आफ्नो आकार बनाएको छ ।

ख) मूलकथावस्तु

आमा, बाबा, छोरा, बुहारी, छोरी सबै बहिरा छन् । जोत्न गएको छोरोलाई खाजा पुऱ्याउन बुहारी जानु, गोरु बेच्दिन भन्दा खाए खाऊ नखाए नखाऊ भनी घर फर्किनु, खाजा नखाएको कुरा गर्दा भरखर जोत्न गएको छोरो मऱ्यो भन्न आउँछे भनी सासूले बुहारीलाई भन्नु, बुढीको कुरा सुन्दा बुढेसकालमा सख्खर चोर दोष लगाउँछे भनी बुढाले भन्नु सबैको बिहे भइसक्यो मेरो चाहिँ बिहे गरे गर नगरे नगर भनी छोरी हिँड्नु मूलकथावस्तु हो ।

ग) प्रासङ्गिक कथावस्तु

समाजमा बहिरा बहिरीहरू हुन्छन् । उनीहरूको संवाद हुँदा अर्थको अनर्थ सुन्ने प्रसङ्गलाई कथाले समेटेको छ । एउटा परिवारका सबै सदस्य कान नसुन्ने हुँदा काम कुराको निधो नपाई समस्या खडा हुने विषयवस्तु कथामा प्रासङ्गिक कथावस्तुको रूपमा आएको छ ।

### ४.२.१२ कथा सं. १२

### शीर्षक : हराएकी जुलिनी, परिशिष्ट 'क'

#### क) स्वरूप

कथावस्तुको आकारको हिसाबले भन्नु पर्दा छोटो स्वरूपमा कथा संरचित छ । तार्किक हिसाबले व्यवहार गरेमा सफलता मिल्ने कुरालाई कथाले उजागार गरेको छ । सामाजिक तार्किक विषयवस्तुलाई कथाले समेटेको छ ।

#### ख) मूलकथावस्तु

तीन राजकुमारहरू आफ्नो राज्य छोडेर हिँडेका हुन्छन् । बाटोमा जुलिनीको पाइला भेट्छन् । कुनै अर्कै राज्यबाट जुलिनी हराएकी हुन्छे । जुलिनीको पाइलाबाट जुलिनी नै हो भन्ने तार्किक पहिचान गर्न सफल भएकोले राजकुमारहरूलाई मन्त्री बनाएर राजाले सम्मान गर्छन् । यस्तैमा कथावस्तु टुङ्गिन्छ ।

#### ग) प्रासङ्गिक कथावस्तु

यस कथामा तार्किक प्रसङ्ग आएको छ । मानिसहरूले अडकल र अनुमानबाट सत्यकुराको पहिचान गर्न पनि सक्छन् भन्ने प्रासङ्गिक कथावस्तु रहेको छ ।

### ४.२.१३ कथा सं. १३

### शीर्षक : चट्टु र छट्टु, परिशिष्ट 'क'

#### क) स्वरूप

चट्टु र छट्टु मुख्य पात्र भएको यस लोककथामा सामाजिक विषयवस्तु को उठान गरिएको छ । छट्टुहरू पनि अर्को छट्टुद्वारा छलमा पर्छन् भन्ने कुरालाई कथाले सम्प्रेषण गरेको छ । कथाले सामाजिक स्वरूप अंगालेको छ ।

#### ख) मूलकथावस्तु

चट्टु र छट्टु नामक दुई पात्रहरू हुन्छन् । यिनले मानिसहरूलाई छल गर्छन् । चट्टुले कागजको तरवार र छटटुले गोबरमा घ्यु मिसाएर एक अर्कालाई बेच्छन् । दुवैको मिल्ती हुन्छ । एक महाजनको मृत्यु भएपछि महाजनको छोरो बनेर सम्पत्ति हडप्छन् । अर्को

कुनै छट्टु महाजनको छलमा परेर सुनको डबका लुटाउँछ । अन्तमा बाँकी सम्पत्ति बाँडेर चित्त बुझाउँछन् ।

ग) प्रासङ्गिक कथावस्तु

समाजमा छट्टुहरू हुन्छन् । तिनीहरूले जालझेल गरेर कसैको सम्पत्ति हत्याउन पनि सक्छन् भन्ने प्रासङ्गिक कथावस्तु समेटेको छ ।

४.२.१४ कथा सं. १४

शीर्षक : तोरी फुले गाउँ, ज्वाइँ मेरो नाउँ, परिशिष्ट 'क'

क) स्वरूप

यस लोककथा व्यङ्ग्यात्मक स्वरूपमा संरचित छ । आमा, छोरी र ज्वाइँ जस्ता पात्रहरू प्रस्तुत गरेर मानिस जालमा पर्न सक्छ भन्ने व्यङ्ग्यात्मक प्रस्तुतिलाई कथाले आफ्नो स्वरूप बनाएको छ ।

ख) मूलकथावस्तु

आमा छोरी अन्तकतै सहरतिर गइरहेका हुन्छन् । बिचमा खोलो तर्न पर्ने हुन्छ । एक युवक त्यहाँ आइपुग्छ । तिनीहरू चिनजान गर्ने क्रममा केटोले तोरी फुले गाउँ ज्वाइँ मेरो नाउँ भनेर परिचय दिन्छ । पहिला छोरीलाई खोलो तार्छ, खोलो तार्ने बहानामा छोरी टप्काउँछ । ज्वाइँले छोरी लग्यो भनेर आमा चाहिँ कराउँछे, तर सुन्नेहरूले ठिक भो ठिक भो भनेर जवाफ दिन्छन् ।

ग) प्रासङ्गिक कथावस्तु

यस कथामा छल, बल र व्यङ्ग्यलाई प्रस्तुत गरिएको छ । मूलत: हास्यव्यङ्ग्यात्मक प्रासङ्गिक कथावस्तु समेटिएको छ ।

४.२.१५ कथा सं: १५

शीर्षक : परिबन्द, परिशिष्ट 'क'

क) स्वरूप

युवती र युवक प्रमुख पात्र रहेको यो लोककथा सामाजिक विषयमा आधारित छ । मानिसहरू अकस्मात् परिबन्दमा पर्छन् र अन्त्यमा सत्यकै जित हुन्छ भन्ने सामाजिक स्वरूपमा कथा संरचित छ ।

ख) मूलकथावस्तु

यात्रामा निस्किएको युवकलाई एक अन्जान युवतीले मन पराई तर युवकले युवतीको प्रस्तावलाई अस्वीकार गरेपछि आफ्नै वस्त्रहरू च्यातेर युवकलाई बलात्कारको अभियोगमा फसाउँछे । तर युवकको दुबै हात नभएको कारणले सत्य कुराको पर्दाफास हुन्छ र युवक फाँसीबाट बच्छ ।

ग) प्रासङ्गिक कथावस्तु

समाजमा कतिपय पात्रहरू यस्ता हुन्छन् जो प्राप्ति नभए पछि फसाउने षड्यन्त्र गर्छन् तर अन्ततः सत्यकै पर्दाफास भई सत्यकै जित हुने कथाले प्रासङ्गिक कथावस्तु बनाएको छ ।

४.२.१६ कथा सं.: १६

शीर्षक : गुफाको देवता, परिशिष्ट 'क'

क) स्वरूप

प्रस्तुत लोककथा छोटो सामाजिक विषयमा आधारित छ । आफ्नै परिवारलाई समेत छक्याउने घटिया मानिसको स्वभावलाई कथाले प्रस्तुत गरेको छ ।

ख) मूलकथावस्तु

बुढा र बुढी प्रमुख पात्र हुन्छन् । आर्थिक अवस्था सुधार होस् भन्ने कामनाले भगवान्को पूजा आजामा लाग्छन् तर बुढाले नै गुप्त रूपमा भगवान् बनेर चढाएका खानाका परिकार खान्छ । अन्त्यमा बुढीले बुढाको हर्कत थाहा पाएपछि गुफामा आगो लगाइदिन्छे र बुढो गुफाबाट कराउँदै निस्किएर पश्चात्ताप गर्छ ।

ग) प्रासङ्गिक कथावस्तु

कतिपय मानिसहरू आफ्नो परिवार र जिम्मेवारीलाई बिर्सन्छन् । परिवारलाई नै छक्याएर आफ्नो व्यक्तिगत आवश्यकतामा लुप्त हुन्छन् भन्ने प्रासङ्गिक कथावस्तु यस लोककथामा रहेको छ ।

## ४.३ अभिप्रायको आधारमा हर्नामाडीमा प्रचलित लोककथाको विश्लेषण

'अभिप्राय' शब्द इटालेली भाषामा आएको मोटिफ (Motif) शब्दको नेपाली रूपान्तर हो । अङ्ग्रेजीमा अभिप्रायलाई मोटिभ (Motive) भनिन्छ । लोकसाहित्य, सङ्गीत, चित्रकला, साहित्य आदिमा अभिप्रायको प्रयोग पाइन्छ । लोकसाहित्यको सन्दर्भमा अभिप्रायले सारभूत अंश वा तत्त्वलाई जनाउँछ ।

लोककथाका क्षेत्रमा यसको गहन अध्ययन गरिएको छ । यसको अध्ययनमा स्टिथ टम्सन, एन्टी आर्ने र मोरिस ब्लुमफिल्डले लोककथाको निर्माणमा अभिप्रायको भूमिका भवन निर्माणमा इँटाको जस्तै हुन्छ भनेका छन् । त्यस्तै मर्टिन ग्रेले साहित्यमा बारम्बार पुनरावृत्त भइरहने चरित्र, विषयवस्तु, बिम्ब आदि केही पक्षलाई अभिप्राय भनिन्छ भनेर अभिप्रायको परिभाषा दिएका छन् । वास्तवमा अभिप्राय भनेको उही वा भिन्न कृतिमा पटक पटक पुनरावृत्त भइरहने स्थिर वा असाधारण विषय, घटना, चरित्र, बिम्ब, प्रतीक, भाषिक ढाँचा आदि कथानक निर्माणका लघुतम एकाइ हो ।

अभिप्रायको आधारमा लोककथालाई पहिचान गर्न सकिन्छ । हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूलाई पनि अभिप्रायको आधारमा पहिचान गरी विश्लेषण गर्न सकिन्छ । हर्नामाडीका लोककथाहरूमा देश, काल, वातावरण, चरित्र, विषय आदि पुनारावृत्त भएको पाइन्छ । प्रस्तुति, घटना र विचारको कोणबाट तालिका सङ्ख्या ४मा सङ्कलित लोककथाहरूको अभिप्राय विश्लेषण गरिएको छ ।

स्रोत: नेपाली लोक साहित्य, चूडामणी बन्धु, काठमाडौं एकता बुक्स ।

## अभिप्राय विश्लेषण तालिका

ता.सं. ४

| क्र.सं. | कथाको शीर्षक | प्रस्तुति | घटना | विचार |
|---|---|---|---|---|
| १. | लोभको परिणाम | १) धेरै पहिलेको कुरा हो बाट सुरु भएको,<br>२) कथाको विषयवस्तु सबल रहेको,<br>३) शीर्षक अनुसार कथावस्तु रहेको, | १) मुख्यपात्र अत्यन्त छट्टु,<br>२) ठग्न भनी जानु,<br>३) मित्रलाई छलगरी सिध्याउनु, | १) देश, काल, वातावरण अनुसार चल्न सक्नुपर्ने ।<br>२) मित्रतामा स्वार्थको भरपुर प्रयोग गर्नु ।<br>३) हरेक क्रियाकलापमा अत्यन्त चनाखो हुनुपर्ने । |
| २. | स्यालको जाल | १) एकादेशमा बाट सुरु भएको,<br>२) कथावस्तुमा चतुऱ्याइँको प्रयोग भएको,<br>३) शीर्षक अनुसार कथावस्तु टुङ्गिनु, | १) मुख्य पात्र स्याल अत्यन्त जाली देखिनु ।<br>२) स्याल जनावर भएपनि कुराकानी गराएको देखाउनु ।<br>३) जाल गरेरै भए पनि स्यालले केटाको बिहे गराउनु । | १) बुद्धि पुऱ्याएमा काम सफल हुन्छ भन्ने देखाउनु ।<br>२) गुनको बदला गुनै गर्नु पर्छ अन्यथा धोका पाइन्छ । |
| ३. | सानीआमाको कर्तुत | १) एकादेशमा बाट सुरु भएको,<br>२) मानवीय र मानवेतर दुवै पात्रको सफलता देखाउनु,<br>३) शीर्षक अनुसार कथावस्तु टुङ्गिनु । | १) सानीआमाले सौताको छोरीलाई मार्ने षड्यन्त्र गरेको ।<br>२) लोभमा परेर आफ्नै छोरीलाई पनि राक्षसको मुखमा पुऱ्याएको । | १) धैर्य र परोपकारले मृत्युलाई समेत जित्न सकिन्छ भन्ने धारणा प्रस्तुत भएको ।<br>२) सानीआमा निर्दयी हुन्छन् भनेर देखाउनु । |
| ४. | मूर्खहरूको अपराध | १) एउटा गाउँ थियो बाट सुरु भएको ।<br>२) गाउँ बस्ती नै बुद्धिहीन देखाउनु । | १) मुख्य पात्र शिक्षक हुनु ।<br>२) सहायक पात्रहरूले शिक्षकलाई मार्नु । | १) मूर्खहरूलाई चेतना दिन कठिन हुने देखाउनु।<br>२) बुद्धिको प्रयोग सोचविचार गरेर गर्नु । |

| | | | | |
|---|---|---|---|---|
| ५. | बहिनीको बलि | १) धेरै अघिको कुरा हो बाट सुरु भएको,<br>२) चार दाजु भाइको एक बहिनीलाई प्रमुख पात्रको रूपमा देखाउनु, | १) स्वार्थमा परेर आफ्नै बहिनीलाई पनि बलि दिएको देखाउनु ।<br>२) आफ्नी पत्नीलाई आत्माबाट वास्तविक पत्नीमा परिणत गराउन सफल भएको देखाउनु । | १) स्वार्थमा डुबेपछि र अन्धविश्वासलाई स्विकारेपछि आफ्नै रक्तनातालाई पनि मार्न सक्छन् भन्ने देखाउनु ।<br>२) प्रेममा अदृश्य शक्ति हुन्छ । |
| ६. | स्वर्ग जाने अजिङ्गर धन कमाउने केटो | १) एकादेशमा बाट सुरु,<br>२) मानवीय पात्रलाई सफल देखाउनु, | १) प्रमुख पात्र समस्या समाधान गर्न निस्कनु,<br>२) अजिङ्गरको मणि लिएपछि अजिङ्गर मर्नु र केटोले प्रशस्त धन कमाएको देखाउनु । | १) आफ्नो समस्यालाई भन्दा अरूको समस्यामा ध्यान दिँदा राम्रो प्रतिफल पाउने कुराको शङ्खघोष । |
| ७. | छुच्ची स्वास्नी ज्यानमारा ढिकी | १) अघिको कुरा हो बाट सुरु,<br>२) स्वास्नीलाई चतुर देखाउनु,<br>३) श्रीमान्लाई मूर्ख इमान्दारको रूपमा प्रस्तुत गर्नु । | १) प्रमुख पात्र श्रीमतीले पाहुना भगाउनु ।<br>२) श्रीमान्ले ढिकी फ्याँक्न जाँदा मृत्यु, | १) पाहुना भगाउने प्रवृत्तिलाई प्रस्तुत गर्नु ।<br>२) अनावश्यक चलाखीले अनिष्ट निम्त्याउने । |
| ८. | बुद्धिको प्रतिफल | १) धेरै पहिलेको कुरा हो बाट सुरु भएको ।<br>२) मानवीय पात्र कुमार दमाईलाई सफल देखाउनु ।<br>३) मानव र दानव बिचमा प्रतिस्पर्धा गराएको । | १) राक्षसहरूले मानव राज्यमा दु:ख दिएको देखाउनु ।<br>२) राक्षस मार्नेलाई छोरी दिएर सम्मान गर्नु । | १) बुद्धिले बललाई परास्त गर्छ भनेर देखाउनु ।<br>२) सामान्य मानिसमा पनि असाधारण क्षमता हुन्छ भन्ने सन्देश, |
| ९. | संयोग | १) धेरै अघिको कुरा हो बाट सुरु भएको ।<br>२) सामान्य घटनाले विकराल परिस्थितिको सामना गर्नु परेको पात्रको क्रियाकलाप,<br>३) शीर्षक अनुसार कथा सार्थक हुनु । | १) प्रमुखपात्र संयोगवश ज्योतिषीको नामले चर्चित भएको ।<br>२) संयोगवश समस्याहरू सफल हुँदै मन्त्री समेत बनेको देखाउनु, | १) संयोगले मानिस अकल्पनीय सफलतामा पुग्न सकिन्छ भन्ने देखाउनु । |

| | | | | |
|---|---|---|---|---|
| १०. | जस्तालाई त्यस्तै ढिँडालाई निस्तै | १) एकादेशमा बाट सुरु,<br>२) शीर्षक अनुसार पात्रहरूलाई प्रयोग गर्नु, | १) बदमास प्रवृत्तिका मानिसले पछि धोका पाउनु,<br>२) मुख्य पात्र अत्यन्त सक्रिय भई बदला तिरेको, | १) आफुले खनेको खाल्डोमा आफैं परिन्छ ।<br>२) संयमित भएर काम गर्दा समस्याबाट मुक्त भइने । |
| ११. | बहिरा बहिरी | १) हर्नामाडीको फुर्केचौरमा बाट सुरु भएको,<br>२) पात्रहरू सबै बहिरा देखाउनु, | १) कान नसुन्ने कारणले एउटा कुरा भन्दा अर्कै सुनेर समस्या पैदा भएको, | १) बहिराहरूले समयमा नै कान उपचार नगरे समस्या आउने कुराको हाँस्यात्मक प्रस्तुति, |
| १२. | हराएकी जुलिनी | १) एकादेशमा बाट सुरु भएको,<br>२) राजकुमारहरूलाई मुख्य पात्रहरू बनाइएको,<br>३) तार्किक क्षमतालाई प्रस्ट्याउनु, | १) कथाको एक पात्र हराउनु,<br>२) अचानक रूपमा सफलता हात पार्नु, | १) तार्किक क्षमताले पदीय सम्मान पाउने । |
| १३. | चट्टु र छट्टु | १) एकादेशमा एउटा सानो गाउँ थियो बाट सुरु भएको, | १) चट्टु र छट्टु मुख्य पात्र बनाई प्रसस्त पैसा कमाउन सफल भएको, | १) छट्टुहरूले सिधा मानिसहरूलाई छल गर्न सक्छन् । |
| १४. | तोरी फुले गाउँ ज्वाइँ मेरो नाउँ | १) एक जमाना को कुरा हो बाट सुरु भएको,<br>२) हास्यव्यङ्ग्यात्मक विषयको प्रस्तुति, | १) कथाको मुख्य पात्रले अपरिचित महिला टप्काउनु, | १) विश्वासमा पर्दा अन्तर्घात हुन सक्ने । |
| १५. | परिबन्द | १) एकादेशमा बाट सुरु भएको,<br>२) कामुक आकर्षणको प्रस्तुति, | १) युवती र युवकलाई प्रमुख पात्र बनाई युवतीले युवकलाई बलात्कारको अभियोगमा फसाउन खोजेको, | १) परिबन्दले मानिसलाई अनायासै असहज बनाउँछ, |
| १६. | गुफाको देवता | १) एकादेशमाबाट सुरु,<br>२) श्रीमतीलाई समेत झुक्याएर चनाखो बन्न खोज्नु । | १) श्रीमान् श्रीमतीले भूमे देवताको पूजा गरी आर्थिक उन्नति चाहनु, | १) अनावश्यक चलाकी गरेर झुक्याउँदा पश्चात्तापमा जल्न बाध्य हुने, |

यसरी माथिको अभिप्राय विश्लेषण तालिकामा पाठकलाई कथा ग्रहण गर्न सजिलो हुन्छ भन्ने कुरालाई प्रस्ट्याउन सकिन्छ । अभिप्रायले कस्ता खाले कथाहरू समुदायमा प्रचलनमा छन् भन्ने कुराको सजिलै पहिचान गर्न सकिन्छ । कथावाचकले कथामा अलङ्कार प्रयोग गर्छन् । यसले कथालाई मिठासपूर्ण त बनाउँछ नै त्यसमा पनि कथाको विषयवस्तुलाई भन्दा अभिप्रायलाई महत्त्व दिन्छन् ।

## ४.४ पात्र/चरित्रको आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

पात्रलाई कथाको महत्त्वपूर्ण तत्त्व मानिन्छ । लोककथालाई अत्यन्त प्रभावकारी, रोमाञ्चक र कौतुहलपूर्ण बनाउन पात्रको अत्यन्त ठूलो भूमिका हुन्छ । लोककथाको कथावस्तुलाई कार्य व्यापारमा रूपान्तरण गर्ने पक्ष नै पात्र हो । लोककथामा शिष्ट कथामा भन्दा फरक प्रवृत्तिका पात्रहरू चयन गरिएको हुन्छ। पात्रहरू विभिन्न प्रवृत्तिका हुन्छन् । मानिस देवीदेवता परी, राक्षस, बोक्सी, धामीझाँक्री, पशुपक्षी, बोटबिरुवा, हावापानी जस्ता पात्रहरूलाई लोककथामा समावेश गराइन्छ ।

लोककथाका प्रमुख पात्र एवं नायकनायिका आदर्शवान्, धैर्यवान्, सङ्घर्षशील देखिन्छन् । आदर्शवान पात्रहरूलाई अनुकुल वातावरण तयार गरिन्छ । सत् पात्रहरूको विजय र असत् पात्रहरूको पराजय एवं पतन देखाइन्छ । मानवेतर पात्रहरूमा पनि भाषाको प्रयोग गराइन्छ । साथै मानवीय पात्रहरूलाई मानवेतर पात्रहरूले सहयोग गरेको घटना घटाइन्छ । पात्रहरूमा अथाहा शक्ति देखाएर देशदेशान्तर क्षणमै घुम्न सक्ने, राक्षसहरूसँग लड्न सक्ने, देवीदेवताहरूसँग संवाद गर्न सक्ने जस्ता भयानक कार्यहरू पात्रहरूद्वारा गराइन्छ । लोककथामा पात्रहरूलाई विशेष महत्त्वको रूपमा हेरिन्छ ।

हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरू विभिन्न प्रकृतिका छन् । कोही प्रमुख पात्रहरू छन् भने कोही सहायक त कोही गौण पात्रहरूको कथामा वर्णित छन् । यिनै पात्रहरूको सहायताबाट कथावस्तुलाई कार्यव्यापारमा परिणत गराइएको छ । पात्रहरूको भूमिकाअनुसार महत्त्व दिनुपर्ने मध्यम खालको र अत्यन्त न्यून महत्त्व बोकेका पात्रहरू लोककथामा समावेश हुन्छन् । हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूलाई मुख्य, सहायक र गौणपात्रहरूमा विभाजन गरी विश्लेषण गरिन्छ ।

४.४.१.१ कथा सं १

शीर्षक : लोभको परिणाम, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस कथाको प्रमुख पात्र लोभी र छट्टु दुई जना साथीहरू छन् । लोभी साथीले छट्टु साथीका सामानहरूप्रति लोभ गर्दछ । छट्टु साथीले लोभी साथीलाई सर्वस्व पारेर हत्यासमेत गर्न सफल हुन्छ ।

**ख) सहायक पात्र**

यस लोककथामा मृगको पाठो, मुङग्रो र छट्टु साथीकी श्रीमती देखापरेका छन् । श्रीमान्ले भने झैं अभिनय गर्न छट्टुकी श्रीमती सफल भएकी छे ।

**ग) गौण पात्र**

यस लोककथामा राजकुमारलाई गौण पात्रको रूपमा प्रस्तुत गरिएको छ । छट्टुले जाल गरेर बोरामा हाली भिरबाट गुल्टाएर मारेको छ । राजकुमार भए पनि हुस्सु प्रकारको पात्र हो ।

४.४.१.२ कथा सं २

शीर्षक : स्यालको जाल, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथाको प्रमुख मानवेतर पात्र स्याल हो । स्यालले विभिन्न जाल गरेर सहायक पात्र केटाको बिहेसमेत गराइदिन सफल भएको छ । जाल गरेर भए पनि मानवीय पात्रलाई स्यालले सहयोग गरेको छ ।

**ख) सहायक पात्र**

यस लोककथाको सहायक पात्र एउटा केटा हो । आफ्नो विवाह गराइदिन वाचा गर्ने स्याललाई सहयोग गर्दै विवाह सम्पन्न भएपछि स्यालको स्वागत समेत गरेको छ ।

**ग) गौण पात्र**

यस कथामा प्रयुक्त कतिपय पात्रहरूको उल्लेख्य भूमिका छैन । क्षणभरमै देखा परेर क्षण भरमै अस्ताएका छन् । धोबिनीहरू, आमा, पसले, राजा, राजकुमारी आदि गौण पात्रहरू हुन् ।

४.४.१.३ कथा सं ३

शीर्षक : सानीआमाको कर्तुत, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा सानीआमा र सौतेनी छोरी मुख्य पात्रको रूपमा रहेका छन् । सानीआमाले सौतेनी छोरीलाई मार्ने योजना बनाएकी छे भने सौतेनी छोरी मृत्युबाट बच्न सफल भएकी छे ।

ख) सहायक पात्र

यस कथामा राक्षसलाई सहायक पात्र बनाइएको छ, जसले सौतेनी छोरीलाई खान सकने तर अर्की छोरीलाई भने खाएको देखाएको छ ।

**ग) गौण पात्र**

यस लोक कथामा छोरी झुलुक्क देखा परेपछि मृत्यु वरण गर्न पगेकी छे । यसको खासै भूमिका छैन । स्वभावले बुद्धिहीन देखिन्छे ।

४.४.१.४ कथा सं ४

शीर्षक : मूर्खहरूको अपराध, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा शिक्षकलाई प्रमुख पात्रको रूपमा उभ्याएको छ । गाउलेहरूलाई उपदेश दिन खोज्दा ज्यानै समेत गुमाउन परेको शिक्षक आदर्शवादी देखिन्छ ।

**ख) सहायक पात्र**

मूर्ख गाउलेहरूलाई सहायक पात्र बनाइएको यस कथामा सहायक पात्रहरूले शिक्षकलाई मारेको देखाएको छ । सहायक पात्रहरू विवेकशुन्य देखिन्छन् ।

**ग) गौण पात्र**

यस कथामा गौण पात्रका रूपमा मानवेतर वस्तुहरू रुख, टपरी परेका छन् ।

४.४.१.५ कथा सं ५

शीर्षक : बहिनीको बलि, परिशिष्ट 'क'

क) मुख्य पात्र

बहिनी र ज्वाइँ एवं श्रीमान् श्रीमतीलाई यस कथामा प्रमुख पात्र बनाइएको छ । बहिनी बलि चढेपछि आत्मा बनेर बाँसुरीमा प्रवेश गरी मानवीय भूमिका निर्वाह गरेकी छे भने श्रीमान् श्रीमतीको बिछोडमा भौंतारिएको छ । अन्तमा आत्मा बनेकी श्रीमतीलाई वास्तविक श्रीमतीमा रूपान्तरण गर्न सफल भएको छ ।

**ख) सहायक पात्र**

यस लोककथामा चार दाजुभाइलाई सहायक पात्र बनाइएको छ जसले आफ्नो स्वार्थ पूर्ति गर्न आफ्नी बहिनीको बलि चढाएका छन् । सहायक पात्रहरू अत्यन्त निर्दयी छन् ।

**ग) गौण पात्र**

यस लोककथामा गौण पात्रका रूपमा कमलको फुल, ताल, बाँसुरी अटाएका छन्, जसले कथामा क्षणिक कार्यव्यापारमा हल्का सहयोग पुऱ्याएका छन् ।

४.४.१.६ कथा सं ६

शीर्षक : स्वर्ग जाने अजिङ्गर धन कमाउने केटो, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा केटो प्रमुख पात्र भएर प्रस्तुत भएको छ । समस्या समाधान गरेर प्रसस्त धन कमाउन सफल भएको छ । आफ्नो भन्दा अरूको समस्यालाई महत्त्व दिने प्रवृत्ति उसमा भेटिन्छ ।

**ख) सहायक पात्र**

यस लोककथामा बुढी आइमाई फलफूल खेतीवाला, अजिङ्गर र पूर्वको देवता सहायक पात्र भएर आएका छन्, जसले आ-आफ्ना समस्याहरू समाधानार्थ केटालाई अनुरोध गरेका छन् ।

**ग) गौण पात्र**

बुढीको छोरी अजिङ्गरको मणि र असर्फी गौण पात्र भएर आएका छन् । यिनको उल्लेख्य भूमिका छैन ।

४.४.१.७ कथा सं ७

शीर्षक : छुच्ची स्वास्नी ज्यानमारा ढिकी, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा श्रीमान् मुख्य पात्र भएर आएको छ । श्रीमतीको छुच्याइँलाई बुझ्न नसकेर आफैलाई सिध्याएको छ ।

ख) सहायक पात्र

यस कथामा छुच्ची श्रीमतीलाई सहायक पात्र बनाइएको छ । पाहुनाहरू भगाएर अन्न बचाउने प्रवृत्ति देखिन्छ ।

ग) गौण पात्र

पाहुनाहरू गौण पात्र भएर प्रस्तुत भएका छन् । छुच्ची श्रीमतीले भनेको भरमा भागेकाले लोग्ने डरछेरुवा प्रवृत्तिको देखिन्छ ।

४.४.१.८ कथा सं ८

शीर्षक : बुद्धिको प्रतिफल, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा कुमार दमाईलाई मुख्य पात्र बनाइएको छ । चनाखो स्वभावको कुमार दमाई राक्षसहरूलाई छकाएर सफल बनेको देखिन्छ ।

**ख) सहायक पात्र**

राक्षसहरू सहायक पात्रका रूपमा आएका छन् । मानवीय बुद्धिको अगाडि यिनीहरू अत्यन्त कमजोर देखिन्छन् ।

**ग) गौण पात्र**

राजा, चरा, गाउँहरू गौण रूपमा प्रस्तुत भएका छन् । राजा चिन्तित देखिन्छ भने चराले राक्षसलाई त्रास देखाएको छ ।

४.४.१.९ कथा सं ९

शीर्षक : संयोग, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा एउटा केटो मुख्य पात्रको रूपमा प्रस्तुत भएको छ । बुद्धिले भन्दा पनि संयोगले राजाको हिराको हार फेला पारेपछि मन्त्री बन्न सफल भएको छ ।

**ख) सहायक पात्र**

सहायक पात्रका रूपमा राजा देखा परेका छन् । आफ्नो दरबारमा चोरी हुँदा आफैले पत्ता लगाउन सकेनन् । केटाले पत्ता लगाएपछि केटालाई मन्त्री बनाएर राखे ।

**ग) गौण पात्र**

श्रीमती, सासू, निदरी, घोडावाला गौण पात्रको रूपमा आएका छन् । यिनीहरूको सामान्य भूमिका मात्र छ ।

४.४.१.१० कथा सं १०

शीर्षक : जस्तालाई त्यस्तै, ढिडालाई निस्तै, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस कथामा दुई दाजुभाइ मुख्य पात्रका रूपमा प्रस्तुत भएका छन् । एउटा भाइ बुढोको षड्यन्त्रलाई बुझेर प्रतिषड्यन्त्र गर्न सफल भएको छ । एउटा भाइ सोझो र अर्को भाइ चतुर देखिन्छ ।

**ख) सहायक पात्र**

बुढालाई यस लोककथामा सहायक पात्र बनाएको छ । मान्छेहरूलाई ठगी गर्न खोज्दा आफै खाल्डामा परेको छ । बुढो पश्चत्तापी पात्र हो ।

**ग) गौण पात्र**

बुढी यस कथाकी गौण पात्र हुन् । सामान्य भूमिकामा मात्र यिनी सीमित छिन् ।

४.४.१.११ कथा सं ११

शीर्षक : बहिरा बहिरी, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा बहिरा बहिरीहरू मुख्य पात्र छन् । एउटा प्रश्न गर्दा अर्कै उत्तर दिने प्रवृत्तिका पात्रहरू हुन् बहिराहरू एक अर्कामा उल्टो बुझेर समस्या सिर्जना गर्ने खालको मुख्य पात्रहरू रहेका छन् ।

**ख) सहायक पात्र**

सहायक पात्रका रूपमा बहिरा आमा र बुवा रहेका छन्, जसले कथा बनाउन सहयोग पुऱ्याएका छन् ।

**ग) गौण पात्र**

गौण पात्रको रूपमा बटुवाहरूलाई लिइएको छ, जसले बहिरालाई बाटो सोधेका छन् ।

४.४.१.१२ कथा सं १२

शीर्षक : हराएकी जुलिनी, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा तीनजना राजकुमारहरू मुख्य पात्रको रूपमा रहेका छन् । आ-आफ्नो तार्किक क्षमताले सफल जीवनयापन गरेका छन् ।

**ख) सहायक पात्र**

राजा सहायक पात्र हुन् । हराएकी जुलिनीको पाइला चिन्ने राजकुमारहरूलाई मन्त्री बनाएर राखेकाले राजा उदारवादी देखिन्छन् ।

**ग) गौण पात्र**

प्रस्तुत लोककथामा जुलिनी गौण पात्र हो । देशबाट हराएकी जुलिनीको खासै भूमिका छैन ।

४.४.१.१३ कथा सं १३

शीर्षक : चट्टु र छट्टु, परिशिष्ट 'क'

क) मुख्य पात्र

लोककथामा चट्टु र छट्टु मुख्य पात्र रहेका छन् । छल गरेर कसैको सम्पत्तिको हकदार बनेको चट्टु र छट्टु समाजको छट्टुहरूका प्रतिनिधि हुन् ।

**ख) सहायक पात्र**

पहिलो महाजनलाई सहायक पात्र बनाइएको छ, जसको सम्पत्ति छट्टुहरूले खाएका छन् ।

**ग) गौण पात्र**

दोस्रो महाजन गौण पात्र बनेको छ । उसको भूमिका उल्लेख योग्य छैन ।

४.४.१.१४ कथा सं १४

शीर्षक : तोरी फुले गाउँ ज्वाइँ मेरो नाउँ, परिशिष्ट 'क'

क) मुख्य पात्र

एक खोलो तार्ने केटालाई मुख्य पात्रको रूपमा उभ्याइएको छ । बठ्याइँपूर्वक जबर जस्ती कसैकी छोरीलाई उडाएको छ ।

**ख) सहायक पात्र**

यस लोककथामा सहायक पात्र छोरी हो । खोला तर्ने क्रममा कसैको पन्जामा परेकी छे ।

**ग) गौण पात्र**

गौण पात्रको रूपमा रहेकी आमाको उल्लेख्य भूमिका छैन ।

४.४.१.१५ कथा सं १५

शीर्षक : परिबन्द, परिशिष्ट 'क'

क) मुख्य पात्र

यस लोककथामा प्रमुख पात्रका रूपमा युवक र युवती प्रस्तुत भएका छन् । युवक दुवै हात नभएको अपाङ्ग देखिन्छ भने युवती युवकको चेहरामा आकर्षण हुने सौन्दर्यवादी तर हडबडी देखिन्छे ।

**ख) सहायक पात्र**

यस लोककथामा प्रहरीहरू सहायक पात्रका रूपमा देखा परेका छन् । युवकलाई गिरफ्तार गरेर प्रहरी ठानासम्म लैजाने काम गरेको देखिन्छ ।

**ग) गौण पात्र**

गौण पात्रका रूपमा केही गाउँलेहरू देखिन्छन् जो युवतीको बोलावटमा जम्मा भएका हुन्छन् ।

४.४.१.१६ कथा सं १६

शीर्षक : गुफाको देवता, परिशिष्ट 'क'

क) मुख्य पात्र

प्रस्तुत लोककथामा बुढो र बुढी प्रमुख पात्र रहेका छन् । बुढा खानामा लुप्त र गैर जिम्मेवारी देखिन्छ भने बुढी जिम्मेवार बहन गर्ने पारिवारिक दायित्व बोकेका पात्र हो ।

**ख) सहायक पात्र**

यस लोककथामा सहायक पात्रका रूपमा छोराछोरीहरू देखिन्छन्, जो खाना र नानाबाट वन्चित छन् ।

**ग) गौण पात्र**

'भुमे' देवतालाई गौण पात्रको रूपमा चिनाउन सकिन्छ, जसलाई बुढीले खानाका परिकारहरू चढाउने काम गर्छिन् ।

## ४.५ वातावरण र परिवेशका आधारमा लोककथाको विश्लेषण

लोककथामा कथानक, पात्र, उद्देश्य, भाषाशैलीको महत्त्व पनि रहेको हुन्छ । विभिन्न किसिमका वातावरणको सिर्जना गरेर कथालाई रोमाञ्चक बनाउने प्रयास गरिएको हुन्छ । लोककथा जनमानसको दु:ख, हाँसो, आँसु आदिको अभिव्यक्ति हो । त्यसैले यसमा सामाजिक, सांस्कृतिक, पौराणिक आदि भौगोलिक जस्ता परिवेशको तारतम्य हुन्छ । यिनै आधारमा हर्नामाडी क्षेत्रमा प्रचलित लोककथाहरूको तालिका निर्माण गरी अध्ययन गरिन्छ ।

| क्र.सं. | शिर्षक | वातावरण | प्रमाण कथन |
|---|---|---|---|
| १ | लोभको परिणाम | सामाजिक, लौकिक | १) मानिस ठग्न तल्लीन हुनु, २) पैसाको लोभमा आफन्तको हत्या गर्नु, |
| २ | स्यालको जाल | लौकिक, सामाजिक, सांस्कृतिक | १) ढिकी जाँतो गरेर जीवन चलाउनु, २) जाल गरेर विवाह सम्पन्न गराउनु, ३) चोरी र ठगी गर्नु, |
| ३ | सानी आमाको कर्तुत | सामाजिक, पौराणिक, लौकिक | १) सानीआमाले सौतेनी छोरीलाई हेला गर्नु, २) राक्षसले छोरीलाइ मार्नु, ३) आफूले खनेको खाल्डामा आफै पर्नु |
| ४ | मूर्खहरूको अपराध | सामाजिक, लौकिक | १) मूर्खहरूले उत्पात मच्चाउनु, २) शिक्षकको हत्या गर्नु, |
| ५ | बहिनीको बलि | पौराणिक, लौकिक, सामाजिक | १) कुलो निर्माण गर्नु, २) बहिनीलाई बलि दिनु, ३) आत्मा बनेर मुरलीमा प्रवेश गर्नु |

| | | | |
|---|---|---|---|
| ६ | स्वर्ग जाने अजिङ्गर धन कमानउे केटो | धार्मिक, सामाजिक, अलौकिक | १) मानवीय समस्या हल गर्न देवतासँग भेट्न जानु,<br>२) आफ्नो भन्दा अरूको समस्यालाई महत्त्व दिनु,<br>३) प्रसस्त धन कमाउनु, |
| ७ | छुच्ची स्वास्नी ज्यानमारा | लौकिक, सामाजिक, सांस्कृतिक | १) पाहुना धपाउने प्रवृत्ति देखाउनु,<br>२) आफ्नो बुद्धिले आफै मर्नु, |
| ८ | बुद्धिको प्रतिफल | अलौकिक, सामाजिक | १) राक्षसहरूले दु:ख दिनु,<br>२) राक्षस मारी सामाजिक आतङ्क समाप्त पार्नु, |
| ९ | संयोग | सामाजिक | १) छोरी लिन भनी गएको ज्वाइँ ज्योतिषीको नामले चिनिनु,<br>२) हिराको हार चोरलाई संयोगले चिन्नु, |
| १० | जस्तालाई त्यस्तै, ढिंडालाई निस्तै | सामाजिक, लौकिक | १) प्रतिशोधले बदला लिनु,<br>२) आफूले खनेको खाल्डोमा आफैं पर्नु, |
| ११ | बहिरा बहिरी | सामाजिक | १) एकले बोलेको कुरा अर्कै सुन्नु,<br>२) अर्थको अनर्थ लागी समस्या खडा हुनु, |
| १२ | हराएकी जुलिनी | लौकिक | १) राजकुमारहरू अर्कै राज्यमा प्रस्थान गर्नु ।<br>२) तार्किक हल गरेर सफलता हात पार्नु । |

| | | | |
|---|---|---|---|
| १३ | चट्टु र छट्टु | सामाजिक | १) बनावटी छोरा वनेर अरूको सम्पत्ति हडप्नु,<br>२) चोरमाथि चकार लाग्नु,<br>३) भएको सम्पत्ति बाँडेर लिनु, |
| १४ | तोरी फुले गाउँ, ज्वाइँ मेरो नाउँ | लौकिक सामाजिक | १) खोलो तार्ने काम गर्नु<br>२) विश्वासमा पर्नु ।<br>३) विश्वासघात गरेर अरूको छोरीलाई जबरजस्त टप्काउनु, |
| १५ | परिबन्द | सामाजिक | १) युवतीले युवकलाई प्रेमको प्रस्ताव राख्नु,<br>२) युवतीले युवकलाई बलात्कारको अभियोगमा फसाउन खोज्नु, |
| १६ | गुफाको देवता | अलौकिक सामाजिक | १) धन प्राप्तिका लागि भगवान्को पूजा गर्नु,<br>२) बुढाले पश्चात्ताप गर्नु। |

## ४.६ उद्देश्यका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

साहित्यको कुनै पनि विधामा उद्देश्यको विशिष्ट स्थान रहन्छ । लोक साहित्यका विभिन्न विधाहरू हुन्छन । ती विधाहरूको निर्माणमा उद्देश्य अपरिहार्य तत्त्व हो । लोककथा समाजको दर्पण हो, जहाँ जीवनभोगाइको तस्विरहरू छर्लङ्ग देखिन्छन् । लोककथा निर्माणमा उद्देश्यलाई गहकिलो तत्त्वको रूपमा लिइन्छ । कथावाचकले समय काट्ने, मनोरञ्जन दिने हिसाबले कथा सुनाउने गर्छन् । तर ती कथाहरू भित्र मनग्य सन्देशहरू फेला पर्छन् । लौकिक अलौकिक विषय वस्तुहरूलाई प्रस्तुत गरेर त्यसबाट प्रशस्त जीवनोपयोगी दृष्टान्तहरू ग्रहण गर्न सकिन्छ । धार्मिक, पौराणिक, सांस्कृतिक, आर्थिक, सामाजिक, ऐतिहासिक, दार्शनिक

आदि विषयहरूलाई सन्देशको रूपमा लोककथाभित्र वर्णित भएका हुन्छन् । निश्चय नै लोककथाले मानवजातिलाई कुनै न कुनै रूपबाट खुराक प्रदान गर्ने उद्देश्य राखेको हुन्छ ।

हर्नामाडी गा.वि.स.मा सङ्कलन गरिएका कथाहरूमा पनि विभिन्न उद्देश्यहरू फेला पर्छन् । यी कथाहरू भित्र जीवनभोगाइमा काम लाग्ने खालका विचारहरू, मूल्यमान्यताहरू एवं सामाजिक, धार्मिक नैतिक सन्देशहरू उद्देश्यका रूपमा अटाएका छन् । यस सन्दर्भमा सङ्कलित लोककथाहरूको उद्देश्य के कस्ता रहेका छन् भनेर विश्लेषण गरिएको छ ।

### ४.६.१ कथा सं.: १

### शीर्षक : लोभको परिणाम, परिशिष्ट 'क'

प्रस्तुत लोककथाले सामाजिक विषयवस्तुलाई प्रस्तुत गरेको छ । समाजमा विभिन्न प्रवृत्तिका मानिसहरू हुन्छन् । मानिसलाई लोभले अन्धो बनाएको हुन्छ । लोभमा परेर अरूको सरसामान धन, दौलतमा आँखा लाउँदा आफैं समस्यामा पर्ने कुरालाई कथाले प्रस्ट्याउन खोजेको छ ।

### ४.६.२ कथा सं. २

### शीर्षक : स्यालको जाल, परिशिष्ट 'क'

यस लोककथाले मानिस र पशुको सम्बन्धलाई प्रस्ट्याउन खोजेको छ । कतिपय अवस्थामा पशु प्राणीले पनि मानव जातिलाई सहयोग पुऱ्याउन सक्ने वास्तविकतालाई कथाले दर्साएको छ।

### ४.६.३ कथा सं.: ३

### शीर्षक : सानीआमाको कर्तुत, परिशिष्ट 'क'

यो लोककथा सामाजिक, पौराणिक कथावस्तुमा आधारित छ । सानीआमाहरू सौताका छोराछोरीहरूको अनिष्ट भएको देख्न चाहन्छन् । अरूलाई दु:ख दिन खोज्दा आफ्नै सर्वनाश हुने तथ्यलाई कथाले प्रकाश पारेको छ ।

### ४.६.४ कथा सं. ४

शीर्षक : मूर्खहरूको अपराध, परिशिष्ट 'क'

मूर्ख मानिसहरूलाई ज्ञान प्रदान गरी समाजमा सम्मानयोग्य बनाउन अत्यन्त कठिन हुने कुरालाई प्रस्तुत कथाले प्रकाश पार्न खोजेको छ । आफ्नो विद्वत्तालाई सही ठाउँ र सही समयमा प्रयोग नगर्दा जीवन समेत जान सक्ने हुन्छ भन्ने कुराको कथाले छिनो फानो गरेको छ ।

### ४.६.५ कथा सं. ५

शीर्षक : बहिनीको बली, परिशिष्ट 'क'

यस लोककथाले आफ्नो स्वार्थपूर्तिको लागि रक्तनातालाई समेत हत्या गर्छन् भन्ने कुरालाई प्रस्तुत गरेको छ । पतिपत्नीको प्रेम अकाट्य हुन्छ भन्ने कुरालाई प्रस्तुत गरेको छ । पति पत्नीको प्रेम अकाट्य हुन्छ भन्ने प्रमाण पनि कथाले पेस गरेको छ ।

### ४.६.६ कथा सं. ६

शीर्षक : स्वर्ग जाने अजिङ्गर, धन कमाउने केटो, परिशिष्ट 'क'

आफ्नो समस्यामा भन्दा अरूको समस्यामा सहभागी हुँदा फलिफाप हुन सक्छ भन्ने नै यस लोककथाको मूलभूत उद्देश्य रहेको बुझिन्छ ।

### ४.६.७ कथा सं. ७

शीर्षक : छुच्ची स्वास्नी, ज्यानमारा ढिकी, परिशिष्ट 'क'

समाजमा कतिपय मानिसहरू अत्यन्त छुच्चो स्वभावका हुन्छन । पाहुनापासा आएको रुचाउँदैनन् । बहाना बनाएर पाहुना धपाउन निकै सिपालु हुन्छन् । सोझो मूर्खताले मानिसलाई मृत्युको मुखमा पुऱ्याउने कुरालाई प्रस्ट्याउनु कथाको उद्देश्य रहेको छ ।

### ४.६.८ कथा सं.: ८

शीर्षक : बुद्धिको प्रतिफल, परिशिष्ट 'क'

सामाजिक पौराणिक विषयवस्तुमा आधारित यस कथाले बल भन्दा बुद्धि ठूलो भन्ने कुरालाई दर्साएको छ । समाजमा बलको धाक लगाएर सज्जनहरूलाई दुःख दिनेहरूको अन्त हुन्छ र बुद्धिले बललाई परास्त गर्छ भन्ने कुरालाई कथाले प्रस्तुत गरेको छ ।

४.६.९ कथा सं.: ९

शीर्षक : संयोग, परिशिष्ट 'क'

यस लोककथामा संयोगले मानिसलाई समस्यामा पार्छ । संयोगले नै समस्याको समाधान भई सफलताहरू प्राप्ति हुने कुरालाई प्रस्तुत गर्ने कथाको उद्देश्य रहेको देखिन्छ ।

४.६.१० कथा सं. १०

शीर्षक : जस्तालाई त्यस्तै ढिंडालाई निस्तै, परिशिष्ट 'क'

प्रस्तुत लोककथा सामाजिक विषयमा आधारित छ । समाजमा सोभा सिधाहरूलाई छक्याएर दुःख दिनेहरूलाई दुःख दिएरै बदला लिंदा उनीहरूको सोचाइमा परिवर्तन ल्याउन सकिन्छ भन्ने कुराको सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

४.६.११ कथा सं. ११

शीर्षक : बहिरा बहिरी, परिशिष्ट 'क'

यस लोककथाले हास्यात्मक विषयवस्तु बनाएको छ । मानिसहरूमा कान नसुन्ने समस्याले गर्दा अर्थको अनर्थ लागी समस्या पैदा हुने कुरालाई कथाले हास्यव्यङ्ग्यात्मक पाराले प्रस्तुत गरेको छ ।

४.६.१२ कथा सं. १२

शीर्षक : हराएकी जुलिनी, परिशिष्ट 'क'

कथा शीर्षक अनुसार नभए पनि तार्किक विषयलाई पस्ट्याउन खोजेको छ । अनुसन्धनात्मक विषयलाई कथाले सन्देशात्मक रूपमा प्रस्तुत गरेको छ ।

४.६.१३ कथा सं. १३

शीर्षक : चट्टु र छट्टु, परिशिष्ट 'क'

यस लोककथाले सामाजिक कथावस्तुलाई समेटेको छ । समाजमा छट्टु प्रवृत्तिका मानिसहरूले सहज रूपमा सोभा मानिसहरूलाई छक्याएर सम्पत्ति हात पार्न सक्छन् भन्ने कुरालाई कथाले सन्देश दिएको छ ।

### ४.६.१४ कथा सं. १४

शीर्षक : तोरी फुले गाउँ, ज्वाइँ मेरो नाउँ, परिशिष्ट 'क'

प्रस्तुत लोककथाले विश्वासमा विश्वासघात हुन सक्ने कुरालाई प्रस्तुत गरेको छ । अवसर पाउँदा मानिसहरू अप्रिय हर्कतहरू गर्न पनि पछि हट्दैनन् भन्ने मूल उद्देश्य यस लोककथाको रहेको छ ।

### ४.६.१५ कथा सं. १५

शीर्षक : परिबन्द, परिशिष्ट 'क'

प्रस्तुत कथाले आदर्श र यथार्थवादको बीचमा द्वन्द्व गराइ आदर्शको जित गराउने उद्देश्य राखेको छ । आफूले चाहेको वस्तु प्रगति नहुँदा विसङ्गत बाटो अपनाउन पनि सक्छन् भन्ने कुरालाई एकातिर प्रस्ट्याएको छ भने अर्कोतिर सत्यको जित अवश्य हुने कुराको पनि छिनोफानो गरेको छ ।

### ४.६.१६ कथा सं. १६

शीर्षक : गुफाको देवता, परिशिष्ट 'क'

प्रस्तुत लोककथा अलौकिक सामाजिक विषयमा आधारित छ । पूजाआजा गरेर धन प्राप्त गर्न सकिन्छ भन्ने धार्मिक मान्यतालाई कथाले अघि सारेको छ । साथै आफ्नै परिवारलाई छक्याएर बर्बादीतिर लैजानेहरू अन्तमा पश्चात्ताप गर्न बाध्य हुन्छन्, भन्ने कुरालाई कथाले दर्साएको छ।

## ४.७ शैलीका आधारमा सङ्कलित लोककथाहरूको विश्लेषण

लोककथालाई विश्लेषण गर्ने एउटा आधार शैली पनि हो । आधुनिक कथाहरूमा जस्तो शैली लोककथाहरूमा नभए पनि लोक कथालाई शैलीका आधारमा विश्लेषण गर्दा कथाको आरम्भ, अन्त्य, शीर्षकको दृष्टि, घटनाको दृष्टि र विचारका दृष्टिलाई आधार लिनु सान्दर्भिक हुन्छ ।

### ४.७.१ कथाको आरम्भ

लोककथाको शुभारम्भ विभिन्न शब्दावलीहरूको प्रयोगबाट भएको पाइन्छ । लोककथाको वाचन गर्ने शैली अनुसारै यहाँ सङ्कलन भएका कथाहरू आरम्भ भएका छन् । कथा नं. १ र ८ धेरै पहिलेको कुरा हो बाट आरम्भ भएका छन् । कथा नं. २, ३, ६, १०, १२, १३ र १६ एकादेशमा बाट सुरु भएका छन् । कथा नं. ५, ७, ९ धेरै अधिको कुरा हो बाट प्रारम्भ भएका छन् । कथा नं. ४ एउटा गाउँ थियो शब्दावलीबाट प्रारम्भ भएका छन् । कथा सं. १४ र १५ एक जमानाको कुरा हो बाट सुरु भएका हुन् भने कथा नं. ११ हर्नामाडीको फुर्केचौरमा बाट प्रारम्भ भएका छन् । कथाको वाचन प्रणालीलाई हेर्दा पुस्तानुसार केही परिवर्तन हुँदै गरेको पाइन्छ । केही रमरम आधुनिक शब्दावलीहरूको प्रयोग भएको भेटिन्छ ।

### ४.७.२ कथाको अन्त्य

लोककथाहरूमा मनोरञ्जन नैतिक धार्मिक पौराणिक ऐतिहासिक सन्देश दिने खालका हुन्छन् । हर्नामाडीमा प्रचलित लोककथाहरू पनि यही अनुरूप पाइन्छ । कथा नं. ११, १४, ७ र ९ मनोरञ्जनात्मक शैलीमा रहेका छन् । कथा नं. १६, ३ र ६ नैतिक कथा नं. १५, १३, र ६, १० बुद्धिमत्तापूर्ण र कथा नं. १४, ५ र २ का कथाहरू आपराधिक परिवेशमा समाप्त भएका छन् ।

### ४.७.३ शीर्षकको दृष्टि

लोककथा समाजबाटै उत्पत्ति भएका हुन् । त्यसकारण लोककथाहरूको शीर्षक पनि सामाजिक परिवेश, धार्मिक अवस्था आदि अनुरूप हुने गर्छन् । हर्नामाडीमा प्रचलित कथाहरू पनि कुनै विषयवस्तु सुहाउँदा छन् भने कोही कथाहरू प्रतीकात्मक शीर्षकमा छन् ।

### ४.७.४ घटनाको दृष्टि

लोककथाहरूमा विभिन्न घटनाहरूलाई समावेश गरिएको हुन्छ । जीवन-जगत्का विभिन्न अनुभवहरू, भोगाइहरू, आपराधिक क्रियाकलापहरू, अनुरागहरू आदि विषयहरू लोककथामा घटनाका रूपमा आएका हुन्छन् । हर्नामाडी गा.वि.स. मा सङ्कलित भएका

कथाहरूमा पनि विभिन्न विकृति, विसङ्गति, आपराधिक क्रियाकलाप, ठगी गर्ने प्रवृत्ति, साहसिक कदम, मनोरञ्जनात्मक विषयहरूको घटनाक्रमलाई वर्णन गरिएको छ ।

### ४.७.५ विचारका दृष्टिले

लोककथाहरूमा विचारहरूको सम्मिश्रण पाइन्छ । कुनै लोककथामा पौराणिक धार्मिक विचार त कुनैमा प्रेम सम्बन्धी विचार पाइन्छ । नैतिकता, संस्कार दर्शन राजनीति आदि विचारहरू द्वारा लोककथाहरू प्रवाहित भएका हुन्छन् । हर्नामाडीमा सङ्कलित लोककथाहरूमा पनि विभिन्न विचारहरू भेटिन्छन् । यीनलाई निम्ननुसार चिनाउन सकिन्छ :–

क) बुद्धिसम्बन्धी : कथा सं. १२, १३, र ८

ख) धर्म सम्बन्धी : कथा सं. १६, ३, ६, १५

ग) प्रेम सम्बन्धी : कथा सं. १५, ५

घ) अपराध सम्बन्धी : कथा सं. १, ४, ५, २

ङ) लोकसम्बन्धी : कथा सं. ११, १४, ७, ९

## ४.८ निष्कर्ष

लोककथाले सिङ्गो समाजको प्रतिनिधित्त्व गरेको हुन्छ । सामाजिक विकृति, विसङ्गति, आपराधिक क्रियाकलाप, धार्मिक सांस्कृतिक विषयवस्तुहरू, साहसिक कदमहरू, प्रेमका पक्षहरू लोककथामा वर्णित हुन्छन् । हर्नामाडीमा प्रचलित लोककथाहरूमा पाइने सन्देशहरूलाई निष्कर्षका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

हर्नामाडीमा प्रचलित लोककथाहरूको अध्ययन गर्दा निश्चय नै विभिन्न सन्देशहरू फेला पर्छन् । कतिपय कथाहरूले मनोरञ्जन प्रदान गरेका छन् भने कतिपय कथाले प्रेमलाई प्रधान विषयवस्तु बनाएको देखिन्छन् । **लोभको परिणाम, सानी आमाको कर्तुत,** जस्ता कथाले नकारात्मक सोचले मानिस आफैँ समाप्त हुने कुरालाई सन्देशको रूपमा देखाएका छन् । **स्यालको जाल, हराएकी जुलिनी** जस्ता कथाले बुद्धिले काम सफल हुने कुरालाई खुलाएको छ **संयोग, परिबन्द** शीर्षकका कथाले सामाजिक सत्यतथ्यलाई उजागर गरेको छ भने **स्वर्ग जाने, अजिङ्गर धनकमाउने केटो, बहिनीको बलि** शीर्षकका कथाले आफ्नो स्वार्थभन्दा माथि उठेर सामाजिक व्यवहार गरे प्रतिफल प्राप्त हुने कुरालाई इङ्गित गरेका छन् । **तोरी फुले गाउँ,**

**ज्वाइँ मेरो नाउँ** र **जस्तालाई त्यस्तै ढिंडालाई** निस्तै शीर्षकका कथाले प्रस्तुत रूपमा मनोरञ्जन प्रदान गरेका छन् भने **बुद्धिको प्रतिफल, संयोग** जस्ता कथाले अवस्थानुसार विचार पुऱ्याउन सके जीवन सफल बन्न सक्छ भनेर बताएका छन् ।

यसरी यहाँ सङ्कलित कथाहरूले जीवनजगतमा आइपर्ने विभिन्न विषयवस्तुलाई सन्देशको रूपमा प्रस्तुत गरेको छ । नैतिकता बुद्धिमत्ता, स्वार्थत्याग, तार्किकता, धार्मिकता एवं भाग्यवादी दृष्टिकोणलाई समेत लोककथाहरूमा सन्देशका रूपमा प्रस्तुत गरिएको छ ।

# पाँचौ परिच्छेद
# उपसंहार

## ५.१ उपसंहार

कृत्रिमतादेखि धेरै टाढा रहेको अशिक्षित जमातले आफ्नाको दु:ख, पीडा, हर्ष, विस्मात आदिबारे गरेको अभिव्यक्ति लोकसाहित्य हो । जीवन भोगाइका क्षणहरू देवीदेवता, राक्षस, परी, मूर्त, अमूर्त आदि विषयहरूको सिलसिलेवार मौखिक प्रस्तुति लोक साहित्यमा अटाएको हुन्छ । परम्पराबाट झाँगिदै अज्ञात रूपबाट अज्ञानी दु:ख, अशिक्षित व्यक्तिहरूको हृदयबाट पस्फुटन भएका भावनाको शुसेली लोकसाहित्य हो । कुना कन्दरा दुरदरारका बस्तीहरूका मानिसहरूले भोगेका पीडाहरू, उकाली ओराली, लेकबेंसी, मेलापर्म गर्दाका रमाइला क्षणहरूलाई, वेदनाहरूलाई, आँसुहरूलाई अभिव्यक्त गर्दै जाँदा लोकसाहित्यको सिर्जना भयो जसले आदिम युगका विषयवस्तुभित्र वर्तमान सामाजिक सांस्कृतिक, आर्थिक, धार्मिक, नैतिक, ऐतिहासिक, राजनैतिक आदि परिस्थितिलाई औंल्याउने काम भएको हुन्छ ।

लोकसाहित्यले लोक संस्कृति, परम्परा, मूल्यमान्यता आदिको संरक्षणमा ठूलो महत्त्व राख्दछ । कलासंस्कृतिलाई जीवन दिने सवालमा लोक साहित्यको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । लोकसाहित्य समाजको ऐना हो, इतिहास हो, दस्तावेज हो, जहाँ कला र संस्कृतिलाई छर्लङ्ग देख्न सकिन्छ ।

लोकसाहित्यभित्र कयौं मानव सभ्यताका चिनारीहरू भेट्न सकिन्छ, यसले मानव हृदयलाई मैनबत्ती झैं पगाल्न सक्छ । हाँसो र आँसुको सङ्गम गराएर लोकसाहित्यले मानव मनलाई प्रफुल्लित गराउन सक्छ । आजको यो आधुनिक दुनियाँमा पनि लोक साहित्यले आफ्नो प्रभाव छाड्न सफल भएको छ । शिष्ट साहित्यलाई नै एउटा ऊर्जाको काम गर्ने लोकसाहित्य निश्चय नै मानव हितमा समर्पित छ ।

लोकसाहित्यका विभिन्न विधाहरू छन् । लोकगीत, लोककथा, लोकनाटक, लोकगाथा, उखान टुक्का, गाउँ खाने कथा लोकसाहित्यका विधाहरू हुन् । यी सबै विधाहरूका आ-आफ्नै महत्त्व छन् । कुन विधाको महत्त्व कति छ भनेर गहिराइमा बुझ्न जरुरी छ । लोकसाहित्यका सबै विधाले आ-आफ्नै क्षेत्रानुसार महत्त्व वहन गरेका छन् । मानिसलाई मन्त्रमुग्ध बनाएर रसास्वादन गराउन लोकसाहित्य सफल छ । आज ठूलाठूला पाण्डुलिपिहरू **महाभारत**, **रामायण**

जस्ता प्रतिष्ठित ग्रन्थहरू लोकसाहित्यकै उपज हुन् । धर्मप्रधान, वैदिक, पौराणिक, ऐतिहासिक, दार्शनिक आदि विषयवस्तुहरू लोकसाहित्यकै ब्याडमा उम्रिएर झाँगिएका हुन् ।
यसकारण पनि लोकसाहित्यको महत्त्व असीम रहेको बुझिन्छ । लोकसाहित्यका विभिन्न हाँगाहरू छन् । लोकगीतलाई पहिलो महत्त्वपूर्ण हाँगा मानिन्छ भने लोककथा त्यसपछिको दोस्रो महत्त्वपूर्ण अङ्ग हो । मानव सभ्यताको विकाससँगै लोककथाको पनि जन्म भएर बामे सर्न थालेको हो । मानिसहरूले आफ्ना सुख, दु:ख, हर्ष, आँसु, विस्मात, बहादुर, सङ्ग्रामी कुराहरूलाई अभिव्यक्त गर्ने क्रममा लोककथाको विकास भएको हो । लोककथाले सामाजिक परिवेशमा भएका विभिन्न पक्षहरूलाई दर्साएर मनोरञ्जनमात्र दिँदैन, यसले विभन्न बौद्धिकसन्देशहरू समेत दिन्छ । जीवनोपयोगी शिक्षा दिएर लोककथाले मानव जातिलाई सहयोग पुऱ्याउनेमा कसैले नकार्न मिल्दैन ।

मकवानपुर जिल्ला नेपालकै चर्चामा आएको जिल्ला हो । उच्च पहाडी क्षेत्र लगायत सम्थर भूभाग पनि यहाँ भेटिन्छ । मकवानपुरलाई भित्री मधेशको नामले पनि चिन्दछन् । एउटा हेटौंडा नगरपालिका र ४३ वटा गा.वि.स. भएको मकवानपुरका अधिकांश मानिसहरू कृषिमा आश्रित छन् । पृथ्वीनारायण शाहको राज्य एकीकरण गर्ने अभियान ताका मकवानी राज्य पनि थियो, जुन अहिले गढी गा.वि.स.को नामले चिनिन्छ । एउटा पुरानो बिरासत बोकेको यस जिल्लामा मुकुन्द सेनको राज्य थियो । गढी राज्यमा अझै पनि दरबारका अवशेषहरू बाँकी छन् । चारवटा निर्वाचन क्षेत्रमा विभाजित मकवानपुरमा मिश्रित जातिहरू बसोबास गर्छन् । नेपालकै पछाडि पारिएका चेपाङ जातिहरूको बसोबास विशेष मकवानपुरमै छ । विविध जातजाति भाषाभाषीका मानिसहरूको आफ्नै किसिमका सांस्कृतिक, धार्मिक, ऐतिहांसिक पहिचान छ । आफ्नै किसिमका जीवन भोगाइहरू हुन् । आँसु, हाँसो, पीडा, विस्मात, प्रेम विछोड आदिलाई यहाँका मानिसहरू लोककथाको माध्यमबाट अभिव्यक्त गर्छन् । युवायुवती, बुढापाका देखि लिएर बालबालिका समेत फुर्सदको समयमा, स्याँवलमा बसेर कथा सुन्ने सुनाउने गर्छन् मकै नङ्ग्याउने बेलामा होस्, या केटाकेटीलाई राती सुताउने बेलामा लोककथा भन्ने गर्छन् यसरी भनिएका कथाहरूले मकवानपुरको सामाजिक, ऐतिहासिक, आर्थिक, धार्मिक, दैविक, आसुरी आदि विषयको झल्को दिन्छ जसबाट अन्य जिल्लाको लोककथाहरूसँग दाँजेर तुलनात्मक अध्ययन गर्न सहयोग मिल्छ ।

अध्ययन प्रस्तावमै मकवानपुरको हर्नामाडीमा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन शीर्षक राखिएको छ । शीर्षक अनुसार कथाहरू सङ्कलन गरी कथावस्तुका आधारमा, पात्रका आधारमा, वातावरण, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ । हर्नामाडी गा.वि.स.को परिचय अन्तर्गत यहाँको धार्मिक, पौराणिक र सांस्कृतिक परिचय, हर्नामाडी गा.वि.स. को नामाकरण, सिमाना, हावापानी, सामाजिक जनजीवन, भाषा र शैक्षिक अवस्थाको चर्चा गरिएको छ । लोकसाहित्यको परिचय, वर्गीकरण, परिचय र परिभाषा, लोककथाको अन्य विधासँगको सम्बन्ध, उत्पत्ति, विशेषताहरू र तत्त्वहरू पनि प्रस्तुत गरिएको छ । त्यसपछि हर्नामाडी गा.वि.स. मा प्रचलित लोककथाहरू सङ्कलन गर्दै विभिन्न तत्त्वका आधारमा वर्गीकरण गरी निष्कर्षमा पुग्ने कार्य भएको छ ।

## ५.२ पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदको सारांश

यस अध्ययन पत्रको पहिलो अनुच्छेदमा अध्ययन परिचय प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा लोकसाहित्यको परिचय, वर्गीकरण, परिभाषा लोककथा र यसको अन्य विधासँगको सम्बन्ध, उत्पत्ति, विशेषता, र तत्त्वहरू समावेश गरिएको छ ।

यस अध्ययन पत्रको तेस्रो परिच्छेदमा हर्नामाडी गा.वि.स.को परिचय अन्तर्गत, हर्नामाडी गा.वि.स. को पृष्ठभूमि, नामाकरण, धार्मिक ऐतिहासिक, भौगोलिक, हावापानी, जनसङ्ख्या, जाति, भाषा, साँध - सिमाना, राजनैतिक विभाजन, सामाजिक जनजीवन शिक्षा स्वास्थ्यको बारेका विवरण प्रस्तुत गरिएको छ । यस अध्ययन पत्रको चौथो परिच्छेदमा हर्नामाडी गा.वि.स. मा प्रचलित लोककथाहरूलाई लोककथाको तत्त्वका आधारमा अध्ययन शीर्षकको उद्देश्य अनुरूप विश्लेषण गरिएको छ ।

## ५.३ समग्र निष्कर्ष

"लोक" जनसमूह वाचक शब्द हो, जुन परिष्कार, सभ्यता, शिक्षा आदिको कृत्रिमताले रहित आदिम मनोवृत्तिमा आधारित रहन्छ । यस अवस्थामा जित पनि निरक्षर समूह छन्, तिनको आशा-निराशा, हर्ष-विषाद, जीवन-मरण, लाभ-हानि, सुख-दु:ख, आँसु-हाँसो, इष्ट-अनिष्ट आदि सिङ्गो ध्वनि जुन साहित्यमा पाइन्छ, त्यही नै लोकसाहित्य हो ,

लोककथा गाउँखाने कथा र उखान-टुक्का, लोकनाटकको दृश्यात्मकताभन्दा कथनात्मक, लोकगीतको भावनात्मकताभन्दा वस्तुपरक विधिका रूपमा चिनिएको छ । गद्यात्मकता र वर्णनात्मकता हुनु कथाको मूलस्वरूप हो ।

लोककथाभित्र लोकमानस र अभिप्राय केन्द्रीय रूपमा रहन्छ भने कथानक र चरित्र आदि परिधीय रूपमा रहन्छन्, जसले लोककथाको स्वरूप निर्माण गर्छन् । आधुनिक कथामा भने घटना र चरित्र केन्द्रमा तथा लोकतत्त्व परिधिमा रहन्छन् । यही असमान पक्ष भएकोले दुवै भिन्न विधाका रूपमा चिनिन पुगेका हुन् ।

लोककथा अवैयक्तिक र श्रुतिकथन परम्परामा आधारित हुन्छ । यसमा एकातिर व्यापक संस्कृति अटेको हुन्छ भने अर्कोतिर मानवको स्वाभाविकता यसका परिचायक तत्त्व हुन्छन् । लौकिक, अलौकिक, मानवीय एवं मानवेतर पात्रलाई समावेश गरी घटनालाई कौतूहलपूर्ण बनाई प्रस्तुत गर्नु लोककथाको आफ्नोपन हो । यो संयोगमा टुङ्गिन्छ, त्यस सन्दर्भमा सत्ले असत्लाई परास्त पार्छ । यसरी सत्यको जित हुने शिक्षा दिँदै लोककथाले मङ्गलको कामना गरेको हुन्छ ।

लोककथा वर्गीकरणमा विद्वान्हरूको एकमत पाइँदैन । प्राय: सबै वर्गीकरण अपूर्ण वा अधूरा छन् । त्यसैले हर्नामाडी विकास समितिमा प्रचलित लोककथाको सङ्कलन र अध्ययन नामक यस अध्ययनपत्रमा सङ्कलित लोककथालाई विभिन्न भागमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

अलौकिक लोककथामा लोकमा नभएको स्वर्ग-नरक आदि स्थान र त्यस वरपर पाइने दृश्यलाई कथामा स्थान दिँदै रचना गरिएको लोककथालाई अलौकिक लोककथा भनिन्छ, जुन स्थान लौकिक मानिसले देखेका हुँदैनन्, खालि कल्पना मात्र गरेका हुन्छन् । त्यस्ता कथाहरू उपदेशात्मक हुन्छन् र कुशलतापूर्वक व्याख्या गरिएका हुन्छन् । लोककथामा शौर्य र बहादुरीपूर्ण काम गरेको र त्यस्ता कामलाई सफलतापूर्वक अन्त्य गरेको पाइन्छ । लोककथाले मानवलाई रोचकता प्रदान गर्दछ । लोककथामा प्राणी र जीवजन्तु आदिको समावेश गराइएको हुन्छ, जसले लोककथालाई अझ सुमधुर बनाएको हुन्छ । सामाजिक धरातलमा नै लोककथा वाचक रहने हुनाले लोककथामा सामाजिक परिवेशमा देखिने वस्तु र परिवेश देखापर्नु स्वाभाविक हो । धार्मिक रूपमा पनि लोककथालाई स्थान दिइएको हुनाले पुराण आदिको

विषयवस्तुलाई अँगालेर पनि लोककथा व्यक्त गरिएको हुन्छ । कृषिकर्ममा लाग्ने हाम्रो समाज भएको हुनाले कृषिसम्बन्धी लोककथा पनि समावेश गरिएको हुन्छ ।

हाम्रो देश विविध संस्कृतिमा रम्ने हुनाले हाम्रो परापूर्व कालदेखि चलिआएको संस्कृतिलाई पनि लोककथामा समावेश गरिएको छ । हाम्रो संस्कृति हाम्रो साहित्यको धरोहर भएको हुनाले संस्कृति सम्बन्धी लोकसाहित्य थुप्रै पाइन्छ । त्यसैले लोकसाहित्यको अध्ययन गर्दा फरक-फरक प्रकारका लोकसाहित्य लोकसाहित्य हाम्रो लोकजीवन्त भएर रहेका पाइन्छन्। हर्नामाडी गा.वि.स. मा प्रचलित लोककथाले यहाँको सांस्कृतिक, सामाजिक, उपदेशात्मक, अलौकिक जस्ता विषयलाई व्यापक रूपमा प्रस्तुत गरेका छन् । यस्तै त्यहाँका कथाद्वारा विभिन्न जातिको स्वभाव, संस्कृति र रीतिरिवाजलाई पनि प्रस्ट्याउन खोजेका छन् । सङ्कलित लोककथाहरूको अध्ययन गर्दा त्यहाँको जनताका आशा र निराशाका साथै तिनीहरूको मनोविज्ञानको समेत अभिव्यञ्जना भएको छ । यसरी हेर्दा त्यहाँको समाजलाई राम्रो-नराम्रो, असल-खराब, ठीक-बेठीक आदिको निर्देशन कथाको माध्यमबाट नै कलात्मक ढङ्गले दिइएको पाइन्छ ।

हर्नामाडी गा.वि.स.मा सङ्कलित १६ वटा कथाहरूमध्ये पाँचवटा कथाहरू धेरै पहिले भन्ने शब्दबाट सुरु भएका छन् भने दुईओटा कथाहरू स्थानवाची शब्द वा कुनै गाउँको नाम दिएर सुरु गरिएका छन् । दुईओटा कथाहरू एकादेशबाट भन्ने शब्दबाट सुरु गरिएका छन् । प्राय: कथाहरू सकारात्मक वा सुखान्तमा टुङ्गिएका पाइन्छन् ।

हर्नामाडी गा.वि.स. मा सङ्कलित १६ ओटा लोककथामा पाइने विचारहरूको अध्ययन गर्दा बुद्धि, धर्म, भाग्य, सत्य, लोभ, चरित्र र प्रेमजस्ता सामाजिक भावनाका विचारहरू विभिन्न कथामा शब्दान्तरले पुनरावृत्ति भएका छन् । वातावरणको परिवेशलाई हेर्दा यी कथामा हर्नामाडी गा.वि.स. को पूरै वातावरणलाई समेटेको पाइन्छ । सांस्कृतिक सामाजिक लौकिक अलौकिक वातावरणको प्रबलता छ भनी पुष्टि गर्न सकिन्छ ।

हर्नामाडी गा.वि.स. को लोककथाहरूको शैलीपरक अध्ययन गर्दा अधिकांश कथामा झैँ एउटा शब्दसँग, स्थानवाची, देव, व्यक्ति, मानवेतर प्राणी आदिको नाम प्रयोग भएको छ । श्रोताहरूलाई अत्यन्त प्रभाव दिने शैलीलाई हेर्दा अधिकांश कथामा सुखानुभूति दिने शैली पाउन सकिन्छ । दु:खानुभूतिका सन्दर्भमा पनि श्रोताको भावनात्मक परिष्कार गर्ने उद्देश्य रहेको

मान्न सकिन्छ । अर्को शब्दमा भन्दा श्रोताले अत्यधिक शिक्षा वा प्रभाव लिन सक्ने प्रसङ्गमा पनि वर्णनको पद्धति अङ्गालिएको छ ।

कथामा निम्नलिखित किसिमका विचारहरू उद्देश्यका आधार पाइएका छन् :

**क) बुद्धिसम्बन्धी**

१. देश, काल र परिस्थिति अनुरूप धन र विद्या दुवै हुनुपर्छ ।

२. शिक्षा, ज्ञान र बुद्धि आर्जन गर्न जातिगत प्रथाले छेक्दैन ।

३. एकता नै बल हो ।

४. ढाँटेको कुरा काटे मिल्दैन ।

५. संसारमा अरूलाई दु:ख दिने मात्र होइन, सहयोगी पनि हुन्छन् ।

**ख) धर्म सम्बन्धी**

१. सेवाग्राही क्षेत्रमा रहेको जोसुकैले पनि समयको गतिसँग एक दिन इज्जत पाउँछ ।

२. खराब काम गर्नेहरूलाई आफ्नो कुकार्यप्रति बढी डर हुन्छ ।

३. पतिपत्नीमा झगडा भए अनिष्ट हुन्छ ।

४. बुढापाका परम्परावादी हुन्छन् ।

**ग) भाग्यसम्बन्धी**

१. स्वार्थत्यागी मानिसहरू सफल हुन्छन् ।

२. समयले मानिसलाई बलवान् बनाउँछ ।

३. अरूको कुभलो चिताउँदा आफ्नै नोक्सान हुन्छ ।

४. शिक्षाले मानिसलाई सचेत बनाउँछ ।

५. घमण्डता मानवीय कमजोरी हो ।

यसरी हेर्दा हर्नामाडी गा.वि.स. मा प्रचलित लोककथामा मनोरञ्जन नै साझा उद्देश्य देखिन्छ तापनि लोकमानस वा लोक संस्कृतिलाई टिपने क्रममा उपर्युक्त प्रकारका विचारहरू पनि उद्देश्यका रूपमा रहेका पाइन्छन् ।

# परिशिष्ट खण्ड

# परिशिष्ट 'क'

## हर्नामाडीमा प्रचलित लोककथाको सङ्कलन

प्रस्तुत परिशिष्ट 'क' भागमा **हर्नामाडी गा.वि.स.मा प्रचलित लोककथाहरूको सङ्कलन** र अध्ययन शीर्षकको यो अध्ययनपत्र तयार गर्ने क्रममा सङ्कलित गरिएका १६ वटा लोककथाहरू सङ्कलन गरी सुरक्षित गरिएको छ । यस क्रममा हर्नामाडी गा.वि.स.का लोककथा वाचकले लोककथा जसरी व्यक्त गरे, त्यही अनुसार यहाँ लिपिबद्ध गर्ने काम गरिएको छ ।

### कथा सं : १

### शीर्षक : लोभको परिणाम

धेरै पहिलेको कुरा हो । दुई जना छट्टु साथी रहेछन् । एकले अर्कोलाई छकाएर हानी पुऱ्याउन अत्यन्त सिपालु रहेछन् । बाहिरी रुपमा साथीको अभिनय भएपनि भित्री रुपमा भने एकले अर्कोलाई सिध्याउन सधैँ लागि पर्थे । एक दिन एउटा साथी अर्को साथीकोमा बास बस्ने बहाना बनाएर गएछ । साथमा केही पैसा पनि बोकेको रहेछ । साथीकोमा पुग्न उसलाई दिनभर जस्तो लाग्थ्यो र साँझपख साथीकोमा पुगेछ । साथीले उसलाई दलानमा गद्दी विछ्याएर बडो स्वागतका साथ बसाएछ । भित्र श्रीमतीलाई मीठो पक्वान पकाएर वेपत्ता हुन अह्राएछ बेलुकाको खाना तयार भयो भनी हात धुनलाई पानी टक्रयाएछ । हात धोएर खाना खान थालेपछि भान्छे देखिन्न खाना त बडो स्वादिष्ट भएछ कसले बनाएको खाना हो भनेर पाहुना साथीले जिज्ञासा राख्यो । प्रत्युत्तरमा श्रीमती भनेछ । एउटा मृगको पाठो किनेर ल्याएको छु त्यसैले खाना पकाउँछ हजुर भनेर थुनेर राखेको मृगलाई देखाउँदै भनेछ । मृगको पाठोलाई कसरी हुन्छ फुत्काउने सोचमा पाहुना साथी मग्न भयो तपाइ त किन्न सक्नु हुन्छ मृगको पाठो मलाई दिनु पऱ्यो हजुर भनेर गम्भीर रुपमा आफ्नो कुरा दर्शायो तर, अर्को साथीले धेरै सङ्घर्ष गरेको भाव वताउँदै दिन नमिल्ने विचार प्रकट गऱ्यो त्यसै लाने होइन पैसा दिएर लाने हो भनेर निकै जिकिर गरेपछि उसले मृगको पाठो साथीलाई दिने निधो गऱ्यो र घर पुग्न एक घण्टाको बाटो वरै भात पकाएर राख है भनेर पाठो छोडदिनु भनेर सम्झाएछ पनि ।

भोलिपल्ट उज्यालो नै नहुँदै मख्ख मुद्रामा मृग वोकेर घर हिँडेछ । वाटोमा मृगलाई भात पकाएर राख है भनेर छोडी दिएछ । घर पुगेपछि मृगको पाठोको रहस्य थाहा पाएपछि पछुताएर साथीको प्रतिसोधमा फेरी बदला लिने मनुसुवाले गएछ । मृगको पाठोले राम्ररी नै काम गऱ्यो होला भनेर व्यङ्ग्यात्मक भावले मित्रलाई स्वागत गऱ्यो । छट्टु साथी आउँछ उसलाई पुनः छक्याएर पैसा धुत्न पर्छ भनेर श्रीमतीसँग कुरो मिलाएछ । खसी काट्ने, आन्द्रामा रगत भर्ने र पछ्यौराले छोपेर माला लगाउने मासुमा पिरो हाल्ने, खाना खाने वेलामा पिरोको निहुँमा झगडा गर्दै खुकुरीले प्रहार गर्ने, आन्द्रा छिनेपछि रगताम्य हुने र बेहोस हुँदै लड्ने सिङ्गारपटार गरेको मुङ्ग्राले फाकफुक गरेपछि होसमा आउने सल्लाह गरेछ । यही सल्लाह बमोजिम साथीलाई खानाको लागि तयार हुन आग्रह गरेछ । खाना अत्यन्त पिरो भएपछि साथी ऱ्यालसिङ्गान काढ्न थाल्यो र अत्यन्त आक्रमक भएर खुकुरीले काटेझैँ गऱ्यो । श्रीमती लडेर वेहोस भई पछ्यौरा भित्रको आन्द्रा छिनेर रगताम्य भयो । साथी भाग्ने तरखरमा पुग्यो । नडराउनुहोस मार्न त मारिहालियो अब बचाउनु पऱ्यो भन्दै मुङ्ग्रो झिकेर फाकफुक गर्न थाल्यो । श्रीमती चाहिँ होसमा आई । पाहुना साथी मुङ्ग्रो उछिट्याउने दाउमा लाग्यो र आफ्नी श्रीमती पनि अत्यन्त मुखाले भएको उसलाई पनि यस्तै गर्न पऱ्यो भनेर भएभरको पैसा दिने भन्दै मुङ्ग्राको बेजोड माग गऱ्यो । साथीले पनि हत्ते नै गर्नुभयो भनेर मुङ्ग्रो दियो । खुशीले गद्गद् हुँदै पाहुना साथी घर आयो र छट्टु साथीले गरेको नक्कल गऱ्यो । श्रीमतीलाई खुकुरीले मार हान्यो मुङ्ग्राले फाकफुक गऱ्यो तर श्रीमती उठिन । आफू अत्यन्त छक्किएको महशुस गर्दै साथीलाई मार्ने योजना बनाएर पुनः प्रस्थान गऱ्यो।

रातीको समयमा साथीको घर गएछ र सुतिरहेको अवस्थामा बोरामा हालेर मुख बाँधेर भिरबाट लडाउने सुरले ल्याएछ । जंगलको बाटोमा हिँड्दा हिँड्दा भोक लागेछ । खाजा खाएर आउने र भिरबाट लडाउने भनेर बोरालाई बाटोको एक छेउमा राखेर हिँडेछ । बोराभित्रबाट मरेको जिजुबराजुसँग गफ गरेको बाहानामा बरबराउन थाल्यो । ओहो हजुरवा, हजुरआमा, तपाईहरू यस्तो अवस्थामा पो हुनुहुँदो रहेछ भेट भयो खुशी लाग्यो भन्ने जस्ता कुराहरू बाहिर सुन्ने गरी बोलेछ । त्यही बाटो गरेर एक राजकुमार घोडा सवारमा आएछ के को आवाज हो भनी बोरातिर गएछ । बोराभित्रबाट आएको आवाज यथार्थ हो ? भनी प्रश्न गरेछ आफ्नो एकाग्रतालाई भङ्ग गर्ने को हो भनी रिसाएर बोराभित्रबाट कुर्लेछ । साँच्चै मरेका जिजुवराजु देखिन्छ त भनेर राजकुमारबाट सोधनी भएछ । किन नदेख्नु पसेर हेरन भनेर भनेछ कोट

प्यान्ट, सुनका हार बाला औँठी कुनै चिज पनि नलगाई पस्नुपर्छ भन्ने सर्तलाई स्वीकार गरी राजकुमार बोरा खोलेर पसेछन् । उसको पालो बेसरी बोराको मुख बाँधेर राजकुमारको कपडा गरगहना लगाएर घोडा चढेछ र त्यहाँबाट कुलेलाम ठोकेछ ।

उताबाट खाजा खाएर टन्न भएर मार्ने साथी आएछ । बोरा उचालेर बदमासलाई नमारी छोड्दिन भनी बोकेछ । बोराभित्रबाट राजकुमारले आफू होइन । राजकुमार हुँ र छलमा परेको विचार दिए तर उसले पत्याएन छ । अफ छल गर्दैछस् भन्ने कडा स्वर उराल्दै भीरको टुप्पामा पुगेर राजकुमारलाई खसाल्देछ । सरासर पहिलेकै बाटोगरी आएछ । अलि पर छट्टु साथी त घोडा चढेर राम्रो पहिरनमा बढो शानका साथ बसी रहेको देखेछ । यो कसरी भयो भन्ने सोचेर जिज्ञासा प्रकट गरिहाल्यो । बोरा भिरबाट खसेपछि आफूत बाक्लो गद्दामा खसेको, मरेको हजुरवासँग भेट भएको, दु:ख पाएको देखेर हजुरवाले घोडा, लत्ताकपडा, गरगहनासाथ घर पठाइदिनु भएको कुरा गरेपछि उसको मनमा लालच पलाएर आयो र आफूलाई पनि बोरामा हालेर भिरबाट खसालिदिन अह्रायो । छट्टु साथीलाई 'के खोज्छस कानो आँखो' भए झैँ भयो । र उसले बोरामा हालेर सदाको लागि भिरबाट खसालेर साथीलाई सिध्याइदियो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक:- टुलबीर वि.क.**
**हार्नामाडी-८, आरामपुर वर्ष: ६५**

## कथा सं : २

## शीर्षक : स्यालको जाल

एकादेशमा आमा र छोरा रहेछन् । छोरा लठेप्रो पाराको रहेछ । उनीहरू बनी बुतो गरेर जीवनयापन गरिरहेका रहेछन् । आमा ढिकी कुट्न जाने गर्थिन् । छोराको बिहे गर्नलाई भनेर कनिका बटुलेर घ्याम्पामा दिनहुँ राख्दी रहिछे तर घ्याम्पा कनिकाले कहिल्यै भरिँदो रहेनछ । यसको रहस्य के रहेछ भनेर बुझ्न छोरालाई लुकेर हेर्न भनिछे । आमाले भने बमोजिम छोराले चियो गर्‍यो । एक स्याल आउँदो रहेछ र फकाफक कनिका खाँदो रहेछ । त्यतिनै खेर छोराले विहे गर्न भनी राखेको कनिका खाने यो स्याल पो रहेछ भन्दै स्याललाई हिर्काएछ । तेरो बिहे गर्ने जिम्मेवारी मेरो भो भन्दै कनिका फाँको मार्न थालेछ ।

स्यालले लठेप्रोलाई केटी माग्न भनी धेरै टाढा अर्कै देशमा लगेछ । राजाको घर ताकेर स्यालले केटी माग्ने योजना बनाउन थालेछ । योजना मुताविक राजाकहाँ दुवैजना पुगेछन । अतिथि सत्कार गर्दै स्याल र लठेप्रोलाई राजाले खुब सम्मानका साथ बसाएछन । खाना खाने बेलाभयो तर स्यालले खाना खान इन्कार गऱ्यो । राजाले स्यालालाई खानाको लागि धेरै विन्ती गरे तर स्यालले खाँदै खाएन । केमा रिसानी भयो भनी राजाले सोधनी गर्नुभयो तर मैले मागेको कुरा दिने भए मात्र खान खाने शर्त स्यालले अघि साऱ्यो । राजाले पनि आफ्नो इज्जतमा ठेस लाग्ने सोचेर स्यालको मागलाइ स्वीकार गरे र तीनबाचा ठोके । स्यालले खाना खाइसकेपछि कान्छी छोरी विहे गरेर दिनुपर्ने कुरा राख्यो । वाचामा हारेकाले राजाले इन्कार गर्न सकेनन र जन्ती ल्याउने तिथि मिति तोके ।

स्याल राजको छोरीको निधो गरेर त्यहाँबाट हिँड्यो । केटी त मागियो तर गरगहना, लत्ताकपडाको बन्दोवस्त गर्न बाँकी छ भनेर उसले योजना बनायो । एउटा धनी घरमा जाने र स्यालले कुखुरा टिपेर दौडिने । घरका मान्छेहरू स्याललाई लघार्दै गएपछि लठेप्रोले घरभित्र पसेर गहनाको बाकस वोकेर भाग्ने सल्लाह बमोजिम स्यालले कुखुराको बडेमाको भाले चोरेछ र लठेप्रोले सुन राखेको वाकस उछिट्याएछ । गहना त भयो अव कपडाको खोजी गर्न हिँड भनेर स्यालले एउटा पसलमा लगेछ । पसलमा गएर एउटा घैँटामा खुँदो भर्न लगाएछ । भाउ महँगो भयो भन्दै घैँटोको खुँदो खन्याएछ । फेरी चिउरा पसलमा गएछ । एक घैँटो चिउरा हाल्न लगाएछ । त्यहाँ पनि भाउ मिलेन भनेर चिउरा खन्याएछ र सरासर खोलाको किनारतिर लागेछन । खुँदोमा टाँसिएको चिउरा खान थालेछन । खोलामा धोविनीहरू लुगा धोइरहेका रहेछन । भोकले लखतरान भएका धोविनीहरूले खाजा आफूहरूलाई पनि दिए हुन्थ्यो भनेछन । पल्लो गाउँमा भोज छ । आउने जाने सबैलाई हात तानेर खान लगाउँछन । खाँदो खायो नखाए ल्यायो तपाइँहरू पनि त्यहीँ जानुहोस भनेर स्यालले सल्लाह दिएछ । जान त हुन्थ्यो लुगा हेर्ने मान्छे छैन भन्दा स्यालले हामी कुरीदिन्छौँ भनेर विश्वास दिलाएछ । सवै धोविनीहरू भोजतिर लागेछन् । स्यालले राम्रा राम्रा लुगाफाटा गुटमुट्याउन लगाएर त्यहाँबाट कुलेलाम ठोकेछन् ।

गरगहना लुगाफाटा सबै भयो । तर जन्ति छैनन् भनेर लठेप्रोले चिन्ता व्यक्त गर्दा सबै कुराको बन्दोवस्त हुन्छ पीर नगर भन्ने आस्वासन स्यालले दिएछ । बेहुलो सिंगारपटार गरेर राजाको दरवार तर्फ लागे । बीच बाटोमा ठूलो क्षेत्रमा बाँस फैलिएको रहेछ सुकेका

बाँसमा, स्यालले आगो लगाइ दिएछ र त्यहाँबाट सरासर राजाकोमा बेहुलो लिएर आएछ । बाँस बेजोडले पड्किएर आकाशै गुन्जाएमान भएछ । जन्ती खोइ त भनेर राजाले स्याललाई सोधेछन् । जन्तीहरू डँढेलोमा परेर कोही मरे, कोही भागे बेहुलो बचाएर ल्याएँ हजुर भनेर स्यालले विन्ती विसाएछ । राजाले चित्त बुझाए । भोलि पल्ट सबेरै राजाले छोरी अन्माएर पठाएछन् । धनदौलतको भारी बोकाएर पहरियाहरूको साथमा पठाएछन् । घर लैजाउँ भने छाप्रो छ । कहाँ लैजाने बडो चिन्ता परेछ लठेप्रोलाई । स्यालले आफू अगाडि जाने र अरुलाई विस्तारै आउने कुरो बताएर सुइँकुच्चा ठोकेछ । धेरै पर पुगेपछि एउटा ठूलो घरमा पुगेछ । त्यहाँ एक बुढी आइमाई मात्र रहिछन । स्यालले आँगनमा खाल्डो खन्न थालेछ । बुढीले किन खाल्डो खनेको भनेर सोद्धा पारीबाट भयङ्कर डरलाग्दो राक्षस मान्छे खाँदै आइरहेछ । यहाँ लुक्न पर्‍यो भन्ने प्रत्युत्तर दिएछ । तिमी त अर्को खाल्डो खन्न सक्छौ । त्यहाँ मलाइ लुक्न देउ भनेर बुढीले अनुरोध गरिछन तर स्यालले खाल्डो खन्न नभ्याउने कुरा गर्‍यो । बुढीले अत्ताल्लिएर धेरै विन्तिभाउ गरेपछि स्यालले बुढीलाई खाल्डोमा हालेर पुरिदिएछ । आँगनमा बसेर बुढीले खाने तमाखु खाँदै यता ल्याओ यता ल्याओ भनेर बेहुला बेहुलीलाई बोलाएछ । बेहुली भित्र्याएर स्यालले लठेप्रोलाई आमालाई सुटुक्क ल्याउन अह्राएछ । बिवाह सम्पन्न भएको केही दिनपछि स्यालले लठेप्रोलाई म मरेपछि राम्रोसँग सतगत गर्नु, किरिया वस्नु है भनेछ । लठेप्रोले हुन्छ भनेछ । एक दिन स्याल मरेको बाहाना गरेर सुतेछ । लठेप्रोले स्याललाई सतगत भन्दै दाम्लोले घिसारेर लान खोज्दा स्याल जुरुक्क उठेर पटापट पिट्न थालेछ । म अब यस्तो गर्दिन हजुर भुल भयो भनेर लठेप्राले क्षमायाचना मागेछ । नभन्दै स्याल बुढो भएर एक दिन साँच्चै नै मरेछ । लठेप्राले स्यालको राम्रोसँग सतगत गरेर प्रक्रिया पुरा गरेछ । एउटा स्यालले गर्दा एउटा गरिब परिवार सुखी जीवन बिताउन सफल भएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- बुच्चे बराइली**
**हर्नामाडी - ८, वर्ष: ६०**

**कथा सं : ३**

**शीर्षक : सानीआमाको कर्तुत**

एकादेशमा एउटी केटी थिई । उसको सानीआमा र सानीआमाका दुई छोरीहरू थिए । सानी आमा र सानीआमाका छोरीहरूले उसलाई सधैं दु:ख दिन्थे । घरका सबै कामहरू

उसैबाट लगाउँथे । राम्रो लगाउन र मिठो खान दिदैन थे । उनीहरूको घर जंगलको छेउमा थियो । दिनहरू वित्दै गए । घरमा कमाउने मान्छे नभएको हुनाले उनीहरूलाई खानलगाउन धौ-धौ पर्न थाल्यो । ती तीन आमा छोरीको दिमागमा पुन नयाँ सोच आयो र यो टुहुरीलाई जंगलमा लगेर छोडी दिउँ भने र सानीआमाले उसलाई एउटा रुखमा चढ्न लगाई र सुकेको हागाँमा टेक्न लगाई हाँगा सुकेको हुनाले भाँचियो र टुहुरी बोरामा हाली र बोरामा मुख बाँधेर जङ्गलको बिचमा लगेर छोडी दिई । सानी आमाले छोडेको केही समय पछि उसले बोराको मुख फुकाली र बाहिर निस्की बाहिर जंगल शिवाय अरु केही देखिन । बाटो पनि विर्सी । दुई तीन दिन हिँड्दा हिँड्दा उ एउटा अति नै सुन्दर अनि राम्रो घरमा पुगी । जता ततै सुन र चाँदीले सजाएको घरभित्र उ डराई डराई पसी । त्यहाँ पस्दा उसले एउटी आइमाई देखी जसको लामा लामा कपाल लामा लामा नङ् अनि डर लाग्दो पेट थियो । त्यो घरमा त्यो आइमाई शिवाय अरु कोही थिएनन् । त्यो केटीलाई देख्ना साथ त्यो आइमाई धेरै खुसी भई र त्यो केटीलाई मिठो खाने कुराहरू दिई । केही वेरपछि त्यो आइमाई रोटी पकाएर राख है भनी घरबाट बाहिर निस्की । जब त्यो केटी रोटी हाल्दै थिई त्यहाँ एउटा मुसाले आएर “मलाई पनि रोटी देउ म साह्रै भोकाएको छु” भन्यो । उसले त्यो मुसालाई रोटी दिई र मुसाले भन्यो यो त राक्षस्नी हो यसले त मान्छे खान्छे । त्यो अहिले दाँत उद्याउन गएकी छे । हेर तिमी यहाँबाट भाग । यहाँ आएका मान्छेहरू अहिलेसम्म फर्केका छैनन् भनेर मुसाले भन्यो । तब उसले आफूले घर जाने बाटो भुलेको कुरा भने पछि मुसाले फेरि भन्यो हेर त्यहाँ भएका सबै सुन चाँदीहरू एउटा झोलामा हाल अनि म पछि पछि आउ तिमीलाई तिम्रो घर लगिदिन्छु भनेर मुसाले प्वाल भित्र लग्यो ।

यता राक्षसनी घरमा आफ्नो खाना तयार भएको ठानी घर आउँदा घरमा केटी नभए पछि पुन आफ्नो खानेकुरा खोज्नु तर्फ लाग्छे । उता मुसाले उसलाई सुन चाँदीको साथमा घरमा पुर्‍याई दिन्छ । उसले ल्याएको सुनचाँदी देखेर सानीआमाले उसलाई धेरै धेरै माया गरेर घरमा लान्छे । सानीआमालाई अझै त्यो भन्दा बढी धनी हुने रहर जाग्छ र उसलाई फकाएर मायालु शब्दमा सोध्छे । उसले पनि सबै कुराहरू भनी दिन्छे ।

धनी हुने लोभमा उसले आफ्नी छोरीलाई पनि सौतेनी छोरीलाई जस्तै त्यही घना जंगलमा लगेर छाड्छे । पुन: उसकी छोरी त्यो बोराबाट निस्केर एकदिन हिँडे पछि त्यही सुन र चाँदीले बनेको राक्षसनीको घरमा पुग्छे । ऊ त्यो घरको सुनचाँदी देखेर लोभिन्छे ।

राक्षसनी खुसी हुँदै उसलाई भित्र लान्छे । बसी राख्नु भन्दै ऊ घरबाट निस्कन्छे । उसले आफ्नी दिदीले भनेको कुरा सम्झन्छे र रोटी पकाउन  थाल्छे । नभन्दै केही समय पछि एउटा मुसा आउँछ । मुसाले "मलाई भोक लागेको छ केही खान देउन" भन्दा त्यो मुसालाई उसले बेल्नाले हानेर भगाउँछे । मुसा आफ्नो बाटो लाग्छ । यता ऊ घर जाने तयारीमा सबै गरगहनाहरू झोलामा हालेर बस्छे तर उसले घर जानेबाटो ठम्याउनै सक्दिन र केही समय पछि त्यो राक्षसनी आउँछे र केटीलाई खान्छे । यसरी उसकी आमाको धनी बन्ने सपना र उसले गरेको मुसा प्रतिको लोभले ऊ मर्न पुग्छे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- रामबहादुर थापा**

**हर्नामाडी-७, गोठदमार , वर्ष : ७०**

**कथा सं.: ४**

## शीर्षक : मूर्खहरूको अपराध

एउटा गाउँ थियो । त्यो गाउँमा सबै मुर्खहरू मात्र बस्दथे । उनीहरू आफ्नो जीवन आफ्नै तरीकाबाट जिउँथे । उनीहरूलाई बाहिरको मान्छेहरू मन पर्दैन थियो । गाउँमा कोही आयो भने मूर्ख भनी भगाउँथे । त्यो गाउँको नाम सुन्दा नै मान्छेहरू डराउँथे । एक दिन एकजना मान्छेले त्यो गाउँमा जाने र त्यो गाउँको मान्छेहरूलाई परिवर्तन गर्छु भन्ने आँट गऱ्यो ।

त्यो गाउँमा भएको मुर्खतापनलाई मेट्ने संकल्प लिएर गाउँमा गयो । उ शिक्षक भएको हुनाले उसले पहिला केटाकेटीहरूलाई जम्मा पारी पढाउने बिचार गऱ्यो । केही दिन पढाई सकेपछि एक दिन ऊ गाउँ तर्फ लाग्यो । गाउँमा उसलाई देख्ने वित्तिकै सबै मान्छेहरू घर भित्र लुक्न थाले । उसलाई अचम्म लाग्यो । उ सरासर स्कुलमा गयो । स्कुलमा पढ्नको लागि कोही बच्चाहरू नआएको देखेर उ झन चकित भयो । उ पुन गाउँ तर्फ लाग्यो । कोही एक व्यक्ति सँग उसले बच्चाहरूलाई किन पढ्न नपठाएको भनेर सोध्यो । तब उसले भन्यो तँ मण्डुवा हाम्रो काम गरिरहेर बसेका बच्चाहरूलाई स्कुलमा लगेर अलमल्याउने, नभा-नभाका कुराहरू सिकाउने । तलाई पाप लाग्छ आदि नाना थरिका कुराहरू भनेर गाली गऱ्यो । उसले लाखौं कोशिश गर्दा पनि त्यो गाउँको मान्छेहरूलाई परिवर्तन गर्नसकेन तर उसले हार पनि

मानेन उसले पुन सबै गाउँका मान्छेहरूलाई भेला पार्ने विचार गऱ्यो । जति प्रयास गर्दा पनि उ सफल हुन सकेन । सबै गाउँलेहरुको भलाईको लागि उसले कुनै कुरा गर्न बाँकी राखेन । गाउँमा भोजको आयोजना गरी उसले सबैजनालाई भेला पार्ने विचार गऱ्यो । नभन्दै खान पाउने लोभमा गाउँका सबै मान्छेहरू त्यहाँ भेला भए । खाने क्रममा एक जना मान्छेको हात रुखमा गएर ठोक्यो । उसले रुखलाई अङ्गाल्यो र पछि टपरी समायो । त्यो मान्छेको हात रुखबाट कसरी निकाल्ने भनेर सबै जना चकित भए । कोहीले रुख काटेर निकाल्ने भने त कसैले हातै काटेर । सबै जना अलमल्ल परे आखिर त्यो हात बाट रुख कसरी निकाल्ने भनेर सबैजनाले प्रयास गरे तर कसैले निकाल्न सकेन । त्यो मान्छेले त्यो रुखलाई झन कसेर समाती राख्यो केही समय पछि त्यही शिक्षक आयो र एउटा हातले टपरी समायो अनि त्यो मान्छेको दुवै हातहरू छुटाएर रुखबाट अलि पर लग्यो । यो देखेर गाउँका मान्छेहरू अचम्म मान्दै बुद्धि मानी भन्दै उसको जयजयकार गर्न थाले । उसको यो बुद्धि देखर गाउँमा भएका सबै मान्छेहरूलाई ऊ जस्तै बुद्धिमानी बन्ने रहर लाग्यो । सबैले धेरै सोचे तर कसैले बुद्धिमान हुने उपाय निकाल्न सकेनन् । अनि एउटाले यदि हामी त्यो मान्छेको मासु सबैले खायौं भने हामी सबै बुद्धिमानी हुन्छौं भन्यो सबैले उसलाई मार्ने विचार गरे ।

सबै जना एक मत भएर त्यो शिक्षकलाई मारेर उसको मासु खाए । अतः सबै जनालाई बुद्धि दिन भनेर आएको शिक्षक मूर्खहरुको कारणले मर्नु पऱ्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- धनबहादुर वि.क.**

**हर्नामाडी-६, ठूलोदमार, वर्ष : ६१**

**कथा सं. ५**

**शीर्षक : बहिनीको बलि**

धेरै अघिको कुरा हो । कुनै गाउँमा चार दाजुभाइ थिए । तिनीहरूको एउटी बहिनी पनि थिई रे । ती चार दाजुभाइहरू कुलो निर्माण गर्न लागे रे । तर जति मेहनत गरेपनि कुलोमा पानी चल्न सकेनछ । के अचम्म भयो भनी उनीहरू बीच छलफल भयो । ज्योतिषीकोमा गएर जोखाना हेराउँदा मनुष्यको भोग दिएमा कुलो पक्कै चल्छ भनेर ज्योतिषीले बताएछन् । कसलाई भोग दिने भन्ने कुरामा छलफल भयो । बहिनी चाहिँ माइत आएकी रहिछे । तिनै वहिनीलाई भोग दिने सल्लाह भएछ । बहिनीलाई खाजा बनाएर ल्याउन लगाएछन् । कुलो जोडिएको पोखरीमा एउटा अत्यन्त सुन्दर कमलको फूल रहेछ । त्यही फूल

टिप्न लगाउने निहुँमा बहिनीलाई मार्ने योजना बनाएछन् । बहिनी खाजा लिएर कुलो निर्माण स्थलमा आई । योजना मुताविक कमलको फूल टिप्न लगाएछन् । बहिनी कमलको फूल टिप्न जाँदा फूल परपर सर्दै गएछ । गहिराईमा पुगेपछि बाण हानेर बहिनीलाई मारेछन् । तत् पश्चात कुलो जोडले चल्न थालेछ ।

माइत आएको निकै दिन भैसक्दा पनि श्रीमती घर नफर्किएकोले ती दाजुभाइका ज्वाइँ अत्यन्त निराश भएछ । श्रीमतीको खोजिमा ससुराली आउँदा धेरै अगाडि गइसकेको र आफूहरूलाई थाहानभएको कुरा माइतीले बताएपछि अत्यन्त गम्भीर पीडाको अनुभव गर्दै घर फर्किएछ । बहिनीलाई भोग दिएको पोखरीको डिलमा एउटा बाँसको बिरुवा उम्रिएछ । विस्तारै त्यो बाँस बढ्दै गएछ । त्यो बाँसको झाँङ्गमा एउटा अत्यन्त सुन्दर बाँस रहेछ । श्रीमती गुमाउन पुगेको ज्वाइँ विरक्तिएर हिँड्न थालेछ । त्यही पोखरीको डिलमा बसेर सोचमग्न भएछ । एसो बाँसको नजर पुगेछ सुन्दर बाँस देखेछ । त्यसलाई काटेर बाँसुरी बनाएछ । बाँसुरी बजाउँदा अत्यन्त सुन्दर विरहका ध्वनिहरू निस्कदो रहेछ । त्यही ध्वनिमा आफूलाई भुलाउँदो रहेछ । मुरली घरमा छोडी कामकाजमा जाँदा घरमा मीठामिठा पकवानहरू पकाएर राखेको हुँदो रहेछ । राति निदाएर विहान उठ्दा हातगोडामा चिपचाल्लै तेल लगाइदिएको हुने घटनाले उ अचम्मित भएछ । यसको रहस्य बुझ्न एकदिन वाहिर गएको वाहानामा चियो गरेछ । बाँसुरीबाट सानो रुपधारण गरी श्रीमती निस्कँदी रहिछे । घर धन्दा गर्दी रहिछे । सबै काम सकेपछि बाँसुरीमा प्रवेश गर्न लागेको बेलामा उसले च्याप्पै हात समातेर यतिका दिनसम्म कहाँ हराइस् । चिन्तामा किन पारिस् भनी सोध्दा दाजु भाइले पोखरीमा भोग दिएको वाँस उम्रिएको र बाँसमा आत्म प्रवेश गरेको । मुरली बनाएको, मुरलीमा आत्मा प्रवेश गरेको, श्रीमान मुरली छोडी एताउता लाग्दा घरको सम्पूर्ण काम गर्ने गरेको भनी श्रीमतीले बताउँदा श्रीमान छाँद हाली रोएछ । श्रीमतीको पीडामा भावुविह्वल भएछ । श्रीमती यसरी अदृश्य हुँदा आफू पनि त्यही पोखरीमा हामफाली मर्ने भनी वताएपछि श्रीमतीको आत्मा मनुष्यमा परिणत भएछ । कुलो चल्न छोडेछ । बाँसुरी बज्नपनि छोडेछ । यसरी माइतीलाई घृणा गर्दै असीम प्रेमानन्दमा डुब्दै ती चार दाजुभाइका बहिनीज्वाइँ अनन्त अनन्तसम्म जीवन विताएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक:- सन्त बहादुर वि.क.**
**हर्नामाडी-५, फुर्केचौर, वर्ष : ४८**

## कथा सं. ६

## स्वर्ग जाने अजिङ्गर धन कमाउने केटो

एकादेशमा आमा छोरा रहेछन् । उनीहरूलाई आर्थिक सङ्कट परेछ । बिहान बेलुकाको छाक टार्न समेत मुस्किल पर्दोरहेछ । घर अगाडि 'मदरा' नामको खोलो रहेछ । मदार खोलो कहिल्यै सङ्लो हुँदैन थियो । सधैँभरि धमिलो भएको के कारणले होला भनेर बुझ्न चाहेको एक्लो छोरो पूर्वको देवतासँग बुझ्न पर्‍यो भनेर घरबाट निस्किएछ । जाँदा जाँदा एउटा बुढीको घरमा पुगेछ । वास वस्ने क्रममा बुढीसँग संवाद भएछ । खोलो धमिलो भएको कारण पूर्वको देवतासँग सोध्न हिँडेको कुरा वताएपछि बुढीको छोरी लाटी हुनाको कारण पनि देवतासँग सोध्नु है भनेर बुढीले अनुरोध गरिछ । त्यो केटो बिहान सबेरै हिडेछ । फेरि अर्को घरमा पुगेछ । अर्को घरवालासँग पनि आफू हिँडेको उद्देश्य बताएछ । उसको पनि फलफूलको बगैँचा भएपनि फल नलाग्ने कारण सोधेर आउनु भनेछ । हुन्छ भनेर केटो त्यहाँबाट हिँडेछ । यस्तै गरी केटो अगाडि बढ्दै जानेक्रममा एउटा खोलोमा भयङ्कर अजिंगर हल्लिएर बसेको भेटेछ । अजिङ्गर धेरै वर्षसम्म बाँचेको कारणले बुढो भएको रहेछ । अजिङ्गरले पनि आफू स्वर्ग जान नपाएको कारण पूर्वको देवतासँग सोधेर आउन भनी त्यो केटालाई भनेछ । खोलो तरेर जान नसक्ने रहेछ । अजिङ्गरको समस्या देवतासँग सोधिदिने शर्तमा अजिङ्गरले खोलो छेकि दिएछ र त्यो केटो खोलो तरेर गएछ । जाँदा जाँदा धेरै दिनपछि केटोले देवतासँग भेट गरेछ आफ्नो सहित चारवटा समस्या थिए । कसको वारेमा पहिला सोध्ने भन्ने कुरामा केटोलाई द्विविधा भएछ । आफ्नो समस्या पछि सोध्ने अरुको समस्या पहिला सोध्ने अठोट गरेछ । अजिङ्गर लोभी भएको र मणि कसैलाई नदिएको कारणले स्वर्ग जान नपाएको रहस्य देवताले बताए । फलफूलको रुखमुनि जमिनमा असर्फी गाडेर राखेको र त्यही असर्फीको तापले फलफूल नफलेको कुरा देवताबाट भएछ । लाटी केटी विवाह योग्य केटो भेटेपछि बोल्ने कुरा देवताबाट केटोलाई व्यक्त भयो । केटो फर्किएर आयो । अजिङ्गरले पानी धमिलो पारेका रहस्य पत्ता लगाएर आफ्नो प्रश्न नगरेर फर्कियो । अजिङ्गर लाई आएर मणि आफैँलाई दिएमा स्वर्ग जाने कुरा वतापछि अजिङ्गरले मणि केटोलाई दियो र तुरुन्त देहत्याग गर्‍यो । खोलो सदाको लागि सङ्लो भयो । मणि लिएर केटो फलफूलको बगैँचा भएको घरमा आयो र असर्फी गाडेको कारणले फलफूल नफलेको रहस्य बताएपछि असर्फी खनेर लैजान आदेश दियो मणि असर्फी लिएर लाटी केटी भएको घरमा आयो केटी लाटी भएपनि सुन्दरी भएकोले उसैले

विहे गरेछ । विहेपछि लाटी बोल्न थालिछे । यसरी वुद्धि पुऱ्याएर कर्म गरेकोले अत्यन्त धनी बनेर घरजम गरी आमा, छोरा र बुहारी बसेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- गंगा वि.क.**

**हर्नामाडी-९, बडकुले, वर्ष:- ५५**

## कथा सं.: ७
## शीर्षक : छुच्ची स्वास्नी, ज्यानमारा ढिकी

धेरै अघिको कुरा हो । कुनै गाउँमा श्रीमान् श्रीमती बस्दथे । श्रीमान् अत्यन्त इमान्दार थियो पाहुनापासा इष्टमित्र सबैलाई अत्यन्त असल व्यवहार गर्थ्यो । पाहुना घरमा आए भने के खुवाउँ, कसो गरौं, कसरी सत्कार गरौं भन्ने कुरामा चिन्तित हुन्थ्यो । सरसापट, ऐंचो पैंचो गरेर लाज ढाक्थ्यो । श्रीमती भने छट्टु स्वभावकी थिई । नभएको कुरालाई पनि हो जस्तै गरेर पाहुनालाई भगाउने काममा निकै सिपालु थिई ।

एक दिन घरमा पाहुना आएछन । पाहुनाको सत्कार गर्नुपर्छ भनेर लोग्ने चाहिँ श्रीमतीलाई धान कुट्न लगाई कुखुरा खोज्न गाउँतिर गयो । स्वास्नी चाहिँ रुँदै रुँदै ढिकी कुट्न थाली । पाहुनालाई आपत पऱ्यो । के भयो हजुर श्रीमानको त पाहुना कुट्ने बानी छ । गाउँका मान्छे बोलाएर पाहुना कुटी कुटी लघार्छन् भनेर पाहुनालाई ढाँटी । यति सुनेपछि पाहुना त्यहाँबाट भागेछन् । पाहुना हिँड्ने बित्तिकै लोग्ने चाँहि कुखुरा बोकेर आयो र पाहुना खोइत भनेर प्रश्न गऱ्यो । ढिकीको मुसल मागे मैले दिइन त्यसैले उनीहरू रिसाएर हिँडे भनेर स्वास्नी चाहिँले जवाफ दिई । हत्त न पत्त मुसल खोलेर लिनुस हजुर मुसल लिनुहोस भन्दै पाहुनाको पछि-पछि दगुऱ्यो । स्वास्नी चाहिँले भनेको कुरा सत्य रहेछ । नभन्दै लाठो लिएर पो लखेट्दै छ, भागौं भनेर पाहुनाहरू कुलेलाम ठोके । लोग्ने चाँहि निराश भएर फर्कियो ।

अर्को दिनको घटना हो । स्वास्नी चाहिँ ढिकी कुट्दै थिई । ढिकीको ढिकिल्च्याउँ आवाज एकनास श्रीमानले सुनिरहेको थियो । यो ढिकीले के भनिरहेछ सुन त भनेर स्वास्नीलाई सोध्यो । ढिकीले त लोग्ने खाउँ भन्छ भनेर सुनाई । लोग्ने चाँहिलाई औधी रिस उठ्यो । ढिकी खोलेर भिरबाट खसाल्छु भनेर मुसल सहितको ढिकी बोकेर गयो । भीरबाट ढिकी

फ्याँक्न खोज्दा मुसलले सोरेर उसैलाई समेत भीरबाट खसाल्यो र लोग्ने चाँहिको देहावसान भयो । लोग्नेको मृत्युपछि स्वास्नी पश्चातापमा डुबी ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- बखान सिंह परियार**

**हर्नामाडी- ९, वर्ष :७५**

**कथा सं. : ८**

## शीर्षक : बुद्धिको प्रतिफल

एकादेशमा एकजना राजा थिए । राजा सबैको प्रिय थिए । सबै जनताहरू खुसीका साथ बस्दै थिए । तर जनताहरूलाई दु:ख दिएर २ वटा राक्षस उपद्रो मच्चाएर बस्न थाले । यो कुराले गर्दा राजालाई पनि नराम्रो लागिरहेको थियो । त्यसैले राजाले उक्त राक्षस मार्नेलाई छोरी सहित आधा राज्य पनि दिने घोषणा गरे । त्यसै देशमा कुमार नाम गरेको दमाही पनि बस्दथ्यो । एकदिन कुमारले आँप किनेर ल्याएको थियो । आँप पाकेको हुनाले झिँगा भन्किरहेको देख्यो । यो देखेर उसलाई धेरै रिस उठ्यो र सिलाईरहेको कपडाले झिँगा मार्‍यो । हेर्छ त त्यहाँ ७ वटा झिँगा मरेको रहेछ । यो देखेर उसलाई गजब लागेछ र एकै चोटमा ७ ज्यान खतम् भनि लेखेको कपडाको पेटी लगाएर हिड्न थालेछ । एकजनाले कुमारको पेटी देखेछ र यसले नै त्यो राक्षसलाई मार्न सक्छ भनी राजाकहाँ लग्यो । राजाले उक्त व्यक्तिलाई भने यदि तिमीले २ वटा राक्षस मार्‍यौ भने भनेको बमोजिम कुराहरू दिन्छु भनेर वाचा गरे । त्यस पछि कुमार राक्षस मार्न भनी त्यहाँबाट हिड्यो । जाँदा जाँदा धेरै पर जंगलमा पुगेपछि एउटा राक्षससँग उसको भेट भयो । यस भन्दा अगाडि उसले भिजेको रुमाल र चरा झोलामा हालेको थियो । भेट हुने वित्तिकै राक्षसको आँखा कुमारको पेटीमा पर्न गयो । राक्षसले आफूलाई मार्ने भयो भनी केही डरायो । यसलाई मीत लगाउनुपर्‍यो भनी राक्षस कुमारसँग कुरा गर्न थाल्यो । कुराको शिलशिलामा कुमारले भन्यो । ढुङ्गालाई सबै भन्दा माथि कसले पुर्‍याउन सक्छ । यो कुरामा राक्षस म पहिला गर्छु भनि अघि सर्‍यो । राक्षसले थोरै बल लगाई ढुङ्गा माथि फाल्यो । केही बेरपछि ढुङ्गा तल झर्‍यो । अब कुमारको पालो आयो । कुमारले ढुङ्गा टिपे जस्तो गरी राक्षसको आँखा छली झोलामा ल्याएको चरा उडाइदियो। उडेको चरा के तल झर्थ्यो र ? राक्षसचाहीँ ढुङ्गा तल झर्ला कि

भनेर हेरेको हेऱ्यै भयो । राक्षसलाई कुमार कुनै चमत्कारी झै लाग्यो फेरी कुमारले अर्को अड्को थाप्यो । कुरा के भने ढुङ्गाबाट पानी निकाल्नु पर्ने थियो । पहिले जस्तै यो कुरामा पनि राक्षस अघि सऱ्यो । र एउटा ढुङ्गा लिई बल्ल बल्ल २ थोपा पानी चुहायो अब कुमारको पालो आयो । यसपटक पनि आवश्यक चलाखी देखाई ढुङ्गा लिए जस्तो गरी राक्षसको आँखा छलेर भिजेको रुमाल निचरी धेरै पानी चुहाएर देखायो । राक्षसले कुमारको चलाखी थाहा नपाएर अब भने यो मलाई नै मार्ने भयो भनी राक्षसलाई पक्का पक्कि भएपछि कुमारलाई मीत लगाउँ भनी सहमत गरायो र घरमा लिएर डिँड्यो । जाँदा जाँदा बाटोमा एउटा ठूलो रुख ढलेको रहेछ । राक्षसले कुमारलाई भन्यो दुवैमिलेर पन्छाऔँ । कुमारले पनि सहमति जनायो र आफू हाँगापटि बोक्छु भन्यो । कुमार बाठो थियो त्यसैले यसपटक पनि राक्षसलाई छक्काएर रुख बोके जस्तो गऱ्यो तर राक्षसले चाल पाएन । रुख पन्छाइ सकेपछि हिँडेर दुवै राक्षसको घर पुगे । घरमा अर्को राक्षस कुरेर बसिरहेको थियो । मीत लगाइसकेपछि राक्षसहरूले कुमारलाई मीठो मीठो खानेकुरा दिई सुत्ने ठाउँको बन्दोबस्त गरिदियो र दुई राक्षस सुत्न गए । कुमारलाई राक्षसले मार्छ कि भनेर शङ्का लागिरहेको थियो । त्यसैले राक्षसको चियो गर्न गयो नभन्दै राक्षसहरूले कुमारलाई झिरले रोपेर मार्ने योजना बनाए । कुमारले यो थाहा पाउने बित्तिकै शिरकलाई मान्छे जस्तो बनाई राखेर आफू चाँही रुखमा चढ्यो । राक्षसले शिरकलाई कुमार सम्झी झिरले रोप्यो र भोलिको खाना हुन्छ भनी त्यस दिन सुते । भोलिपल्ट हेर्दा त्यहाँ कुमार थिएन । यो पल्ट पनि राक्षसहरूले कुमारलाई धेरै खोजे तर पाएनन् र थकित भई रुखको छहारीमा पल्टियो । संयोगवश कुमार पनि त्यहीँ रुखमा चढेको रहेछ । रुख चढ्ने बेलामा कुमारले ढुङ्गा पनि बोकेको रहेछ । पालैपालो दुईवटै राक्षसलाई हिर्कायो र झगडा बनाइदियो । राक्षसहरू झगडा गर्दागर्दै पिटापिट पनि गर्न थाले । यसरी धेरै झगडापछि दुवै राक्षस मरे र कुमारले दुवैको टाउको काटी राजा समक्ष प्रस्तुत गऱ्यो । राक्षस मरेको थाहा पाएपछि सबै जना लगायत राजा पनि औधी खुसी भए । अन्त्यमा राजाले आफ्ना वाचा पुरा गरे र सबै जना खुसीसाथ बसे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- हरिप्रसाद खतिवडा**

**हर्नामाडी-७, विरुवाडाँडा, वर्ष: ६५**

**कथा सं.: ९**

**शीर्षक : संयोग**

धेरै अघिको कुरा हो । कुनै गाउँमा एक व्यक्ति वस्थ्यो, उसको स्वास्नी माइत गइछे । धेरै दिन माइतै बसेकोले लोग्ने लिन भनेर गएछ । ससुराली पुग्दा रातपरेछ । के गर्न लागेका रहेछन् भन्ने सोचेर ससुरालीको करेसामा बसी चियो गर्न थालेछ । आमा छोरी मिलेर सेल पकाउन थाले । उनीहरूले जति पल्ट सेल हाल्छन् उति पटक सिन्का भाँचेर राख्दो रहेछ । आधा रातसम्म सेल पकाए । उसले पनि जतिवटा रोटी पाक्यो उतिवटा सिन्का भाँचेर राख्यो । उज्यालो भयो विहानै ससुराली आएको वाहना गऱ्यो । ज्वाइँलाई सेलरोटी खान दिएर सासूले स्वागत गरिन । सेल खाने क्रममा कतिवटा रोटी पकाउनु भयो त्यो सबै आफूलाई घरमै वसेर थाहा भएको कुरा व्यक्त गऱ्यो । बेलुका पकाएको रोटी र ज्वाइँले बताएको रोटीको सङ्ख्या मिलेपछि ज्वाइँ त ज्योतिषी रहेछन भन्ने हल्ला गाउँभरी पिटाई । गाउँमा एउटाको घोडिनी हराएछ उसैलाई देखाउनु पऱ्यो भनेर गाउँले आए । उसले एक दिनको भाका माग्यो मनमा डर भइरहेको थियो । कसरी घोडा पत्ता लगाउने भन्नेमा चिन्तित भयो । दिसा बस्न उखु बारीतिर गयो । घोडा उखु बारीमा ब्याएर बसेको रहेछ । त्यो मान्छे अत्यन्त खुशी हुँदै फर्कियो । विहान नुहाइ ध्वाई गरेर मन्त्र जप गरे जस्तो गऱ्यो । घोडा उखु बारीमा ब्याएर बसेको छ लिन जानुहोस् भन्यो । नभन्दै सबै मानिसहरू उखु बारीतिर गए । घोडा साँच्चै ब्याएर बसेको रहेछ गाउँलेहरूले उसलाई धेरै सम्मान गरे । धेरै सिपालु ज्योतिषीको रुपमा चर्चित भयो ।

त्यसै देशको राजालाई यो कुराको निकै चासो भयो । राजाको दरवारमा दिनहुँ जस्तै वहुमूल्य गरगहना हराउँथ्यो तर चोर पत्ता लाग्दैनथ्यो । उही घोडा पत्ता लगाउने ज्योतिषीलाई दरवारमा ल्याउन लगाए । हिराको गरगहना हराएको रहेछ । पत्ता लगाएमा मन्त्री पद दिने तर पत्ता लगाउन नसकेमा नजरबन्द गरी जेल हाल्ने राजाबाट हुकुम भएपछि त्यहाँ पनि उसले एक दिनको समय मागेछ । रात पऱ्यो । बडो सम्मानका साथ खान्पिन् गराएर सुत्नको लागि आग्रह भयो । रातभरि निदाउन सकेन । वेसुरमा बरबराउन थालेछ । सिन्का भाँची भाँची ज्योतिषी भएँ, उखुबारी गएँ घोडा भेटाएँ, आयो निदरी तेरै काल भनेर अर्धनिद्रामा फलाकेछ । दरवारमा काम गर्ने एक नोकर्नीको नाम निदरी रहेछ । उसैले हिराका गहना चोरेर भुसमा गाडेकी रहिछ । दाइ कसैलाई नाम नभन्दिनु मैले भुसमा गाडेर राखेको छु । मेरो ज्यान जान्छ । तपाइँलाई म सुटुक्क देखाउँछु” भनेर नोकर्नीले नरम भएर बताइछे । उसलाई के खोज्छस कानो आँखो भयो । आनन्द सँग निदायो । बिहान सभाको माझमा बसेर जोखाना

हेरेझैँ गरेर गहना भुसमा गाडेर राखेको कुरा बतायो । हेर्दा भुसमै रहेछ । परिवन्दले झन खाँटी ज्योतिषी बनेर ख्याति प्राप्त गऱ्यो । राजाले मन्त्री बनाए । आनन्दसँग दरवारमा मन्त्री बनेर जीवन विताउन थाल्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- साने तिरुवा**

**हर्नामाडी - ३, दोभानचौर, वर्ष : ६१**

## कथा सं.: १०

## शीर्षक : जस्तालाई त्यस्तै ढिँडालाई निस्तै

एकादेशमा दुईजना दाजुभाइ थिए । दाजु अलि सोझो थियो भने भाइ चाँहि चलाख थियो । एक दिन दाजु चाहिँ पैसा कमाउन भनेर घरबाट हिँडेछ । जाँदा जाँदा रात पऱ्यो । वास बस्न भनेर एउटा घरमा गयो । अरु घरहरू थिएनन् । बाघ भालुको डर, अधेंरी रात वास त वस्नै पऱ्यो भनेर बास माग्यो । त्यस घरमा बुढाबुढी मात्र रहेछन् । बास बस्नेलाई सर्त मानेमा मात्र बास दिँदा रहेछन् । सर्त नमानी सुख्खै पाइँदो रहेनछ । दुई माना पिठो पानीमा घोलेर काँचै पिउनु पर्ने र दिसा गर्न नपाउने । दिसा गरेमा पासमा भएका सबै पैसा दिनुपर्ने सर्तमा वास दिए । उसले पनि सर्त स्वीकार गर्नै पर्थ्यो र गऱ्यो पनि । काँचो पीठो खाएर केटो सुत्यो । मध्यराततिर वेस्सरी पेट दुख्यो । मझेरीभरी दिसा गरिदियो । बुढाबुढीले पैसा असुले । धनकमाउन भनी हिँडेको दाजु धोकामा परेर घर आयो र वेलिविस्तार भाइलाई बतायो भाइचाहिँ चतुर थियो । बदला लिने उद्देश्यले भाइ हिँड्यो । त्यही घरमा पुग्यो । उनीहरूको सर्तलाई स्वीकार गरी वस्यो । दुईमाना काँचो पिठो खाएर सुत्यो । राती पेट दुख्न थाल्यो । दिसा तीव्रताका साथ लाग्यो । दिसा गऱ्यो भने जरिवाना पर्छ भन्ने सोचेर अँध्यारोमा छाम्दै गयो अँगेनु भेट्यो । खरानी खोस्रेर दिसा गरी छोपी दियो । केही क्षणपछि फेरि दिसा लाग्यो । गाग्री भेट्यो त्यसैमा दिसा गऱ्यो र छोपेर राख्यो । हुक्का भेट्यो हुक्कामा पनि दिसा गऱ्यो । दहीको ठेकी भेट्यो । दही जति खाएर त्यसैमा दिसा गऱ्यो । खोपामा व्याग भरी चेन लगाएर पैसा राखेको भेट्यो । पैसा झिकेर व्यागमा पनि दिसा गऱ्यो र चेन लगाएर राख्यो । यतिकैमा उज्यालो भयो । बुढाबुढी आउँदा कहीँ दिसा देखेनन् । केटो घर हिँड्यो । बुढाले बुढीलाई तमाखु भर्न लगायो । बुढीले आगो खोस्री हातभरी दिसैदिसा लाग्यो । ए बुढा बर्बाद गरी हालेछ नी भनेर बुढीले भनी । हात धुनु पऱ्यो भनेर पानी सारी त्यहाँ पनि दिसा, आपत पऱ्यो । गाउँमा गएर आगो ल्याई । आगो फुकेर तमाखु बनाएर दिई । स्वाट्ट तान्दा मुखभरी दिसा आयो । बुढो रिसाएर आगो भयो । मुख खकालेर दही खान पऱ्यो भनी ठेकीबाट दही सान्यो । त्यहाँ पनि दिसा । एउटै भाँडो खाली नभएपछि बडो रिसले चुर भई ब्याग

बोकेर केटोलाई खोज्न भनी घरबाट निस्क्यो । बाटोमा भोक लाग्यो । दोकानमा खाजा खायो पैसा दिनु पर्‍यो भनेर ब्याग खोल्दा दिसैदिसा ओइर्‍यो । पसलेले पैसा दिन पर्दैन यहाँबाट भाग भनेर लखट्यो । 'बुढो दिक्कियो' अरुलाई खनेको खाल्डोमा आफैं परिदो रहेछ भन्ने सोचेर कसैलाई नठग्ने बाचा गर्दै बुढाबुढी बसेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- पुङ्के दियाली**

**हर्नामाडी- ३, दोभानचौर, वर्ष : ६२**

## कथा सं.: ११

## शीर्षक : बहिरा बहिरी

हर्नामाडी गा.वि.स.को फुर्केचौरमा बहिरा बहिरी थिए । श्रीमान, श्रीमती, सबै बहिरा थिए । एटटा कुरा गर्‍यो अर्कै कुरा सुन्थे । एक दिनको कुरा हो, छोरो खेतमा जोत्न गएको थियो । त्यही बाटो गरेर दुईजना मानिस आएछन् रे । दाइ चिसापानी जाने बाटो कताबाट हो भनेर जोतिरहेको मानिसलाई सोधेछन । यति राम्रो हल मिलेको गोरु बेच्दिन भन्ने उत्तर दिएपछि ती दुईजना बाटो लागेछन् । एकछिनपछि स्वास्नी चाहिँ खाजा लिएर आइछे । गोरु अड्याएर खाजा खानलाई आयो र गोरु बेच्ने हो भनेर सोधेका थिए बेच्दिन भनिदिएँ भनेर स्वास्नीलाई सुनाउँदा तिम्रै आमाले बनाएको खाजा त हो नी खाए खाउ नखाए नखाउ भनेर स्वास्नी चाँहि खाजा छोडेर हिँडी । घर आएर रुन थाली । रोएको सुनेर सासूले के भयो भनेर सोधी खाजा नमिठो भनेर तपाइँको छोराले गाली गरे नरोए के गर्नु त भनी अहिले भर्खर जोत्न गएको छोरो मर्‍यो पो भन्न आउँछे ए यो, भनेर सासूले हकारी । हैन के भयो भन्दै ससूरा आइपुग्यो । हेर्नुस्न भरखर जोत्न गएको छोरो मर्‍यो पो भन्न आउँछे बुहारी त, भन्दा बुढाले यो उमेरमा तेरी आमाले सख्खर चोर दोष लगाउँछे भनी छोरीलाई सुनाउँछ । आफू सरहको साथीका बिहे भइसक्यो मेरो बिहे चाहिँ गरे गर, नगरे नगर भनेर त्यहाँबाट टिम्केर हिँडी ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- ठूलीकान्छी वि.क.**

**हर्नामाडी - ५, वर्ष : ६०**

## कथा सं :- १२

## शीर्षक : हराएको जुलिनी

एकादेशमा एक राजा थिए । उनका तीन छोराहरू निकै चनाखो थिए । एक दिन राजकुमारहरू अर्कै देशमा जाने सुरमा प्रस्थान गरेछन् । जङ्गलको बाटो थियो । डिँड्दै जानेक्रममा तिनीहरूले मानव पाइलाहरू भेटे । ती चार राजकुमारहरूले पाइलाहरूको विषयमा तर्क वितर्क गर्न थाले । एउटा भाइले जुलेनीको पाइला हो, किनकि पाइलामा बुढी औंला निकै फाटिएको छ । अर्को भाइले कुनै देशबाट भागेको मानिस हो कनिकि ठाँउ ठाँउमा पाइलाहरू फर्किएका छन् । फर्कदै पछाडि हेर्दै भागेको मानिसको पाइला नै हो भनेर तर्क गऱ्यो । कान्छो भाइले पाइलाको अगाडि हातको पनि डोब भएकोले गर्भिणी महिलाको पाइला हो । किनकि गर्भिणी महिला पिसाब गरेर उठ्दा हात टेकेको हो भन्ने प्रमाण पेश गऱ्यो । एक अर्कामा पाइलाको बारेमा छलफल गरिरहेका थिए ।

जुलिनी भागेर हिडेकी थिइन् । उसको खोजी गर्न प्रहरीहरूलाई अह्राइएको थियो । कहाँ गई भन्ने सन्दर्भमा छुट्याउन सकिएको थिएन । ती प्रहरीहरू जुलिनी खोज्दै आउने क्रममा राजकुमारहरू भएका ठाउँमा आए । जुलिनीको खुटखवर दिनेलाई मन्त्री बनाएर राख्ने हुकुम भएको छ, पत्ता लगाउन सक्ने भए हिँड भनेर ती राजकुमारहरूलाइ राजा कहाँ पुऱ्याए । राजकुमारहरूले क्रमश आफ्नो तर्क राखे । बुढी औंला फाटेको पैतालाका पाइला भएकोले जुलिनी नै हो । पाइलाहरू ठाउँ ठाउँमा फर्कीएको हुनाले भागेको हो र बसेर उठ्दा हात टेकेको डोब हुनाले त्यो महिला गर्भिणी हो । जंगलको बाटो भएर अगाडि बढेको देखिन्छ । खोज्दै जादाँ भेटिन्छ भनेर राजकुमारहरूले भने । राजकुमारहरूले दिएको तर्कसँग सम्पूर्ण कुरा मिलेकाले राजाले राजकुमारहरूलाई मन्त्री बनाएर अनुसन्धान विभागको जिम्मेवारी दिएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- अष्ट बहादुर गोले**

**हर्नामाडी - १, बेलघारी, वर्ष : ६५**

## कथा सं. १३

## शीर्षक : चट्टु र छट्टु

एकादेशमा एउटा सानो गाउँ थियो । त्यस गाउँमा चट्टु नाम गरेको मानिस थियो । उ धेरै चलाख थियो । त्यसै समयमा दशैं आगमन भयो । चट्टुको परिवारको ठूलो भएकोले दशैं मान्नको लागि उसले एउटा उपाय अपनायो । एक पाथी जाने हर्पेमा सातमाना गोबरहाली त्यसमाथि एकमाना घ्यू हालेर बेच्न भनी घर बाट हिँडेछ । हिँड्दा हिँड्दै बाटोमा एउटा

तरवार बेच्न भनी हिँडेको छट्टु नाम गरेको एक व्यक्तिसँग चट्टुको भेट भएछ । तरबार बेचुवा र घ्यू बेचुवाको गफ भएछ । र चट्टुले सोच्यो मेरो यो एक माना घ्यू त हो नि यसलाई यो घ्यू दिएर यसको तरवार हातपार्न पाए राम्रो हुन्थ्यो भन्ने चट्टुले सोच्यो र छट्टुको पनि त्यहि विचार थियो । चट्टुले भन्यो म सँग एक पाथी घ्यू छ । तिमी सँग तरवार रैछ हामी दुइजनाको माल एक आपसमा साटौं भनी उनिहरू दुइजनाको सल्लाह मिली साटासाट गरेर चट्टु आफ्नो बाटो लाग्यो र छट्टु पनि सातमाना घ्यू पाएँ भन्ने ठानेर मख्ख पर्दै बाटो लाग्यो । केही पर पुगेपछि चट्टुले यस्तो राम्रो तरबारले कतिसम्म रुख काट्दो रहेछ भनी हेर्दा तरबार कागतको दुई टुक्रा भयो र उता छट्टुले पनि कतिको राम्रो घ्यू रहेछ हेर्नु पऱ्यो भनी हेर्दा तल गोबर र माथि घ्यु रहेछ । चट्टुले सोच्यो छट्टुले मलाई फसाएको रहेछ भन्ने लागेर चट्टुको खोजिमा हिड्यो । पहिले माल साटासाट गरेको ठाउँमा पुग्दा छट्टु पनि त्यही आईपुग्यो र दुबैजना भेटेपछि ओहो मीत ज्यू हामी दुई जना बराबरका रहेछौं । अब हामी दशैंको लागि पैसा कमाउन विदेशतिर लागौं जति कमाएको सम्पत्ति आधाआधा भाग लगाऔंला भनी दुवैजना बाटो लागे । जाँदा जाँदा एक ठाउँमा एक महाजनको मृत्यु भएको रहेछ । उसको एउटा छोरो रहेछ । त्यही मौका पारी चट्टु र छट्टु गएर अलापविलाप गरी रुन थाले । महाजनको छोरालाई अचम्म लाग्यो र छट्टुलाई सोध्यो तिमी केलाई रोएको तिमी को हौ ? छट्टुले जबाफ दियो अहिले मर्ने महाजन मेरो बुबा हो भन्दा महाजनको छोरालाई अचम्म लाग्यो र महाजनको छोरोले भन्यो मेरो बुबाको छोरो भए मेरो बुबाले त पहिले तिम्रो बारेमा केही पनि भन्नु भएको थिएन । तैपनि छट्टु अलाप विलाप गरी रोएको देखेर महाजनको छोरालाई दयालाग्यो र उसले भन्यो तेह्र दिनको काम सकेपछि तिम्रो साक्षी को छ भनेर छट्टु लाई सोध्यो र छट्टुले भन्यो यो संसारमा बुबा र आमा बाहेक साक्षी अरु कोही पनि छैन भनी छट्टुले भन्यो । तेह्र दिनको दिनमा मसानघाटमा गएर सोध्यो भनी आफ्नो मरेको व्यक्ति बोल्छ भन्ने चलन छ भनेर छट्टुले भन्यो र दुवैजना मसानघाट पुगी छट्टुले सोध्यो हे पिता मेरो यो संसारमा सुनिदिने कोही भएन । तपाई आफै भनी दिनुस् बोलिदिनुस् भनेपछि पहिले मसानघाटमा गएर बसेको चट्टु बोल्यो । छट्टु भन्ने व्यक्ति मेरो छोरो हो यसलाई तैले आधा सम्पति दिनु भनेर चट्टुले बोलेपछि महाजनको छोराले आफ्नो पिता बोलेको भन्ने ठानेर सम्पत्ति भाग लगायो र छट्टुलाई एउटा चादिँको कचौरा पनि भागमा परेछ । छट्टु आफ्नो भागमा पाएको सम्पत्ति लिएर जाँदा छट्टु लाई चट्टुको यादै भएनछ र उता चट्टुले सोचेछ छट्टुले आफूले पाएको सम्पत्ति लिएर हिडिसके छ भन्ने ठानेर चट्टुले एउटा जाल गर्ने विचार गऱ्यो । एउटा सहरमा गई एकजोर जुत्ता किनेछ एउटा जुत्ता केही

ओरै छाडी दिएछ र अर्को जुत्ता अलि पर छाडी दिएछ छट्टु पनि त्यही बाटो हुँदै आएछ र उसले एउटा जुत्ता ओरै देखेछ र उसले सोच्यो एउटा मात्र जुत्ता के काम भनी छोडेर हिँडेछ अलि पर पुग्दा अर्को जुत्ता पनि भेटेछ उसलाई त्यस जुत्ताको लोभ लागी सम्पत्ति त्यस ठाउँमा राखि पहिलेको जुत्ता लिन गयो चट्टुले त्यस मौका पारी छट्टुले ल्याएको सम्पत्ति लिएर गयो र छट्टु त्यस जुत्ता लिएर आउँदा आफ्नो सम्पतिको भारी नदेख्दा यो पक्कै पनि चट्टुको जाल हो भनी छट्टु चट्टुको खोजिमा डिड्यो केहि पर पुगेपछि छट्टुले चट्टुलाई भेट्यो र चट्टुलाई छट्टुले सोध्यो र चट्टुले जवाफ दियो म पनि मसानघाटमा एक्लै बास बसेको हुँ मलाई पनि आदि सम्पत्ति चाहिन्छ भनी चट्टुले भन्यो र छट्टुले आदि सम्पत्ति दियो तर चाँदिको कचौरामा बिवाद पऱ्यो चट्टुले भन्यो म एक्लै मसानघाटमा सुतेँ मलाई मलाई भन्यो तर छट्टुले पनि भन्यो म पनि तेह्र दिन सम्म नुन पानी नखाई बसेको छु यो कचौरा मलाई भनेपछि चट्टुले भन्यो तिमीलाई त बरु कुर्ने मान्छे धेरै हुन्छन् मत मसानघाटमा एक्लै बसेँ त्यसैले मलाई चाहिन्छ भनी वादविवाद गर्दा गर्दै एउटा महाजनको घरमा बास बस्न पुग्छन् । खानपिन गरेर सुत्न भनी गए दुबैजना र चट्टुले करौरा चोर्ला भनेर छट्टुले कचौरामा पानी हाली छातीमा राखी सुत्यो किनकि उठाएर लैजाँदा पानि पोखिई थाहा पाउने हुनाले उसले त्यसो गरेको थियो तर छट्टु र चट्टु भन्दा पनि त्यो महाजन एकदम बाठो रहेछ र महाजनले तमाखु खाने पाइपले कचौरामा भएको पानी सबै तानेर फ्याँकिदियो र कचौरा महाजनले लिएर गयो । बिहान उठ्दा दुबैजना जिल्ल पऱ्यो र अरु बाँकी सम्पत्ति भाग लगाई आ-आफ्नो बाटो लागे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक:- रामशरण लामिछाने**

**हर्नामाडी - ३, दिवाती, वर्ष : ६१**

## कथा सं. :- १४

## शीर्षक : तोरी फुले गाउँ, ज्वाइँ मेरो नाउँ

एक जमानाको कुरा हो । दुई जना आमा छोरी थिए । उनीहरूको गाउँ भन्दा पारिपटि ठूलो सहर थियो र उनीहरू बजार जान लागेको रहेछन् । त्यही बेला एक जना युवक आयो र उनीहरूलाई भने तपाईहरू कहाँ जान लागेको भनेर सोध्यो । आमा र छोरीले बजार जान लागेको भने । उनीहरूको नजिक ठूलो खोला थियो र उनीहरूले हामीलाई यो खोला तारी दिनु भनिन् र युवकले हुन्छ भन्यो र आमालाई यहाँ बस्नु भन्यो उसले छोरीलाई

खोलातारी दिन लाग्यो र त्यति बेला आमाले भनिन बाबु तिम्रो नाम के हो र तिम्रो घर कहाँ हो ? युवकले तोरी फुले गाउँ, ज्वाइँ मेरो नाउँ भनेर जवाफ दियो, युवकले छोरीलाई खोला तारी दियो र युवकले छोरीलाई लिएर भाग्यो ती बुढि आमा अलाप-विलाप गर्दै कराउन थालिन ज्वाइँले मेरो छोरी लग्यो भनेर कराइन् । अरूले के भयो भनेर सोधे । आमाले ज्वाइँले छोरी लग्यो भनिन् । ठिक भो ठिक भो भनेर जवाफ दिए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक:- सुन्तली बिष्ट**

**हर्नामाडी-४, मकवानपुर, वर्ष : ७८**

## कथा सं. १५

## शीर्षक : परिबन्द

कुनै समयको कुरा हो । एकजना अत्यन्त सुन्दर युवक सहरतिर घुम्न भनेर निस्किएछ कोट प्यान्ट, टाइ सुटमा सजिएको त्यो केटो निकै रहर लाग्दो देखिन्थ्यो । सहर पुग्नु अघि ठूलो नदी तर्नु पर्दो रहेछ । डुङ्गाको सहायताबाट नदी तरेर जाने क्रममा एक युवतीसँग उसको भेट भयो । बाटो भरि गफगाफ हुँदै गयो । युवतीले युवकलाई मन पराउन थाली । प्रेमको प्रस्ताव राखी, बिहे गर्छु भनी । युवकविना बाँच्दै बाँच्दिन भनेर जिद्दी गर्न थाली । केटीको कुरा सुनेर युवकले अस्वीकार गऱ्यो । आफ्नो विवाह भैसकेको बालवच्चा पनि भएको कुरा गरेर सम्झाउन थाल्यो । युवतीले भने युवकको सुन्दरतामा लठ्ठिएर कुनै कुरा सुन्न चाहिन । बाटो कटिदै थियो । युवकले हरतरह सम्झाउन प्रयास गऱ्यो तर असफल भयो । बालवच्च भएपनि बरु दासी भएरै बस्ने विचार प्रकट गरी तर युवक आफ्नो आदर्शमा अडिक रह्यो । विस्तारै युवतीको मन फर्कनुको साटो युवकको स्वरुपको इर्ष्या गर्न थाली र मन मनै युवकलाई फसाउने तरीका सोच्न थाली । अकस्मात आफ्ना कपडाहरू च्यात्न थाली आफैँले आफैँलाई भुत्ल्याउन थाली, कोतर्न थाली र बचाउ बचाउ भनेर कराई । मानिसहरूको भीड लाग्यो । होहल्ला मच्चियो । युवतीले युवकलाई बलात्कारको अभियोग लगाई । घटनाको प्रकृतिले पनि युवतीलाई साथ दियो । प्रहरीमा उजुरी पऱ्यो । युवक प्रहरी द्वारा समातियो । बलात्कार गरेको अभियोगमा युवकलाई फाँसी दिने निर्णय सुनाइयो । फाँसी स्थलमा लगेर अन्तिम इच्छा सोधियो । युवकले कोट खोलि दिन आग्रह गऱ्यो । कोट खोलि सकेपछि युवकलाई फाँसी दिने प्रमाणहरू सवै समाप्त भए । युवतीको षड्यन्त्रमा युवक फन्दामा परेको सत्यता पर्दाफास भयो । युवतीलाई प्रतिकारवाही गरियो किनकि युवकको दुवै हात थिएनन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक:- प्रतिमान वि.क.**

**हर्नामाडी- ७, वर्ष : ८५**

## कथा सं. १६

## शीर्षक : गुफाको देवता

एकादेशमा बुढाबुढी थिए । बुढो छट्टु स्वभावको थियो । बुढी भने सोझी थिइन । मेलापर्म गरेर जीवन चलाइरहेका थिए बुढाले भने जालझेल गरेर भएपनि खानेकुरा मिठै खान्थ्यो । आफ्नै घरको सदस्यलाई पनि झुक्याएर आफ्नो पेट भर्थ्यो । बुढीले जति दु:ख गरे पनि खान लाउनको समस्याले कहिले छोडेन । आर्थिक अवस्था कसरी सुधार हुन्छ भन्ने विषयमा बुढाबुढीको सरसल्लाह भयो । बुढाले भूमे देवताको पूजा गर्नु पर्छ भनेर उपाय निकाल्यो । मीठा परिकार बनाएर ओढारमा पूजा गर्नु पर्छ भन्ने सल्लाह दियो । बुढीले पनि उक्त उपायलाई स्वीकार गरी, बुढो बाठो थियो । पहिले नै ओढारमा गएर बस्यो । ओढार भित्र सम्म थियो । बुढीले खाने कुरा पकाएर ओढारमा लगेर पूजा गर्दै चढाउँदै आई । बुढोले भने ओढारमा बसेर चढाएको खाना खायो । निकै दिन बुढीले खाना पकाएर ओढारमा चढाई । मीठा परिकार खाएर बुढो मोटाउँदै गयो । मोटाएको रहस्य के रहेछ भनेर बुढीले बुढाको निगरानी गर्न थाली । एक दिन बुढाको पछि लागेर बुढी गुप्त तरिकाले हिंडी । बुढो ओडारमा गएर बस्यो । त्यो दृश्य बुढीले देखी । बुढाको नियत देखेर बुढी अत्यन्त रिसाई र ओढारमा आगो लगाइ दिएर बुढालाई दङ्ग्याइ । बुढो ओडारबाट निस्कियो र पश्चाताप गर्दै नराम्रो काम कहिल्यै नगर्ने भनी बाचा गऱ्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने बेला मुखमा आइजाला ।

**कथावाचक :- ठुलिमाया स्याङ्तान**

**हर्नामाडी- ४, एक्लेखेत, वर्ष : ६५**

## परिशिष्ट ख

## प्रश्नावली

**तपाईंको परिचय :-**

१. नाम : २. लिङ्ग :

३. उमेर : ४. पेशा :

५. शिक्षा : ६. वडा नं. :

७. टोल :

८. यो लोककथा कसबाट सुन्नुभएको हो ?

**प्रश्नहरू :**

क) तपाईले लोककथा भन्न सक्नुहुन्छ ? सक्छु/सक्दिन

ख) सक्नुहुन्भ भने भन्नुहोस् ।

ग) तपाईको आसपासमा लोककथा भन्न जान्ने अरु कोही हुनुहुन्छ ? हुनुहुन्छ/हुनुहुन्न ।

घ) छन् भने उहाँलाई कतिबेला भेट्न सकिन्छ ? बिहान/दिउँसो/बेलुका

ङ) यो गा.वि.स. मा सबैभन्दा बढी लोककथा भन्ने को हुनुहुन्छ ?

च) हुनुहुन्छ भने उहाँको नाम ठेगाना के होला ?

१. नाम : २. लिङ्ग :

३. वडा : ४. टोलको नाम :

# सन्दर्भग्रन्थ सूची


उपाध्याय, श्रीरामप्रसाद, **नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,** काठमाडौं रत्नपुस्तक भण्डार, २०६०

गिरी, गितु, **नेपालको इतिहास र संस्कृति,** काठमाडौं विद्यार्थी पुस्तक भण्डार, २०६१

गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन,** काठमाडौं: एकता प्रकाशन, २०५६

थापा, धर्मराज र सुवेदी, हंसपुरे **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं: पा.वि.के., २०४०

दिवस, तुलसी, **नेपाली लोककथा केही अध्ययन**, ललितपुर: साझा प्रकाशन, २०३३ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौं: एकता प्रकाशन, २०५८ ।

रिजाल, दामोदर, **अनुसन्धान प्रक्रियामा पादटिप्पणी र सन्दर्भसूचीको प्रयोग**, नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस चितवन: गोष्ठीपत्र, २०६७ ।

लामिछाने, कपिलदेव, **नेपाली लोकगाथाको अध्ययन,** ललितपुर साझा प्रकाशन, २०६४

लामिछाने, मनोहर, **लोकसाहित्य र संस्कृतिका केही पाटाहरु**, ललितपुर साझा प्रकाशन, २०६५ ।

शर्मा, मोहनराज र लुइँटेल खगेन्द्र प्रसाद, **लोकवार्ताविज्ञान र लोकसाहित्य,** काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०३३

शर्मा, नेपाल, वसन्तकुमार, **नेपाली शब्दसागर,** (चौ.सं) काठमाडौं भाभा पुस्तक भण्डार, २०६५ ।